# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक आख्यानकार पद्मराज जोशी 'प्रभात' र उनका आख्यानगत विशेषता रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्यको उद्देश्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली विषय स्नाकोत्तर तह द्वितीय वर्षको दसौ पत्रको प्रयोजनको लागि रहेको छ ।

## १.३ विषय परिचय

पद्मराज जोशी 'प्रभात' नेपाली साहित्य जगतका विशेषगरि आख्यानकारका रूपमा सुपरिचित नाम हो । वि. सं. २०१६ साल माघ ४ गते डोटी जिल्लाको पोखरी गा.वि.स.मा जन्मिएका 'प्रभात' बाल्यकाल देखि नै साहित्य क्षेत्रमा लागेर विद्यालय देखि जिल्ला सम्मका साहित्यिक प्रतियोगितामा भाग लिँदै अगाडि बढेका जोशी वि.सं. २०३७ सालदेखि भने 'हाम्रो देश नेपाल' नामक कविताबाट औपचारिक रूपमा साहित्यमा प्रवेश गरी हालसम्म पनि निरन्तर साधनारत प्रतिभा हुन् । आख्यानकार 'प्रभात'का हाल सम्मका प्रकाशित कृतिहरू 'नामसारी' कथा संग्रह (२०५७), गौरापर्व एक 'परिचय' (२०५९), 'सुदूरपश्चिमाञ्चलको समाज र लोकसंस्कृति एक झलक' (२०६४), पहाडकी सौराई 'उपन्यास' (२०६४), रहेका छन् । भने उनका थुपै कथा, कविता, निवन्ध, जीवनी, यात्रा संस्मरणजस्ता लेखहरू गरिमा, मधुपर्क, फूलबारी जनजीवन स्मारिका, समष्ठि, कैलाली संगम, कान्तिपुर लगायत विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यिनका कृतिहरू संस्कृतिक, धार्मिक, सामाजिक विषयबस्तुमा आधारित छन् ।

## १.४ समस्याकथन

नेपाली साहित्यका कथा, कविता, उपन्यास निबन्ध, जीवनी र यात्रा संस्मरणजस्ता सिर्जनशील विधामा विशिष्ट स्थानराख्न सक्षम हुनका साथै स्थानीय भाषिकामा समेत कथा, कविता, निबन्ध लेख्न सफल पद्मराज जोशी 'प्रभात' हुन । त्यसैले आख्यानकार पद्मराज जोशी 'प्रभात'को सामान्य परिचय, व्यक्तित्व, र आख्यानमा देखिएका विशेषताहरूको शोधकार्यको मुख्य छानविनमा निम्न समस्याहरू दिइएका छन् ।

(क) पद्मराज जोशी 'प्रभात'को जीवनी के कस्तो रहेको छ ?

(ख) पद्मराज जोशी 'प्रभात'को व्यक्तित्व कस्तो छ ?

(ग) पद्मराज जोशी 'प्रभात'का आख्यानगत विशेषताहरू के कस्ता छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य आख्यानकार पद्मराज जोशी 'प्रभात'को सामान्य परिचय, व्यक्तित्व, कृतिको सामान्य परिचय र मुख्यरूपमा उनका आख्यानमा देखिएका विशेषताहरूको अध्ययन र विश्लेषण रहेको छ ।

(क) आख्यानकार पद्मराज जोशी 'प्रभात' को जीवनी पहिल्याउनु ।

(ख) पद्मराज जोशी 'प्रभात'को व्यक्तित्वको सामान्य अध्ययन गर्नु ।

(ग) उनका आख्यानभित्रका विशेषताहरूलाई केलाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका पद्मराज जोशी 'प्रभात'ले कथा, कविता, उपन्यास निवन्ध, जीवनी र यात्रासंस्मरणजस्ता विविध क्षेत्रमा कलम चलाएका छन् । तर पनि निज साहित्यकारको अध्ययन अनुसन्धान गर्ने परम्परा अपेक्षित रूपमा मूल्याङ्कन नहुँदा प्रतिभाहरू ओझेलमा परेको देखिन्छन् । यस्ता सिर्जनशिल प्रतिभाहरूलाई अग्रपङ्क्तिमा ल्याई विस्तृत अध्ययन र अनुसन्धान गर्ने कार्य भएको देखिदैन । यसरी सिर्जनशिल व्यक्तित्वलाई अग्रपङ्तीमा ल्याउनु महत्वपूर्ण कार्य हो । त्यस्तै पद्मराज जोशी 'प्रभात' पनि नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिएका सु-परिचित व्यक्तित्व हुन । यिनका बारेमा केही जानकारी बाहेक अन्य कुनै अध्ययन, बिश्लेषण र मूल्याङ्कन हालसम्म भएको छैन । हाल सम्मका सामान्य अध्ययनको संक्षिप्त चर्चा प्रस्तुत गरिएको छ ।

(क) भाउपन्थले कथाकर पद्मराज जोशीका कथाहरू सुदूरपश्चिमाञ्चलका कथा परम्परामा थप पाइला २०५७ शीर्षकमा कथाकर पद्मराज जोशी 'प्रभात' सामाजका विकृति र विसङ्गतिलाई चिरफार गरेर देखाउन सफल सामाजिक यथार्थवादी कथाकर हुन । यस सामाजिक यथार्थलाई उहाँको राजनैतिक चेतले अन्तर्भेदी भएर हेर्न उत्प्रेरित गरेको छ भनेका छन् ।

(ख) नन्दराज पन्थले नामसारी कथा संग्रह (२०५७)को भूमिकामा जोशी डोटेली भाषा स्थानीय परिवेश चालचलनमा आधारित भएर कथा लेख्ने कथाकार भएकाले उनका कथा संग्रहले डोटेली साहित्यमा पनि योगदान पुऱ्याएको कुरा उल्लेख गरेका छन् ।

(ग) मनिराज जोशीले नामसारी कथा संग्रह (२०५७) को भूमिकामा जोशीको प्रतिभामा सदैव प्रभात नै रहने उदयोमान भई सुदूरश्चिमाञ्चल क्षेत्रको अभाव पूर्तिका रूपमा रहेको कथा विधामा सहयोग पुऱ्याएको कुरा बताइन्छ ।

(घ) कृष्णबहादुर श्रेष्ठले नामसारी कथा संग्रह (२०५७) मा शुभकामना प्रकट गर्दा पद्मराज जोशीलाई सुदूरपश्चिमाञ्चल साहित्यिक सांस्कृतिक आन्दोलनमा संलग्न साहित्यिकारका रूपमा चिनिएका छन् ।

(ङ) मोहन कोइरालाले गौरापर्व एक परिचय (२०५९)को शुभकामनामा यस कृतिको आध्यात्मिक आस्था जागृत गराई लौकिक परलौकिक मार्गमा लाग्ने वर्गमा सन्तुष्टि प्रदानगर्ने छ । साथै यो नेपाली ब्याङ्ग्यको एक कोसेढुङ्गा सावित हुनेकुरा बताएका छन् ।

(च) डा.तुलसी भट्टराईले गौरापर्व एक परिचय (२०५९) को शुभ-कामनामा प्रकट गर्दा गौरापर्वलाई सामाजिक एकता, मातृत्व, शान्ति, सदभव, एवं सह-अस्तित्वको प्रतिकको रूपमा लिनुपर्ने र यो नेपाली ब्याङ्ग्यमय आधारमा उपयोगी कृति सावित हुने इच्छा प्रकट गरेका छन् ।

(छ) डा. देविप्रसाद ओझाले सामाजिक स्वाभिमानको प्रतिक गौरा लोकपर्वको ग्रन्थ (२०५९) शीर्षकमा साहित्यका माध्यमबाट आफ्नो संस्कृतिक, धर्म, इतिहास र सामाजिक मूल्य र मान्यतालाई स्थापित गर्ने महान कार्यमा संलग्न रहेका नयाँ पिढिका सृजनशील ब्यक्तित्वका रूपमा पद्मराज जोशीलाई चिनाएका छन् ।

(ज) सुदूरपश्चिमाञ्चल सांकृतिक प्रबर्द्धन समितिले प्रकाशकीय (२०५७) शीर्षकमा ‘गौरापर्व एक परिचय’ कृतिले युवा पुस्तालाई समेट्ने गरी पर्वको सुन्दर भविष्यलाई सुनिश्चित गर्ने छ भन्नेकुरा गरेको छ ।

(झ) प्रशंसा संरक्षण समूहले प्रकाशकीय (२०५९) शीर्षकमा ‘गौरापर्व एक परिचय’ नामक कृतिले गौरापर्वका बारेमा जिज्ञासु सर्वसाधारणका लागि पनि उपयोगी सावित हुनेकुरा उल्लेख गरेको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली साहित्यका विविध विधामा कलम चलाउदै साहित्यलाई योगदान दिदै आएका पद्मराज जोशी ‘प्रभात’ का बारेमा आजसम्म पनि माथि उल्लेख भएका केही संक्षिप्त चर्चा परिचर्चा बाहेक विस्तृत अध्ययन अनुसन्धान हुनसकेको छैन । त्यसैले जोशी को जीवनी व्यक्तित्व र आख्यानका बारेमा सर्वप्रथम बिस्तृत, व्यवस्थित तथा सुनियोजित ढंगले तथ्यपरक अध्ययन गरिने हुदा स्वतः औचित्यपूर्ण हुनेछ । यसका अतिरीक्त पद्मराज जोशी को जीवनी व्यक्तित्व र आख्यानका बारेमा जानकारी राख्न चाहने व्यक्तिका लागि र उनका बारेमा थप जानकारी अध्ययन, अनुसन्धान गर्न चाहनेकालागि यो शोधपत्र प्रारम्भिक रूपमै भएपनि मार्ग दर्शक बन्ने छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा पद्मराज जोशी ‘प्रभात’ को सामान्य जीवनी, व्यक्तित्व सहित उनका आख्यान को अध्ययनमा सिमित रहेको छ । यसमा उनको जन्मदेखि वि.सं २०६६ साल सम्म को समयावधिलाई सीमाङ्कन गरिएको छ । पद्मराज जोशी का प्रकाशित कृतिहरू तथा अन्य विविध विधाका फुट्कर लेख, रचना सहित आख्यानको विस्तृत अध्ययन र विश्लेषण गरिने छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रमा पुस्तकालयीय तथा क्षेत्रीय विधिबाट सङ्कलित सामाग्रीहरूको अध्ययन विश्लेषणमा पूर्बीय साहित्य तथा पाश्चात्य साहित्यमा चलेका सिद्धान्त र वादलाई

आधार बनाएर निर्माण गरिनेछ । आवश्यकता अनुसार विभिन्न प्रकारका समालोचनात्मक प्रणालीको पनि सहयोग लिइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र लाई व्यवस्थित रूप दिनकालागि निम्न लिखित पाँच परिच्छेद्मा विभाजन गरी आवश्यक्ता अनुसार बिभिन्न शीर्षक तथा उपशीर्षक पनि छुट्याइ अध्ययन विश्लेषण गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : पद्मराज जोशी 'प्रभात' को जीवनी, व्यक्तित्व र साहित्यिक यात्रा

तेस्रो परिच्छेद : नेपाली आख्यानको विधागत अध्ययन

चौथो परिच्छेद : पद्मराज जोशी 'प्रभात' को आख्यानगत विशेषता

पाचौ परिच्छेद : उपसंहार

प्रस्तुत शोधपत्रमा उल्लेख गरिएका परिच्छेदलाई आवश्यकता अनुसार शीर्षक उपशीर्षकहरूमा समेत विभाजन गरी अध्ययन गरिएको छ । यस क्रममा प्रयोग भएका सन्दर्भ ग्रन्थ र पत्रपत्रिका हरूको छुट्टाछुट्टै सूचीसमेत प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# पद्मराज जोशी 'प्रभात' को जीवनी , व्यक्तित्व र साहित्यिक यात्रा

## २.१ जन्म र जन्मस्थान

नेपालको सुदूरपश्चिमाञ्चलको सेती अञ्चल, डोटी जिल्लाको पोखरी गा.वि.स. वडा नं. १ देउरामहल (मल्तोला) भन्ने ठाँउमा वि.सं. २०१६ साल माघ ५ गतेका दिन विहान ४ वजे पिता सहदेव जोशी र माता विष्नादेवी जोशीका जेष्ठ सुपुत्रको रूपमा पद्मराज जोशीको जन्म भएको हो । उनको न्वारनको नाम उत्तरफाल्गुनी नक्षत्र अन्तर्गत 'प' अक्षरबाट जुरेकोले पनि उनको नाम 'प्रभात' रहन गएको हो । यिनी पुत्रको रूपमा जेष्ठ पुत्र भए पनि उनी भन्दा अगाडि दुई वटा दिदी को जन्म लिइसकेको थियो ।


प्राकृतिक छटाले भरिपूर्ण स्थान देउरामहलमा आधुनिक तथा भौतिक सुविधाको अभावको कारण सुविधाको नाममा एउटा माध्यामिक विद्यालय र एउटा स्वास्थ्य चौकी बाहेक अन्य कुनै विकासका पूर्वाधार भेटिदैनन् । यस्तो अविकसित दुर्गम गाँउ देउरामहलमा पुग्न कैलाली जिल्लाको अत्तरिया, गोदावरीको सिलगढी साँफेबगर राजमार्ग हुदै वुडीडाँडा भन्ने स्थान सम्म बसबाट र तत्पश्चात तीनघण्टाको पैदलयात्रा पछिमात्र पद्मराज जोशीको देउरामहल गाँउमा पुग्न सकिन्छ ।[1]

## २.२. 'प्रभात'को वंश परम्परा

पद्मराज जोशी 'प्रभात' को गोत्र आङ्गिरस हो । आङ्गिरस गोत्रीय जोशी ब्रा;णहरूको कुलदेवता चोट्याल बेतालमष्टो र इष्टदेवी त्रिपुरा सुन्दरी हुन् । 'प्रभात' का पूर्वजहरूको मूल पुख्यौली थलो भारतको गुजराज प्रान्त हो । त्यहाँबाट यिनका पुर्खाहरू भारतकै राजस्थान प्रान्तमा आएर बसोबास गरेको पाइन्छ । भारतका मुगल शासक बाट हिन्दूधर्मावलम्बीहरू माथि आक्रमण भएपछि आफ्नो धर्म र संस्कृतिको रक्षाको लागि यिनका पुर्खाहरू राजस्थानबाट कन्यकुब्ज भन्ने ठाँउमा आई बसोबास गरेका हुन् । त्यहाँबाट पनि बसाइसराइ गर्दै उत्तर प्रदेश (हालको उत्तराञ्चल) को गडवाल, कुमाउँका विभिन्न ठाँउमा बसोवास गर्दै नेपालको बझाङ्ग जिल्लामा प्रवेश गरेको पाइन्छ । त्यहाँबाट पनि उनका पुर्खाहरू बसाई सर्दै डोटीको अजैमेरुकोटमा बस्न पुगेका थिए । अजैमरुबाट फेरी डोटी जिल्लाकै पोखरी स्थित कोटसलेनाको चोकाकोटमा बसोबास गरेका थिए । यिनका पुर्खाहरू

१. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

मध्यका दुई दाजुभाइ अछाम जिल्लाको लुङग्रा भन्ने ठाँउमा बसोवास गरेका देखिन्छन् । त्यहाँ पनि जेठाभाइ लुङ्ग्रामा नै बसे भने कान्छा भाई पुनः डोटी जिल्लाकै पोखरी ( सुकाससेना) को देउरामहलमा आइ बसोबास गरेका थिए । डोटी जिल्लाको दउरामहलमा बसोबास गरेपछि का यिनका वंशपरम्परा यहाँ वृक्षरेखामा देखाइएको छ ।[२]




२. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

## २.३ बाल्यकाल

यो अवस्था मानव जीवनको पहिलो चरण हो । यो बेलामा जुनसुकै मानिस पनि निर्दोष, निश्चल र निष्कलङ्कित हुन्छन् । बाल्य अवस्थामा बालबालिकाहरू मनोरञ्जनमा बढी रुचि राख्ने हुने साथीहरूसँग खेल्ने विशेषताहरू हुन्छन् । त्यो स्वाभाव पनि 'प्रभात' मा देखिन्छ । उनी पनि आफू उमेरका साथीहरूसंग जंगलमा गएर गाई, बाख्रा चराउन, पौडी खेल्न, गोरु जुधाउन खुबै मन पराउथे । आफ्ना साथीहरू संग बाल्यकाल सुखमय विताइरहेका 'प्रभात' १४ वर्षका हुदा उनका पिताको अकस्मात् देहवसान हुन पुग्यो । यस दुःखपूर्ण घटना पछि उनका दिनहरू संघर्षमय र कष्टमयपूर्ण रूपमा विते । उनी परिवारका जेष्ट सुपुत्र भएकाले घर परिवारको सम्पूर्ण जिम्मेवारी 'प्रभात' कै काधमा पऱ्यो । बुवाको निधन पूर्व नै आफू भन्दा जेठी दुइटै दिदीको विवाह भइसकेको कारणले पनि उनलाई पारिवारीक कष्ट व्यहोर्नु पऱ्यो । परिवारका नजिक मानिने जेठाबा, जेठीमा र उनका छोराहरूबाट नाम मात्रको भावनात्मक सहयोग हुने गर्थ्यो । दुःखमा नआत्तिने र सुखमा नमात्तिने स्वभावका 'प्रभात' सम्पूर्ण समस्यालाई सहज रूपमा स्वीकारेकाले साहसी र आँटिला थिए । उनको चौध वर्षको उमेर डोटीको पोखरीमा नै बितेको थियो ।[३]

## २.४ शिक्षादीक्षा

मानिसलाई तेस्रो नेत्रको रूपमा चिनिने शिक्षा मानव जातिको लागि अपरिहार्य वस्तु हो । शिक्षाको अभावमा मानिस संसारमा अनेक महत्वपूर्ण कामकुरा बुझ्न, भोग्न र जान्न असक्षम भएको छ । तत्कालीन अवस्थामा शिक्षा आर्जन गर्ने कुरा सबैको लागि असम्भव थियो । तर पद्मराज जोशी ब्राम्हण परिवारमा जन्मेकाले पनि उनलाई घरमै 'कखरा' सिक्ने मौका आफ्नै पिताबाट भयो । विस्तारै चार वर्षको उमेरमा उनले बाह्रखरी पनि आरम्भ गरे । त्यस पछि उनले तीनवर्ष सम्म घरमै दुर्गाकवच, चण्डी कण्ठस्थ गराउने कार्य भयो । हिउँदको समय 'प्रभात' को परिवार माल्तोल्ला भन्ने ठाउँमा बस्दथे । माल्तोल्लाबाट माष्ठमाडौं प्रा.वि. स्कुल जान दुई घण्टा लाग्ने हुदा चार वर्षको उमेर सम्म अक्षर आरम्भ गरेपनि तीन वर्षसम्म घरमै दुर्गाकवच र चण्डी पढेर बिताए । वि.सं. २०२३ सालमा सात वर्षको उमेर पुगेपछि मात्र उनलाई माष्ठमाडौं प्रा.वि.मा भर्ना गरी औपचारिक शिक्षा अगाडि बढाए । त्यस माष्ठमाडौं प्रा.वि. मा उनले लगनशील भएर कक्षा पाँच सम्म अध्ययन गरे । प्रा.वि. तह उत्तीर्ण गरेपछि माध्यमिक तहको शिक्षा हासिल गर्न २०२८ सालमा पद्म पब्लिक

---

३. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

बहुउदद्देश्यिय हाईस्कुल सिलगढीमा कक्षा ६ मा भर्ना भए । उनको लगनशीलता र मेहनेतको कारण सफलता हासिल गर्दै गए । सात कक्षा पढ्दै गर्दा वि.सं. २०३० सालमा उनका पिताको अकस्मात निधन भएपछि उनको अध्ययनमा ठूलो अवरोध आयो र अध्ययन बीचमै रोकियो । यस अवस्थामा उनका सबै इच्छा आकाङक्षा र योजनाहरू भताभुङ्ग भए । पिताको वर्षदिनको कार्य पूरा गरेपछि पुनः पढ्ने प्रयास गरे तर त्यसमा सफलता हासिल गर्न सकेनन । घरमा अन्य आशा गर्ने अभिभावक कोही नभएकोले परिवारको सम्पूर्ण भार उनीमाथि थपियो । घरायसी काम समाल्न र घरव्यवहार चलाउन आर्थिक समस्याका कारण उनले आय आर्जनको स्रोत खोज्न थाले । उनले सरकारी सेवामा तहबिलदार भएर काम गर्नथाले । सरकारी काम गर्दा गर्दै उनको पुनः पढ्ने इच्छा जाग्यो । तर विद्यालय स्तरमा पढ्ने उमेर बढी भइसकेकोले नेपालमा पढ्न लाज लाग्यो । आफू उमेर साथीकाभाइहरूले एस.एल.सी. पास गरिसेकेकाले उनी सन् १९८५ मा भारतको वनारसमा गई क्वीन्स कलेजमा प्राइभेट भर्ना भए । नेपालमा सरकारी कार्यालयमा स्थाई जागिर भएकाले उनी वनारसमा नियमित रूपले पढ्न सकेनन् । तरपनि पढाई सफलता हासिल गर्न केही महिना वनारसको दुग्ध विनायकमा बसेर कोचिङ्ग पढेर परीक्षा दिए । तर भाषागत कमजोरीले त्यस परीक्षामा सफलता प्राप्त गर्न सकेनन् । उनले पुनः सन् १९८६ मा परीक्षा फारम भरे तर परीक्षा दिएनन् । चार वर्षसम्म जागिरको व्यस्तताले पढाइलाई निरन्तरता दिन सकेनन् र पढ्ने उचित वातावरण पनि बन्न सकेन । उनको सन् १९९० मा एक जना अंग्रेजी साहित्यका दार्शनिकसँग भेट भयो । घरबार विहीन ती अंग्रजी दार्शनिकलाई उनले एकवर्षसम्म आफनै घरमा राखे । उनैको सहयोगले माध्यमिकतहसम्मको अनुभव प्राप्त गरिसकेपछि भारतमा गई सरस्वती उ.मा.वि. जोनपुर उत्तरप्रदेशबाट एस.एल.सी. द्वितीय श्रेणीमा उतीर्ण गरे ।[४]

त्यस पछिको अध्ययनलाई जोशीले आफ्नै देशमा जारी राख्ने विचार गरे र धनगढीको कैलाली बहुमुखी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा भर्ना भए । बिहानीको कक्षामा उनी नियमति उपस्थित भए । दुई वर्षको अध्ययन पछि अंग्रेजी बाहेक सबै विषयहरू उतीर्ण गरे । उनी अंग्रजी विषयमा कमजोर थिए । त्यसैको परिणाम उनी असफल भए । दुइपटकको प्रयास पछि पनि उनी असफल भएपछि उनी सन् १९९६ मा भारतको लखिमपुर गए । त्यहाँ उनले लखिमपुर गभर्मेन्ट कलेजबाट प्राइभेट आई.ए. को परीक्षा दिएर उत्तीर्ण भए । त्यसपछिको अध्ययन पनि भारतबाट नै प्राइभेट अध्ययन गरेर उत्तीण गरे ।

४. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

त्यसपछि उनले सन् १९९९मा कानपुर युनिभर्सिटी (छत्रपति साउजी महाराज विश्वविद्यालय) बाट प्राइभेट अध्ययन गरी परीक्षा दिएर तृतीय श्रेणीमा बी.ए. उत्तीर्ण गरे । त्यसपछि उनको अध्ययन गर्ने इच्छा बढ्दै जान थालेको ले वि.सं. २०५६मा समाजशास्त्र विषय पढ्नथाले।

त्यसलाई पूर्णता दिन उनी फेरि सक्रिय भए र कानपुर विश्वविद्यलय उत्तर प्रदेश भारतमा भर्ना भए । कानपुर विश्वविद्यालयबाट सन् २०१० मा समाजशास्त्रमा स्नातकोत्तर उर्त्तीण गरे । त्यतीमा मात्र उनी सीमित रहन सकेनन् । हाल उनी राजऋषि टण्डन विश्वविद्यालय इलाहावाद उत्तरप्रदेश भारतबाट पत्रकारिता विषयमा पोष्ट ग्राजुएट गर्दै छन् । पोष्ट ग्राजुएट भनेको स्नातकोत्तर प्रथम वर्षको पाठ्यक्रम रहेछ । पोष्ट ग्राजुएट गरेपछि मात्र स्नाकोत्तर तहको दोस्रो वर्षमा प्रवेश गर्न पाउने व्यवस्था रहेछ । त्यसको संगसंगै उनी कानपुर विश्वविद्यालयबाट राजनीतिशास्त्रबाट पनि स्नाकोत्तर को अध्ययन गर्दै रहेको कुरा बताउछन् ।[५]

## २.५ पारिवारिक पृष्ठभूमि

पद्मराज जोशी 'प्रभात' को जन्म एउटा साधारण मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्म भएको हो । हजुरबुवा लक्ष्मीराज जोशीका चार छोराहरूमध्ये कान्छा छोरा सहदेव जोशीका आठ सन्तानहरू मा तीन छोराहरू पद्मराज जोशी, नवराज जोशी, बसन्तराज जोशी र पाँच छोरीहरू बसन्ती, महेश्वरी, पार्वती, राधिका र डम्बरा जोशी हुन् । पारिवारिक सदस्यहरूको संख्या धेरै भएपनि परिवारमा खान र लाउन भने कहिल्यै समस्या परेको थिएन । उनको परिवारमा आफ्नै खेतबारीको अन्नले खान र लगाउन पुग्थ्यो । पिता जीवित रहेसम्म उनको परिवारमा कुनै किसिमको कठिनाइहरू आएनन् तर पिताको मृत्यु पछि पारिवारिक अवस्था साह्रै नाजुक अवस्थामा पुग्यो । घरको सम्पूर्ण भार उनैका काँधमा आयो । उनी भन्दा जेठी दुई वटा दिदीहरूको विवाह भइसकेको थियो तर उनी भन्दा साना भाइबहिनी भएकाले घरको आर्थिक अवस्था देखि लिएर भाइबहिनीलाई हुर्काउने र पढाउने अभिभारा उनै माथि आयो । सामाजिक मान प्रतिष्ठा पनि जोगाइराख्नु पर्ने भएका कारणले गर्दा आयस्रोतको कुनै पनि काम गर्नु पर्ने भएकोले आफ्नो भिनाजु दीर्घराज जोशीसँग बैतडी गए । बैतडीमा जोशीले सरकारी कार्यालयमा तहविलदार पद्मा रही काम गर्न लगाए । यस सरकारी कार्यालयको जागिरले उनका परिवारमा आइपरेको आर्थिक लगाएत घरायसी काम काजमा राहत मिल्यो । जोशीलाई आफ्ना जेठाबुवाहरू र मामाहरूबाट उनको जीवनको

---

५. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

कठिन परिस्थितिमा केवल भावनात्मक सहयोग बाहेक अरु केही पनि मिल्न सकेन् । तर उनकी दिदीहरू बाट शिक्षादीक्षा लगाएत जीवनलाई सहज बनाउन ठूलो सहयोग पुगेको थियो । साना भाइबहिनीहरूलाई पढाउने देखि लिएर विवाह सम्मका सम्पूर्ण कार्य उनकै आयस्रोत बाट भएको हो । अहिलेपनि उनका भाइहरू घरायसी कामकार्यमा अलग भएपनि आपसमा निकै भावनात्मक सम्बन्ध छ । साथै आमा विष्नादेवी उनी सँगै बस्दै आइरहेकी छिन् ।[६]

## २.६ विवाह र सन्तान

पद्मराज जोशी 'प्रभात' को जीवनमा दुईपटक विवाह भएको थियो । उनले विवाह गरेकी प्रथम श्रीमती संग स्रोह वर्षको उमेरमा भएको थियो । उनीकी श्रीमती डोटी धौलवस्ती निवासी गिरिराज जोशीको छोरी बेसरी जोशी हुन् ।  बेसरी जोशी संग वि.सं. २०३२ सालमा बैवाहिक सम्वन्ध गाँसिएको थियो । तर यो सम्वन्ध चिरस्थायी रहन सकेन । उनको विवाह भएको एकडेढ वर्ष पछिनै उनीहरूको दाम्पत्य जीवनमा कटुता उत्पन्न भयो । श्रीमती माइतीघरमा धेरै बस्ने र पोइलीघरमा कम बस्ने गर्थिन् भने जोशीको पिताको निधनका कारणले ससुरालीबाट पनि उनलाई हेर्ने दृष्टिकोणमा फरक आयो । ससुरालीबाट आफ्नी छोरीलाई सम्झाई बुझाई पोइलीघर पठाइ आफ्नो आफ्नो दायित्व पूरा गर्नुको सट्टा उल्टै अर्को विवाह गराउन प्रेरणा दिए पछि उनको पहिलो विवाह विछोडमा परिणत भयो ।

यसरी जोशीको पहिलो बैवाहिक सम्बन्ध विग्रिए पछि उनको दोश्रो विवाह गर्न इच्छा जाग्यो । उनको आमाको सहयोगमा वि.सं. २०३९ सालमा डोटी मौवानाली निवासी मेघनाथ ओझा र श्रीमती विस्ना ओझाकी छोरी भुवनेश्वरी ओझासंग २२ वर्षको उमेरमा दाश्रो बैवाहिक सम्बन्ध गाँसियो । विवाह हुदा उनीकी श्रीमती भुवनेश्वरी ओझाभने पन्ध्रवर्षकी मात्र थिइन् । हाल उनका ससुराली कैलाली जिल्लाको मालाखेती गा.वि.स. वडा नं. ६ डमौरामा बस्दै आएका छन् । जोशी परिवार हाल सम्म पनि निसन्तान रहेका छन् । आफू निसन्तान भएपनि आफ्ना साहित्यिक रचना र प्रकाशित कृतिहरूलाई जाशी आफ्नो सन्तान मान्दै श्रीमती भुवनेश्वरीसँग सुखपूर्वक जीवनयापन गरिरहेका छन् । [७]

---

६. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

७. शोधनायकको पत्नी भूवनेश्वरी प्राप्त जानकारी अनुसार ।

## २.७ आर्थिक अवस्था

मध्यमवर्गीय साधारण किसान परिवारमा जन्मिएका पद्मराज जोशी 'प्रभात' को पुर्ख्यौली थलो डोटीको देउरामहलमा बस्दा खान लगाउन आफ्नै खेतको उब्जनी प्रर्याप्त हुन्थ्यो। पिताको जीवनकाल सम्म उनको आर्थिक अवस्था राम्रो भएपनि पिताको मृत्यु पछि घर परिवारको सम्पूर्ण कार्यभारको जिम्मा आएकोले व्यवहार चलाउन निकै गाह्रो भयो ।[८]

कठिन आर्थिक अवस्थालाई सुधार्न उनी आयश्रोतको आवस्यकता महशुस गर्न थाले । उनको अध्ययन पनि अधुरै रहेको र उमेर पनि सानै भएको अवस्थामा उनका भिनाजु, दिर्घराज जोशी संग बैतडी गएर २०३४ सालमा बैतडी मालपोत कार्यालयमा ६ महिना तहविलदार पद्मा काम गराए । त्यसपछी वि.स. २०३५ सालमा त्यो जागिर छाडेर जि.प्र.का. डोटीमा अस्थायी मुखिया पद्मा रहि काम गर्न थाले। त्यसबेलासम्म उनले एस.एल.सी. पास सम्म गरेका थिएनन् । त्यस बेलामा दुर्गम क्षेत्रमा एस.एल.सी. पास गरेका मानिसको अभाव भएकाले एस.एल.सी. पास नगरेको व्यक्तिलाई तालिम दिएर सरकारी पद्मा नियुक्त गर्ने चलन थियो । त्यही तालिम प्राप्त गरि वि.सं. २०३६ सालमा ६ महिना तालिम प्राप्त गरी स्थायी सचिव पद्मा नियुक्त भए। त्यही सचिव पद्मा रहेर उनले बझाङ्ग, बैतडी, डोटी, कैलाली जिल्लाका विभिन्न गा.वि.स. सचिव पद्मा रही काम गर्नु भएको छ । उनको सरकारी सेवाबाट प्राप्त आय आर्जनले घरपरिवारको आर्थिक स्थिति सुधार्न सफल भएका थिए। जीवनको पूर्वाद्धभन्दा उत्तरार्धको आर्थिक अवस्था संन्तोषजनक र राम्रो भएको छ । उनको परिवार वि.सं. २०३९ सालमा डोटीबाट कैलालीको गोदावरीमा बसाई सरेपछि उनको डोटीमा रहेको अचल सम्पत्ति १८ रोपनी जग्गा र दुईवटा घर यथावत रहेका छन् । गोदावरीमा उनको दुई विगाह जमिन एक अर्ध पक्की र २ कच्ची घर छन् । त्यहाँबाट उनी बसाइ सरेर धनगढी नगरपालिका वडा नं. २ सन्तोषी टोलमा बसोवास गर्दछन् । धनगढीमा पनि उनको एक कठ्ठा २ धुर जग्गा र पक्की घर छ । हाल उनी जि.शि.का. धनगढीमा नायव सुब्बा प्रथम श्रेणीका कर्मचारीका रूपमा कार्यरत छन् । उनको मुख्य आयश्रोत भनेको सरकारी सेवाबाट प्राप्त रकम नै हो ।

## २.८ स्वभाव र रुचि

फरक-फरक व्यक्तिका स्वभाव र रुचिहरूपनि फरक-फरक हुन्छन् । कुनैपनि व्यक्तिमा सुसुप्त अवस्थामा रहेका स्वभाव, रुचि र गुण त्यस व्यक्तिको व्यक्तित्वमा प्रभाव

---

८. शोधनायककी पत्नी भूवनेश्वरी प्राप्त जानकारी अनुसार ।

पारिरहेको हुन्छ । त्यस्तै आफ्नै प्रकारका गुण, स्वभाव र रुचि भएका व्यक्ति हुन पद्मराज जोशी 'प्रभात' स्वभामानी, मिलनसार, मृदुभाषी र निष्कपट स्वभाव भएका सरल र सहज जीवनयापन गर्न, मन पराउने व्यक्ति 'प्रभात'मा खोक्रो आडम्बरीपन देखिदैन । आफू निर्दोष, निष्कलङ्कित र स्वच्छ व्यक्ति भएकाले पनि कपटी, धूर्त, शोषक व्यक्तिलाई मन पराउँदैनन । उनी मिठो वचन बोली बोलेर सबैलाई आफ्नो बनाउन चाहन्छन् । आफ्नो बोली व्यवहारले अरुलाई चोट नपुगोस् भन्ने कुरामा चिन्तित छन् । अरुको आदर गर्न जानियो भने आफूले पनि आदर पाउन सकिन्छ भनेर उनी नजिक आउने सबैसँग मधुरवाणी बोल्छन् र सामाजिक भएर बस्न रुचाउँछन् । नरम र मिजासिलो स्वभाव भएका उनी कहिले पनि कडा भएर प्रस्तुत हुन चाहँदैनन् ।

पद्मराज जोशी 'प्रभात' विशेषतः समाजसेवामा संलग्न हुन मन पराउँछन् । साहित्य रचना गर्ने, साहित्यिक लेखहरू पढ्ने, साहित्यिक कार्यक्रममा सक्रिय भएर लागिपर्ने कविता, गीत लेख्ने, वाचन गर्न पनि उनी रुचाउँछन् । उनी लोकसाहित्य र संस्कृतिमा बढी रुचि राख्ने भएकाले उनका रचनामा यसको छाप पाइन्छ । उनलाई मनपर्ने खानाहरूमा शाकाहारी दाल, भात, साग, गोरस अनि पोलेको मकै पनि उनको विशेष मनपर्ने खानेकुरा हो । [९]

## २.९ आस्था र विचार

: आध्यात्मिक विचारधारा भएका पद्मराज जोशी प्रभात परम्परागत मूल्यमान्यतालाई परिमार्जन गरी वैज्ञानिक र सामाजिक दृष्टिकोणले मान्नुपर्दछ भन्ने धारणा राख्दछन । उनी सम्पूर्ण जीवन धार्मिक अनुष्ठानमा समर्पण गर्न चाहँदैनन् । आस्तिक र नास्तिकको बीचबाट मध्यवर्गी विचार राख्दछन् तर संस्कृति र संस्कार-लाई लोप हुन दिनु हुँदैन र समयअनुसार परिवर्तन गर्दै जानुपर्दछ, आफ्नो जातीय सभ्यतालाई प्राथमिकता दिई बचाउनु पर्दछ भन्ने मान्यता राख्दछन् । उनी पूर्वीयदर्शन प्रति आस्थावान् व्यक्ति हुन् । पूर्वीय दर्शनले मानव जातिलाई मात्र नभएर सम्पूर्ण चराचर प्राणीलाई सम्भावका दृष्टिले हेर्दछ र त्यसका साथै आध्यात्मिक चेतनाको शिक्षा पनि दिएको हुन्छ भन्ने मान्यता छ । धर्मलाई निस्वार्थ भावना जीवन पद्धतिका रुपमा लिनुपर्छ । त्यो सकारात्मक हुने भएकोले सबैको जीवन रक्षा र मुक्तिको लागि हुनुपर्छ । धर्म समाज निर्माणको सशक्त माध्यम बन्नुपर्छ । समाज निर्माणको सशक्त माध्यम बन्नको लागि साम्प्रदायिकताबाट माथि उठेर धर्मको र जातीयताको नाममा

९. शोधनायककी पत्नी भूवनेश्वरी प्राप्त जानकारी अनुसार ।

युद्ध हुनु हुँदैन । धर्मको व्यक्तिलाई उचित मार्ग देखाँउछ । जसको परिणाम समाज र व्यक्ति सभ्य, आदर्श, नैतिकवान् बन्दै लोककल्यणमा आफूलाई समर्पण गदर्छ । यदि धार्मिक भावना नभए मानिस र समाज नास्तिक बन्दछ र त्यो रबरको फूलजस्तै सुगन्धहीन बन्दछ भन्ने विचार जोशीको रहेको छ ।[१०]

## २.१० कार्यक्षेत्र

विभिन्न स्थान, क्षेत्र र पद्मा जागिर गर्दै आउनु भएका पद्मराज जोशी 'प्रभात' नेपाल सरकारको निजामती सेवाको प्रशासकीय सेवा हो । उनले वि.सं. २०३४ सालदेखि २०३६ सालसम्म अस्थायी पद्मा रही काम गरे भने २०३६ सालदेखि स्थायी भएर सेवा गर्दै आएका छन् । सुरुसुरुमा उनले वि.सं. २०३४ सालमा मालपोत कार्यालय बैतडीमा तहबिलदार पद्मा अस्थायी नियुक्ति भई सरकारी सेवामा प्रवेश गरे । त्यहाँ उनले ६ महिनासम्म काम गरी छोडेर वि.सं. २०३५ सालमा जिल्ला प्रशासन कार्यालय डोटीमा मुखिया पद्मा नियुक्त भएर सेवा गरे । वि.सं. २०३६ सालमा गा.प.सचिव पद्मा नियुक्ति लिने दिन भने सुरुमा तालिम लिन नेपालगञ्ज गए । ६ महिना तालिम लिएपछि गा.प.सचिवको स्थायी पद्मा नियुक्ति लिए र काम गर्न थाले । वि.सं. २०३६ सालदेखि २०३९ सम्म डोटी जिल्लाबाट कैलाली जिल्लामा सरुवा भए । कैलाली जिल्लामा उनले उदासीपुर गा.वि.स., गोदावरी गा.वि.स.मा सेवा गरे । कैलाली जिल्लाबाट सरुवा भएर उनी डोटी जिल्लाको मालपोत कार्यालयमा खरिदार पद्मा नियुक्ति भए । मालपोत कार्यालयमा सरुवा भएपछि उनी फेरि कैलाली र बझाङ्ग जिल्लाका कार्यालयमा सरुवा भए । उनी मालपोत कार्यालय बझाङ्गमै रहँदा उनको पद बढुवा भई नायब सुब्बा भए । त्यसपछि उनको सरुवा जिल्ला शिक्षा कार्यालय धनगढी कैलालीमा भयो । हाल उहाँको कार्यक्षेत्र कैलालीकै जि.शि.का.मा रहेको छ ।

सरकारी सेवाका साथ-साथै पद्मराज जोशी 'प्रभात' साहित्यक क्षेत्रमा पनि योगदान दिएका छन् । नेपाली भाषा र सुदूरपश्चिमको लोकसंस्कृति, लोकसम्पदा र इतिहासको संरक्षण र सम्बर्द्धन गर्नका साथै साहित्यको उत्थानको उद्देश्यले सुदूरपश्चिमाञ्चलमै 'सुदूरपश्चिमाञ्चल साहित्य समाज' नामक संस्थाको स्थापना गरेर उक्त संस्थाको विकास निरन्तर कार्यरत छन् । यस संस्थाले सुदूरपश्चिमको लोकसंस्कृति, लोकसम्पदा, लोकाख्यान, लोकगीत आदिका माध्यमबाट नेपाली जनमानसमा चिनाउन ठूलो योगदान रहेको छ । हाल

१०. शोधनायकको पत्नी भूवनेश्वरी प्राप्त जानकारी अनुसार ।

उनी सुदूरपश्चिमाञ्चल साहित्य समाजको अध्यक्ष पद्मा कार्यरत छन् भने कैलाली जनपुस्कालयको सल्लाहकार पनि रहेका छन् । उनकै अध्यक्षतामा उक्त संस्थाले नेपाल बालसहित्य समाजको बार्षिक सम्मेलन द्वितीय नेपालमा, भारत नेपाली लेखक सम्मेलनजस्ता राष्ट्रिय र अन्तराष्ट्रिय सम्मेलनको समेत आयोजना गरिएको छ । [११]

## २.११. शैक्षिक तथा सामाजिक सेवा

पद्मराज जोशी 'प्रभात' ले शिक्षण पेशामा लामो समयसम्म नरहे पनि वि.सं. २०६५ सालमा त्रिनगर उ.मा.वि मा एकवर्ष समाजशास्त्र विषय आध्यापन गराए । त्यस्तै उनले ६ महिनासम्म यु.एस.ए.उ. मा.वि.मा नेपाली विषयमा अध्यापन गराए । उनले आफूले बाल्यकालमा अध्ययन गरेको डोटीको मष्टमाण्डव प्रा.वि. (हाल उ.मा.वि.) र श्री सरस्वती मा.वि. ओलानी, कैलालीमा उनले व्यवस्थापकीय सहयोग पुऱ्याएका थिए । समाजसेवा भनेपछि हुरुक्क हुने जोशीले वि.सं. २०३९ सालमा डोटीबाट बसाइ सरी कैलालीको गोदावरी गा.वि.स.मा आउँदा त्यहाँ पिउने पानीको अभाव देखे । एक घण्टा टाढाबाट पानी बोकेर ल्याउनुपर्थ्यो । त्यो पनि गाई भैसीको आहाल बस्ने, लुगा धुने, कुलाको फोहोर पानी मात्र थियो । त्यहाँका गाउँबासीहरूमा चेतनाको अभावले त्यसै वर्ष पौष महिनामा हैजा फैलियो । गाउँमा हैजा फैलिई गाउँबासीले साह्रै दुःख पाएपछि जोशी साह्रै मर्माहत भए । त्यस्तो समस्यालाई निराकरण गर्न उनले वि.सं. २०३९ सालमा आफ्नै सक्रियतामा ७० फिट गहिरो कुवा खनाए । कुवा खनाउने कार्यमा लागेको रु. २१,०००।- आफैले व्यहोरे । त्यो कुवा निर्माण- कार्यमा लागेको रु. २१०००।- उनले तीन वर्षपछि आफ्नै तलब जम्मा गरेर चुक्ता गरे । अहिले त्यस ठाउँका १०० घरधुरी कुवाको पानी उपयोग गरिरहेको छन् । प्रभात त्यस कुवालाई घाँसीको कुवाको संज्ञा दिई पुनः मर्मत कार्यमा लागेका छन् ।[१२]

## २.१२ संस्थागत संलग्नता

पद्मराज जोशी 'प्रभात' नेपाल सरकारको निजामती सेवामा स्थायी कर्मचारी भएर पनि नेपाली भाषा साहित्यलाई समृद्धि बनाउनको लागि बिभिन्न संघ संस्थामा विशेष संलग्नता रहेर सल्लाहकार, अध्यक्ष, सम्पादक, सदस्य जस्ता गरिमामय पद्मा रहेर काम गरिरहेका छन् । सुदूरपचिमाञ्चल साहित्य समाज धनगढीको अध्यक्ष, नेपाल रुस साहित्य

---

११. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

१२. ऐजन् ।

समाज (काठमाडौं मस्को) कार्यकारी सदस्य, नेपाली साहित्य तथा लोक संस्कृति प्रतिष्ठान धनगढीका अध्यक्ष, नेपाल लेखक संघ काठमाडौंका केन्द्रीय सदस्य, समिति सदस्य, कैलाली जनपुस्तकालय धनगढीका कार्य समिति सदस्य, मानव संसाधन विकास प्रतिष्ठान धनगढीका सचिव, कार्यसमिति सदस्य- नेपाल अमेरिका साहित्य समाज लोकसंस्कृति नेपाल म्युजिकका क्षेत्रीय प्रतिनिधि र सौराई द्वैमासिक पत्रिकाका सम्पादक भएर काम गर्दै आउनु भएको छ । त्यस्तै विभिन्न प्राकृतिक सम्पदा र सांस्कृतिक सम्पदाको दृष्यले भरिपूर्ण सुन्दर सुदूरपश्चिम पोष्टरको छायाङ्कन निर्देशन गर्नुभएको छ साथसाथै उहाँका संस्कृतिक, पुरातात्विक, लोक साहित्य, आख्यान र कविता विधाका विभिन्न कृतिहरू अप्रकशित सयौ लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

नवदुर्गा अनुष्ठान केन्द्र धनगढीका सल्लाहकार साथै साहित्येतर गैरसरकारी संस्थाहरूमा नेपाल नेत्रज्योति संघ धनगढी को सदस्य, नेपाल अपाङ्ग संघ धनगढीको सदस्य छन् भने उनले आफ्नै सम्पादकत्वमा सौंराई (डोटेली भाषाको) त्रैमासिक पत्रिका प्रकाशित गर्दै आएकाछन। त्यस्तै सुदूरश्चिमाञ्ल साहित्य समाजको मुखपत्र सुरभी कैलाली जनपुस्तकालयको वार्षिक मुखपत्रमालिकाको सल्लाहकार र काहिले सम्वादकका रूपमा काम गर्दै आएका छन् । यसका साथ साथै विभिन्न धार्मिक सङ्घसंस्था र मन्दिरमा पनि सल्लाहकार र सदस्यका रूपमा संलग्न हुदै आएका छन् । [१३]

## २.१३ सम्मान र पुरस्कार

व्यक्ति गरेको कार्यको मूल्याङकन र कदरनै पुरस्कारकार हो । पुरस्कारले व्यक्तिलाई थप योगदान गर्नमा उत्साह थप्छ । फरक फरक सम्मान र पुरस्कार सङ्घसंस्थाले फरक फरक सम्मान र पुरस्कार दिन्छ । कसैले नगद, कसैले कदरपत्र र कसैले पदक जे भए पनि यिनीहरूको एउटै उद्देश्य व्यक्तिमा क्रियाशीलता थप्ने उर्जा हो । पद्मराज जोशी 'प्रभात' ले पनि नेपाली भाषा साहिय, लोकसाहित्य लोकसंस्कृति आदिको उत्थान र सम्बर्द्धन मा महत्वपूर्ण योगदान पुऱ्याए बाफत उनको मूल्याङकन गर्दै स्थानीय र राष्ट्रिय स्तरबाट सङ्घसंस्थाबाट पुरस्कृत भएकाछन् ।

(क) साझालोकसाहित्य (२०५९)

(ख) विद्यार्थी साहित्य पुस्कार (२०६४), कैलाली बहुमुखी क्याम्पस कैलाली

(ग) निर्माण व्यवसायी संघ, कैलाली (२०६२)

---

१३. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

(घ) अन्तर्राष्ट्रिय शान्ति पुरस्कार (२०६४), जापान-काठमाडौं

(ङ) राष्ट्रिय शिक्षा पुरस्कार पदक (२०६६) नेपाल सरकार शिक्षा मन्त्रालय

(च) क्षेत्रीय प्रतीभा पुरस्कार (२०६६) नेपाल सरकार संस्कृति मन्त्रालय

(छ) गोपाल पाण्डे 'अषिम' पुरस्कार (२०६८) नेपाल शिक्षा परिषद्

प्रभातले राष्ट्रिय पुऱ्याएको योगदानको मूल्याङ्न गर्दै साझा प्रकाशनले साझा लोकसाहित्य पुरस्कार (२०५९) ले सम्मान गऱ्यो । त्यस्तैः स्थानीय स्तरमा सुदूरपश्चिमाञ्चलमा साहित्यको क्षेत्रमा अनवतर रूपमा लामो समयदेखि सेवा पुऱ्याएकोमा उनको योगदानको कदर गर्दै निर्माण व्यवसायी संघ कैलालीले (२०६२) सम्मान गरेको छ । समाज सेवामा योगदान पुऱ्याएकोमा उनको योगदानको कदर गर्दै लायन्स क्लब अफ धनगढी (इ.सं.२००५(०६)ले सम्मान तथा पुरस्कार प्रदान गऱ्यो । सुदूरपश्चिमाञ्चलमा रही विविध क्रियाकलाप मार्फत नेपाली भाषामा उल्लेखनीय योगदान पुऱ्याए वाफत नेपाली शिक्षा परिषद्बाट गोपाल पाण्डे 'अषिम' पुरस्कार (२०६८) प्रदान गरेको छ ।[१४]

## २.१४ भ्रमण

भ्रमण भनेको कुनै स्थानको वस्तुगत अध्ययन हो । भ्रमण पनि व्यक्ति, र संस्थाअनुसार फरक-फरक हुन्छन् । शिक्षाक्षेत्रको शैक्षिक भ्रमण धार्मिक क्षेत्रको तीर्थ यात्रा, त्यस्तै सामुदियक संस्था, औद्योगिक संस्था आदिको आफ्नै उद्देश्यका भ्रमण हुन्छन् । तर यहाँ एउटा साहित्यकारको भ्रमण साहित्य पक्षलाई बढी जोडदिई गरिएको हुन्छ । साहित्यकारले आफूले गरेको भ्रमणको अनुभवलाई समेटेर यात्रा संस्मरण र नि-यात्रा तयार गर्दछन् ।

पद्मराज जोशी 'प्रभात' ले विदेश भ्रमण गर्ने त्यति धेरै मौका त पाउनु भएको छैन । तर पनि, भारतका ठूलाठूला सहरहरू दिल्ली, कलकत्ता, पटना, बनारस, कानपुर, लखनऊ, मुम्बई आदि भू-भागको भ्रमण गर्नु भएको छ । भारतका विभिन्न ठाँउमा हुने गरेको साहित्यक सम्मेलन कवि-लेखन सम्मेलनमा भाग लिने क्रममा भ्रमण गरेका हुन् । उनले भारतको बनारसमा भएको नेपाल भारत नेपाली कवि सम्मेलनमा वनारस जाने क्रममाको अनुभवलाई संकलन गरी लेखेको 'धनगढीदेखि बनारससम्म' शीर्षकको रचना कैलाली संगम पत्रिकामा प्रकाशित भइसकेको छ । स्वदेशमा भने उनको भ्रमण नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सबै जिल्लामा भ्रमण गरिसकेका छन् । [१५]

---

१४. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

१५. ऐजन् ।

## २.२. अख्यानकारको जोशीको व्यक्तित्व

कुनै पनि व्यक्ति भन्नाले त्यस व्यक्तिको आन्तरिक भित्र निहित ज्ञान, सीप, क्षमता कला आदिलाई जनाउँदछ । यस्ता विशेषताहरू व्यक्तिहरूले केही आफै अध्ययन, चिन्तन, मनन गरेर प्राप्त गर्दछ भने केही उसको परिवारिक वातावरण, केही सामाजिक वातावरण र केही साथीहरूको संगतले प्राप्त गर्दछ । पद्ममराज जैशी 'प्रभात' को व्यक्तित्व निर्माण र विकासमा पनि उसको पारिवारिक वातावरणको प्रभाव परेको छ । उनी १४ वर्षको हुँदा उनको परिवारका मुली पिताको देहावसान भयो । यस घटनाले उनको परिवारमा ठूलो बज्रपात परे जस्तै भयो । यस्तो दुखदायी घटनाबाट कुनैपनि हतोत्साहित नभई उनका आमा र दिदीको सहयोगले अगाडि बद्दै गए । उनका साथीहरूले पनि उनलाई उनको व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याए । उनले यस संघर्षबाट लोकसाहित्य र लोकसंस्कृतिका क्षेत्रमा ठूलो सफलता प्राप्त गरे ।

### २.२.१ शारीरिक व्यक्तित्व

पद्मराज जोशी 'प्रभात' को शारीरिक व्यक्तित्व आकर्षक छ । सधै हँसिलो, खुसिलो र सुन्दर अनुहार भएका जोशीको जीवन सदावहार देखिन्छ । ५ फुट ७ इन्च उचाइ र गँहुगोरो वर्ण, पुष्टगाला, कालाकेश, सधैं दाह्री काट्ने, काला जुँघा राख्ने, मसिना काला आँखा, मोटो गर्धन, वक्षस्कन्ध र तीन फिट एक इन्चको विशाल वक्षस्थल भएका जोशी टाढैबाट कोही विशिष्ट व्यक्तित्वको संकेत गर्दछन् ।

सबैसँग नरम भएर मधुर बोलीमा हाँसेर बोल्ने पद्मराज जोशी 'प्रभात' मिलनसार व्यवहार गर्ने, सानालाई माया गर्ने, ठूलालाई आदर र सत्कार गर्ने गरिब र दुःखीहरूको सेवा गर्ने स्वभावका छन् । कुनै कार्यक्रममा वक्तव्य दिनुपर्दा उनी पद्यशैलीमा धाराप्रवाह रूपमा दिन्छन् । व्यक्तिमा सबै कुराको पूर्णता हुन सक्दैन भनेजस्तै उनका पनि केही कमिकमजोरी पनि छन् । उनी काम गर्दा प्रायः जिम्मेवारीपूर्वक नगर्ने लापरवाही ढंगले प्रस्तुत हुने र कार्यमा निरन्तरको अभावको कमजोरी उनमा देखिन्छ ।

### २.२.२ साहित्यकार व्यक्तित्व

साहित्यिक कृति र रचनाका आधारमा कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व निर्मित भएको हुन्छ । नेपाली साहित्य जगतमा पद्मराज जोशी 'प्रभात' पनि एक चिरपरिचित

नाम हो । उनले नेपाली साहित्य क्षेत्रको श्रीबृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएका छन् । नेपाली भाषाको उद्‌गमथलो सुदूरपश्चिमाञ्चलको लोकसंस्कृति, लोकाख्यान, लोकपरम्परा र इतिहासलाई नेपाली जनमानसका साथै विश्व जनमानसमा परिचित साहित्यिक संस्थाहरूको स्थापना गर्ने साहित्यिक कार्यक्रमहरूको आयोजना गर्ने जस्ता कार्यमा सधैं सेवारत व्यक्ति हुन् पद्मराज जोशी 'प्रभात' ।

सामाजिक यथार्थवादीभित्र रहेर कथा सिर्जना गर्ने कथाकार जोशी आफूले समाजमा देखेका, सुनेका, भोगेका, विकृति, विसङ्गति, कु-प्रथा, अन्धविश्वास, शोषण, दमन, अत्याचार आदिलाई कथाको विषयवस्तु बनाएका छन् । साहित्य विधा अन्तर्गत उनले लोकसंस्कृति, लोकगीत, इतिहास, कविता, कथा, निबन्ध, गीत र नाटकमा कलम चलाएका छन् । माथि उल्लेखित रचनाहरू कुनै कृतिका रूपमा भइसकेका छन् भने कुनै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् र कतिपय प्रकाशोन्मुख अवस्थामा छन् । यसरी साहित्यका विविध पाटाहरूलाई केलाएर हेर्दा उनको साहित्यिक व्यक्तित्वलाई निम्न शीर्षकहरूबाट अध्ययन गर्न सकिन्छ । [१६]

## २.२.३ कवि व्यक्तित्व

साहित्य विधाको एक छुट्टै पाटो कविता पनि हो । कविता विधाको सिद्धान्तभित्र रहेर निर्माण गरिन्छ । छन्दोबद्ध वा मुक्त छन्दमा अक्षरहरू मिलाएर रचना गर्दैमा कविताको नियमभित्र नपर्न सक्छ । कविता बन्नका लागि भाव, लय, विचार, कल्पना, ताल, छन्द, आरोह-अवरोह, यति, गति सबै मिल्नुपर्छ । पूर्वीय साहित्यको विधाको मूल स्वरूप छन्दोबद्ध भए पनि वर्तमान परिवेशमा मुक्त छन्द पनि फस्ताएको पाइन्छ ।

साहित्यकार पद्मराज जोशी 'प्रभात' पनि छन्दवादी कवि हुन् । उनका कविताहरू कविता विधाको सिद्धान्तभित्र रहेर भएका छन् । कवितामा भाव, लयका साथै माधुर्य र कर्णप्रिय हुनुपर्छ भन्ने 'प्रभात' का अधिकाँश कविताहरू शार्दूलविक्रीडित र मन्दक्रान्ता छन्दमा रचिएका पाइन्छन् । उनको साहित्यको शुरुवात नै 'हाम्रो देश नेपाल' नामक कविताबाट भएको हो । बाल्यकालदेखि नै कविता लेख्न मन पराउने साहित्यकार 'प्रभात' प्राथमिक विद्यालयमा अध्ययन गर्दा नै कविता लेख्न र वाचन गर्नको लागि प्रत्यक शुक्रबार आयोजना हुने अतिरिक्त क्रियाकलापमा भाग लिने गर्दथे । हाम्रो देश नेपाल नामक कविता वि.सं.२०३६ सालको पञ्चायत विकास प्रशिक्षणको बुलेटीन पत्रिकामा प्रकाशित भएको

---

१६. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

थियो । तर उनको उक्त कविता हाल उपलब्ध छैन । उनका कवितामा विशेष गरी सुदूरपश्चिमकै कला, संस्कृति, धर्म, मठ-मन्दिर, प्राकृतिक सुन्दरता -लाई विषयवस्तु बनाएर गुणगान र महिमागान गरेको पाइन्छ । उनका कविताहरू २०५० सालपछि विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् भने उनको कविता संग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । [१७]

## २.२.४ कथाकार व्यक्तित्व

कथा साहित्यको विधामध्ये एउटा विधा हो । कविता विधापछि साहित्यकार पद्मराज जोशी 'प्रभात' लाई मन पर्ने विधा कथा विधा हो । उनी कविताकारका रूपमा जसरी परिचित छन्, त्यसरी नै कथाकारका रूपमा परिचित छन् । कथाकार जोशीले आफ्नो कथाको विषयवस्तु, प्रायः ग्रामीण परिवेशलाई बनाएका छन् । कथाकार जोशीको कथामा सामाजिक विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार र शोषणलाई प्रतिबिम्बित भएका छन् । उनी आफू जन्मेको, हुर्केको, जागिरको सिलसिलामा भोगेको घटनाहरूलाई यथार्थ रूपमा चित्रण गरेकाले उनलाई सामाजिक यथार्थवादी कथाकारको रूपमा चिन्न सकिन्छ । उनले सामाजिक विषयवस्तुका साथै ऐतिहासिक, पौराणिक, राजनैतिक, मनोवैज्ञानिक पक्षलाई पनि समेटेर कथा सिर्जना गर्दछन् । उनले स्थानीय भाषालाई बढी महत्व दिई कथाहरू रचना गरेकाले उनका कथामा डोटेली भाषाको प्रयोग रहेको छ । हाल -सम्म उनको नामसारी र प्रकाशित भइसकेको छ भने केही फुटकर कथाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएकाले उनी एउटा सफल कथाकार मानिन्छन् ।

## २.२.५ उपन्यासकार व्यक्तित्व

साहित्यकार पद्मराज जोशी 'प्रभात' औपन्यासिक व्यक्तित्व पनि हुन् । साहित्यको आख्यान विधा अन्तर्गत पर्ने उपन्यास एक लामो कथावस्तु, थुप्रै पात्र, विशाल परिवेश अर्न्तगत पर्दछ । जोशी 'प्रभात' ले उपन्यास लेख्दा आफ्नै पहाडी ग्रामीण परिवेशलाई समेटेका छन् भने त्यसभित्रका पात्रहरू पनि त्यही ग्रामीण परिवेशबाट टिपेका छन् । उनको प्रकाशित उपन्यास पहाडकी सौराइँमा पनि सामाजिक परिवेशका पात्रलाई निजीकरण गरेर प्रस्तुत गरेका छन् । यस उपन्यासमा उनले नेपालको दुर्गम पहाडी जिल्लाको आर्थिक,

१७. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

सामाजिक र विकासबाट उपेक्षित जनताहरूको दयनीय अवस्थाको चित्रण गरेका छन् । प्रस्तुत उपन्यासबाट उनी एउटा सफल उपन्यासकार व्यक्तित्वका रूपमा चिनिन्छन् ।

## २.२.६ निवन्धकार व्यक्तित्व

साहित्यकार पद्मराज जोशी 'प्रभात' को अर्को साहित्यिक पाटो निबन्ध पनि हो । निबन्ध विधामा उनको गहकिला र उच्चस्तरीय निबन्ध रचना गरेर आफ्नो सफल निबन्धकारको परिचय दिएका छन् । वस्तुपरक र विचारपरक निबन्ध लेख्ने 'प्रभात' का निबन्धमा धर्मसंस्कृति र इतिहास झल्कन्छ । उनले वि.सं. २०३९ सालमा गा.पं. को अतिरिक्त कार्यक्रममा निबन्ध लेखेर भाग लिन्थे । प्रत्येक बिहीबार गा.पं. सचिवहरूको प्रशिक्षण कार्यक्रममा निवन्ध प्रतियोगिताको आयोजना गरिन्थ्यो । उक्त कायक्रममा निबन्ध लेख्न सुरुवात गरेका थिए । तर हाल उक्त निबन्ध उपलब्ध छैन । त्यो रचना नै उनको पहिलो निबन्ध हो ।

त्यसपछि करिब दस वर्षसम्म उनको जागिरे जीवनको व्यस्तताले गर्दा लेख, तथा रचनामा निष्क्रिय रहे । तर, वि.सं. २०४६ सालपछि उनले कविता र कथाकै हाराहारीमा आफ्नो निबन्धलाई बढाए । उनले नेपाली भाषा र साहित्यका साथै आफ्नो स्थानीय डोटेली भाषामा पनि लेख रचना लेखेका छन् । ती लेखरचनाहरू स्थानीय साहित्यक पत्र-पत्रिका प्रकाशित भएका छन् भने एउटा निबन्ध संग्रह पनि प्रकाशोन्मुख अवस्थामा छ । उनका उक्त कृतिबाट उनलाई उनी एक बौद्धिक र चिन्तनशील निबन्धकारका रूपमा चिनाउन सकिन्छ ।[१८]

## २.२.७ सम्पादक व्यक्तित्व

पद्मराज जोशी 'प्रभात' कवि, कथाकार, निबन्धकार, समालोचकका साथै एउटा सफल सम्पादक पनि हुन् । सम्पादकले कुनै पत्रपत्रिका, पुस्तक, लेखरचना सम्पादन गर्दछ, कुनैपनि लेखकका लेख, रचना, कृति र पत्रपत्रिकालाई प्रभावशाली बनाउन आवश्यकताअनुसार छाँटकाँट गर्ने, मिलाउने, वर्णविन्यास, वाक्य संगठन नियाल्ने कार्य सम्पादकले गर्दछ । कस्ता लेखहरू समावेश गर्ने वा नगर्ने कुरा पनि सम्पादकमा निहित रहन्छ । किन कि, लेखहरू पाठक र समाज अनुकूल नभएमा समाजमा नकारात्मक  असर पर्छ । यस्ता कुराको छानविन सम्पादकले गर्ने भएकाले सम्पादको भूमिका महत्वपूर्ण हुन्छ ।

---

१८. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

पद्मराज जोशी 'प्रभात' पनि थुप्रै पत्रिका सम्पादक मण्डलमा रहेर काम गर्दै आएका छन् । उनले सम्पादन गरेका पत्रिकाहरू उच्चस्तरीय बनेका छन् । प्रभातले आफ्नै सम्पादकत्वमा सौराइँ (डोटेली भाषाको) त्रैमासिक पत्रिका प्रकाशित गर्दै आएका छन् । त्यस्तै सुदूरपश्चिमाञ्चल साहित्य समाजले प्रकाशित गर्ने वार्षिक मुखपत्र 'सुरभि' को प्रधान सम्पादक र कैलाली जनपुस्तकालयबाट प्रकाशित हुने वार्षिक मुखपत्र 'मालिका' को सम्पादकमण्डलमा रहेर आफ्नो भूमिका निर्वाह गरेका छन् । साथै, उनले अन्य विभिन्न साहित्यिक पत्रपत्रिको सल्लाहकार र सम्पादक मण्डलमा सदस्यका रूपमा काम गर्दै आएका छन् । यसरी उनले सम्पादनका क्षेत्रमा गरेका उल्लेख्यनीय कार्यको मूल्याङ्कन गर्दा जोशी 'प्रभात' को सम्पादकीय व्यक्तित्व उच्च देखिन्छ ।[१९]

### २.२.८ समालोचक व्यक्तित्व

कुनै कृति वा कृतिकारको बारेमा विभिन्न कोणबाट नियालेर मूल्याङ्कन गर्नुलाई समालोचना भनिन्छ । पूर्वीय र पाश्चात्य समालोचना आ-आफ्नै मान्यता वा सिद्धान्तहरू छन् । तर पद्मराज जोशी भने पूर्वीय र पाश्चात्य दुवै समालोचना सिद्धान्तलाई आधार मान्दछन् । पद्मराज जोशीले केही कृति र कृतिकारका बारेमा समालोचना गरेर समालोचनात्मक कृति प्रकाशित गरेका छन् । उनका ती समालोचनात्मक कृति अध्ययन गर्दा कृति र कृतिकारबाट प्रभावित भएको देखिन्छ । यसरी कृति र कृतिकारबाट प्रभावित भएर समालोचना गर्ने हुँदा उनलाई प्रभावपरक समालोचक भन्न सकिन्छ ।

उनले मदनमणि दीक्षितको 'भूमिसक्त', पहलमानसिंह स्वाँरको 'लालुभागा' नाटक भारतीय राजनेता अटलविहारी बाजपेयीको 'मेरी इक्यावन कविताएँ' र जयपृथ्वीबहादुर सिंहको समालोचना गरेका छन् । उनको यो समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेको छन् ।[२०]

### २.२.९ भाषा तथा सांस्कृति संरक्षक व्यक्तित्व

कुनै पनि भेषभूषा, भाषा, संस्कृति, जातजाति रहनसहन त्यस राष्ट्रका सम्पदा हुन् । तिनीहरूको संरक्षण र सम्बर्धन गर्नुपर्छ भन्ने जोशी सुदूरपश्चिमकै अग्रणी व्यक्तित्वका रूपमा आउँछन् । एउटा राष्ट्रभित्र विविध संस्कृति र चालचलन रहेको हुनाले त्यसलाई लोप

---

१९. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
२०. ऐजन् ।

हुन् दिनु भनेको राष्ट्रियताकै लोप हुनु हो । पद्मराज जोशीका विभिन्न रचना र कृतिहरूको अध्ययन, अवलोकन र मूल्याङ्कन गर्दा उनले आफ्नो भाषा र संस्कृतिलाई प्राथमिकता दिएको बुझिन्छ । उनले आफ्नै सम्पादनमा प्रकाशित गरेको डोटेली भाषाको सौराइँ पत्रिकामा स्थानीय र डोटेली समुदायका मानिसले सजिलै बुझ्नको लागि मातृभाषामा प्रकाशित गरेका छन् । उनको कथा संग्रह 'नामसारी' (२०५७) मा रहेका कथाहरूमा अधिकाँश डोटेली भाषा र शब्दहरूको प्रयोग गरेका छन् भने 'जन्त' कथामा त दुईटै भाषाको प्रयोग पाइन्छ । यसरी दुबै भाषाको प्रयोगका कारणले डोटेली ग्रामीण समुदायका सर्वसाधारणले सजिलै बुझ्न सकून् भन्ने उनको धारणा रहेको छ ।

उनी विशेषगरी लोकसंस्कृति र लोकाख्यानलाई मन पराउँदछन् । सुदूरपश्चिम तथा मध्यपश्चिम विकास क्षेत्रमा मनाइने प्रसिद्ध गौरापर्व सम्बन्धी जानकारीको लागि उनले 'गौरापर्व एक परिचय' नामक कृतिको रचना गरी प्रकाशित गरेका छन् । यस 'गौरापर्व एक परिचय' कृतिमा गौरा शब्दको उत्पत्ति, गौरा -पर्वको ऐतिहासिक पृष्ठभूमि आदिको परिचय र जानकारी गराएका छन् भने अर्कोतिर उक्त कृतिमा सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा प्रचलित लोक नृत्य, लोकगीत र देउडा गीतको पनि संकलन गरेका छन् । उनले 'गौरापर्व एक परिचय' कृतिमा सुदूरपश्चिम र मध्यपश्चिमको लोक संस्कृतिको संरक्षण र प्रचार -प्रसारमा पुऱ्याएको योगदानको कदर गर्दै साझा प्रकाशनले जोशीलाई यस वर्षको उत्कृष्ट लोक साहित्य कृति घोषणा गरेर २०५९ पुरस्कृत गरेको थियो ।

यसरी उनका रचना, लेख र कृतिहरूको अवलोकन गर्दा उनले सुदूर र मध्यपश्चिमको भाषा र संस्कृतिको योगदानमा अहोरात्र खटिने व्यक्ति हुन् भन्न सकिन्छ ।[२१]

## २.३. साहित्येतर व्यक्तित्व

साहित्यकार पद्मराज जोशी 'प्रभात' साहित्यको क्षेत्रमा जति परिचित छन्, त्यतिकै साहित्येतर क्षेत्रमा पनि परिचित छन् । साहित्येतर क्षेत्र विशाल छ । उनको साहित्येतर व्यत्तित्वको अध्ययन गर्दा उनले समाजमा धार्मिक संघसस्थामा तथा सामाजिक कार्यमा पुऱ्याएको योगदानको साथै उनका अन्य कार्यको अध्ययन गर्दै साहित्येतर व्यक्तित्वको विभिन्न शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

---

२१. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

### २.३.१ जागिरे व्यक्तित्व

पद्मराज जोशी 'प्रभात' ले जीवनको अधिकाँश समय साहित्यपछि जागिरे जीवन बिताएका छन् । १८ वर्षको कलिलो उमेर (वि.सं. २०३४) मा तहविलदार पद्मा रही उनले दुई वर्षसम्म काम गरे । त्यसपछि वि.सं. २०३६ सालमा गा.पं. स्थायी सचिव पद्मा नियुक्ति भएर बझाङ्ग जिल्लामा सेवारत हुँदा-रहँदा उनको ना.सु. पद्मा पदोन्नोति भयो । हाल उनी जि.शि.का. कैलालीमा ना.सु. पद्मा कार्यरत छन् ।

पद्मराज जोशी 'प्रभात'ले आफ्नो पद्मा रही इमान्दार अनुशासित, कर्मठ नियमित कर्मचारी भएर अनवरत रूपमा काम गर्दै आएका छन् । उनले सरकारी काम कहिले जाला घाम भनेर लापरवाही गर्ने कार्यालयमा ढिला पुग्ने, घुसलिने र दिने कर्मचारीभित्र पर्दैनन् । बरु, त्यस्ता कर्मचारी र कार्यलाई घृणा गर्दछन् । राष्ट्रसेवक जस्तो पवित्र कार्यमा लाग्ने व्यक्तिले आफ्नो तर्फबाट जनतामा पुऱ्याउनु पर्ने सेवा छिटोछरितो र सरल तरिकाबाट पुऱ्याउनु पर्छ भन्ने मान्यता राख्दछन् ।

### २.३.२. सङ्घसंस्थासँग आबद्ध व्यक्तित्व

वरिष्ठ साहित्यकार पद्मराज जोशी 'प्रभात' साहित्य बाहेक अन्य क्षेत्रमा पनि त्यत्तिनै योगदान पुऱ्याउने व्यक्तित्व हुन् । साहित्य बाहेक उनको स्थानीय क्लवदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूमा त्यतिकै संलग्नता रहेको पाइन्छ । उनको इमान्दारिता र लगनशीलता, मिलनसारिता र योग्यताको कारण्ले विभिन्न सङ्घसंस्थाहरूमा सल्लाहकार, अध्यक्ष, सदस्य र सम्पादक मण्डलजस्ता उच्च पद प्राप्त गर्न सफल रहेका छन् । उनीलाई सुम्पिएको सम्पूर्ण कार्यहरू उनी झन्झट र बोझको रूपमा नलिई सजिलै इमान्दारीका साथ आफ्नो दायित्व पूरा गर्दछन् । त्यसैको परिणाम उनी सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढीको अध्यक्ष रहेका थिए भने आफ्नो कार्यकालमा उनले राष्ट्रकवि माधव घिमिरेको अभिनन्दन, नेपाल-भारत लेखक संघको दोश्रो सम्मेलन र सु.प.सा.स. धनगढीद्वारा प्रत्येक वर्ष प्रदान गरिने १०,०००।- राशी रहेको पुरस्कारको स्थापनाका साथै विभिन्न साहित्यिक गोष्ठी र सम्मेलन गर्दै आएका छन् । नेपाल-रुस साहित्य समाज (काठमाण्डौ-मस्को) कार्यकारी सदस्य, नेपाली साहित्य तथा लोक संस्कृति प्रतिष्ठान धनगढीका अध्यक्ष, नेपाल लेखक संघ काठमाण्डौका कार्यसमिति सदस्य, कैलाली जनपुस्तकालय धनगढीको कार्यकारी समिति सदस्य, मानव संसाधन विकास प्रतिष्ठान धनगढीको सचिव लोकसंस्कृति नेपाल

म्युजिकका क्षेत्रीय प्रतिनिधि सौराइँ द्वैमासिक पत्रिकाको सम्पादक नवदुर्गा अनुष्ठान केन्द्र धनगढीका सल्लाहकार नेपाल नेत्रज्योति संघ धनगढीका सदस्य नेपाल अपाङ्ग संघ धनगढीका सदस्य रहेका छन् ।

यसरी पद्मराज जोशी 'प्रभात' को साहित्यतर संलग्नता र योगदानको मूल्याङ्कन गर्दा उनी साहित्येतर व्यक्तित्व पनि ठूलो रहेको बुझिन्छ ।[२२]

## २.३ ३ अध्ययनशील व्यक्तित्व

पद्मराज जोशी 'प्रभात' अध्ययनशील व्यक्तित्व भएका व्यक्ति हुन् । अध्ययन गरेर कहिल्यै नथाक्ने जोशी बिहान ४ बजे उठेर आफ्नो नित्यकर्म (धार्मिक अनुष्ठान) समाप्तपछि अध्ययन कक्षमा प्रवेश गर्छन् । कार्यालय पूर्वको समयमा उनी आफूसँग उपलब्ध हुने पत्रपत्रिकाहरू दैनिकी, पाक्षिक, मासिक र साप्ताहिक लगायत विभिन्न धार्मिक वा बौद्धिक ग्रन्थहरू अध्ययन गर्नु उनको दिनचर्या हो । आफ्नै घरमा पुस्तकालय बनाएका जोशी बिहान पुस्तकहरू अध्ययन गर्दा गर्दै खाना खाने समयलाई ख्याल नगर्दा ढिलोढिलो पुग्छन् । कार्यालयबाट साँझ घर फर्कंदा उनी कैलाली जनपुस्तकालयमा पुग्छन् । त्यहाँ उनी विभिन्न पत्रपत्रिका पढेर साँझ घर पुग्छन् । घरमा पनि उनी राष्ट्रिय समाचार एकपटक मात्र सुन्छन् र अन्य समयमा पुस्तक पढ्ने गर्दछन् ।[२३]

## २.३.४. समाजसेवी व्यक्तित्व

समाज र समाजका मानिसहरूको उत्थान सेवा सुविधा र सहयोग गर्ने व्यक्ति समाजसेवी व्यक्ति हो । पद्मराज जोशी 'प्रभात' को व्यक्तित्व पनि समाजसेवी रहेको छ । उनले समाजमा पुऱ्याएको महत्वपूर्ण योगदानमध्ये खानेपानी सेवालाई पनि लिन सकिन्छ । २०३९ सालमा कैलालीमा बसाइँसराई गर्दा उनले गोदावरी गाविसमा अत्यन्त खानेपानीको अभाव थियो । त्यहाँका वासिन्दाहरूले शुद्ध खानेपानि पाएका थिएनन् । ग्रामिण बासिन्दाहरू एक घण्टा टाढाबाट गाई भैंसीले पिउने गरेको कुलाको पानी पिउँथे । त्यो फोहोर पानी पिउनाले त्यहाँ हैजा फैलियो ।  त्यस घटनाले उनलाई साह्रै दुःखी बनायो जसको परिणाम उनले आफ्नो खर्चमा ७० फिट गहिरो इनार खनाए । त्यहाँका ग्रामीण मानिसलाई  कुवाको

२२. शोधनायकका सहकर्मी नन्दराज पन्तबाट प्राप्त जानकारी अनुसार ।
२३. ऐजन् ।

पानी पिउने सल्लाह दिए । अहिले पनि त्यहाँका वासिन्दाहरू त्यही कुवाको पानी पिइरहेका छन् ।[२४]

## २.३.५ धार्मिक व्यक्तित्व

आध्यात्मिक चिन्तन बोकेको ब्राह्मण परिवारमा जन्मेका पद्मराज जोशी सानैदेखि पारिवारिक आध्यात्मिक वातावरणको प्रभाव परेको थियो । आफ्नो धर्म र संस्कृतिलाई जीवन्त दिनुपर्छ भन्ने मान्यता राख्ने जोशीको हाल पनि धार्मिक नित्यकर्म चलिरहेको छ । चाडवाड र फुर्सदको समयमा मन्दिरमा गएर पूजाआजा र दर्शन गर्ने मनपराउने जाशी शाकाहारी भोजन मन पराउँछन् । देवी भनेकी सबै प्राणीकी आमा हुन् । देवी यस जगत्की जननी भएकीले यस पृथ्वीका सम्पूर्ण प्राणी देवीका सन्तान हुन् ।

आमाले कहिल्यै पनि बलीको रूपमा आफ्नो सन्तानको भोग गर्न सक्दैनन् । देवीको नाममा पशु पंक्षीको बली चढाइ आफ्ना मानवीय इन्द्रियहरूलाई बसमा राख्ने प्रथाको उनी विरुद्धमा छन् । उनी प्रायः सन्ध्याकालमा धनगढीस्थित लक्ष्मीनारायण मन्दिर र श्रीकृष्ण मन्दिर, बनदेवी मन्दिरमा दर्शन गर्न जाने गर्दछन् । पूर्वीय अध्यात्मिक दर्शनमा पूर्ण विश्वास गर्ने जोशीमा श्री १००८ स्वामी देवराजाचार्यज्यू र खप्तडबाबाको आध्यात्मिक प्रवचनको उनमा गहिरो प्रभाव परेको छ । समाजमा आध्यात्मिक चेतना फैलाएर मुक्तिको मार्गलाई अपनाउनु पर्छ भन्ने जोशी धर्मलाई सामाजिक उत्थान र विकासका दृष्टिले हेर्दछन् ।[२५]

## २.३.६ निष्कर्ष

वि.सं. २०१६ साल माघ ४ गते डोटी जिल्लाको पोखरी गा.वि.स. देउरामहलमा जन्मेका पद्मराज जोशीको बाल्यकाल संघर्षमय रहेको थियो । बाल्यकाल निकै संघर्षपूर्ण रूपमा व्यतित गरेका जोशी व्यक्तित्व निर्माणमा उनका घरपरिवार इष्टमित्र गुरु साथीहरू र साधुसन्तको ठूलो प्रभाव परेको छ ।

सधैं समान व्यक्तित्व देखिने 'प्रभात' हँसिलो, खुसीलो अनुहार, चिटिक्क परेर हिँड्ने ५ फिट ७ इन्च उचाइ भएका जोशीले समाजमा पुऱ्याएको योगदानले उनी साहित्यका साथसाथै सामाजिक व्यक्तित्व पनि हुन् भनेर चिन्न सकिन्छ । समाजमा धनी, गरिब, शिक्षित, अशिक्षित सबै मानिसहरूको समूह हो । अशिक्षित, गरिब र निमुखाहरूलाई

२४. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
२५. ऐजन् ।

साहित्यमार्फत् चेतना फैलाउने उनको लक्ष्य रहेको छ । साहित्य र साहित्यकारले समाज, राष्ट्र र प्रशासनलाई सचेत र सुझाव दिने हुँदा साहित्य र समाजको निकट सम्बन्ध रहेको छ । साहित्यकार जोशीका साहित्यिक रचनाहरू अधिकाँश लोकसंस्कृति, इतिहास, पुराण र मनोवैज्ञानिक पक्षलाई रुचिक्षेत्र बनाएर सामाजिक विकृति विसङ्गति , भष्टाचार, अन्याय र अत्याचारलाई चिरफार गर्ने खालका छन् ।

उनी समाजमा फैलिएको अमानवीय, असामाजिक र अराष्ट्रिय प्रवृत्तिलाई उन्मुलन गरी आदर्श, स्वच्छ र पवित्र समाजको परिकल्पना गर्दछन् ।

यसरी साहित्यमा बहुप्रतिभाका धनी व्यक्तित्व पद्मराज जोशी 'प्रभात' अन्य साहित्येतर व्यक्तित्वका पनि धनी छन् । उनको उच्च सामाजिक व्यक्तित्वले गर्दा सुदूरपश्चिमाञ्चल क्षेत्रकै साहित्यका उदयमान नक्षत्र हुन् ।

## २.४ पद्मराज जोशी 'प्रभात' को साहित्यिक यात्रा

### २.४.१ पृष्ठभूमि

साहित्य साहित्यकारको अन्तरहृर्दयको अभिव्यक्ति हो । कुनै पनि साहित्यकारले आफ्नो हृदयबाट प्रेरित भएर रचना गरेको हुन्छ । पद्मराज जोशी 'प्रभात' को सानै बाल्यकालदेखि साहित्य प्रति अभिरुचि रहेको बुझिन्छ । उनी साहित्यको रचना गर्ने प्रेरणा आफ्नै हृदयलाई मान्दछन् । सानै हुदा जंगलमा गोठालोको रूपमा गाईवस्तु चराउन जाँदा गोठाला गोठालीहरूको ठाडीभाकाका गीत र बाँसुरीका सुमधुर धुनहरूले आफ्नो हृदयमा राग उत्पन्न गराई गुनगुनाउन र लेख्न शुरु गरेको बताउछन् । उनी प्राथमिक विद्यालयमा अध्ययन गर्दा प्रत्येक शुक्रवार आयोजना हुने बादविवाद कार्यक्रममा प्रस्तुत गराउने कार्यमा गुरु भानुभक्त जैसी ज्यूको अहं भूमिका रहेको र थप उत्साह दिनेकाम प्रेमप्रकाश मल्ल ज्यू बाट भएको बताउनुहुन्छ । वि.सं. २०३६ सालमा नेपालगञ्जको महेन्द्रनगरमा गा.पं. का सचिवहरूको ६ महिने तालिम सञ्चालन संयोजक प्रेमप्रकाश मल्लको संयोजकत्वमा त्यहाँ प्रत्येक बिहीबारमा साहित्यिक साँस्कृतिक कार्यक्रमहरू आयोजना गरिन्थ्यो । तत्कालीन राजा वीरेन्द्रको शुभ जन्मोत्सवको अवसरमा वि.सं. २०३६ साल पौष १३ गते नेपालगञ्जको महेन्द्र पुस्तकालयमा निवन्ध प्रतियोगिता आयोजना गरिएको थियो। उक्त कार्यकममा पद्मराज जोशीले पनि भाग लिए । त्यस प्रतियोगितामा उनका मित्र द्रोणाचार्यले तृतीय स्थान प्राप्त गरी पुरस्कार पाउन सफल भए । तर जोशी भने कुनै स्थान आउन सकेनन् । त्यस

असफलताले उनलाई सफलताको जननीको काम गर्‍यो र उनमा उत्कृष्ट साहित्य रचनागरी पुरस्कार जित्ने हौसला मिल्यो । त्यसैको भोलिपल्ट अर्थात २०३६ पौष १४ गते राजा वीरेन्द्रको जन्मोत्सव नेपालगञ्जको रङ्गशालामा मनाउँदा साहित्यकार प्रेमप्रकाश मल्लले शुरुमा कविता वाचन गरे । साहित्यकार मल्लले त्यस कार्यक्रममा कविता वाचन गरेको देखेर जोशीको मनमा कवि भनेका ठूला मान्छे रहेछन भन्ने लाग्यो । उनी जस्तै आफूपनि कवितालेखी सवैको अगाडि कविता वाचनगरी ठूलो मान्छे बन्ने इच्छा जागृत  भयो । साहित्यकै विषय लिएर पद्मराज जोशी साहित्यकार मल्लसंग बीचबीचमा कुराकानी गरिरहन्थे । मल्लबाट ठूलो प्रेरणा मिले पछि उनी भित्र साहित्यिक राग उत्पन्न भयो र यसै कार्यक्रममा उनले 'हाम्रो देश नेपाल' भन्ने शीर्षकको कविता रचना गरी सुनाए तर उक्त कविता हाल उपलब्ध नभएको उहाँ बताउनुहुन्छ ।

पद्मराज जोशी प्रभात् शरुमा आफ्नो प्रेरणाको स्रोत गाँउघरका गोठाला,गोठाली र गुरु भानुभक्त जैसी भएपनि विस्तारै जागिरको शिलशिलामा बढ्दै जानेक्रममा जनसम्पर्क पनि बढ्दैगयो । त्यस कममा प्रेमप्रकाश मल्ल, डा. तुलसी भट्टराई, मोहन कोइराला, विनय रावल, ज्ञानुवाकर पौडेल आदिलाई विशेष प्रेरणाका स्रोत मान्दछन् भने मदनमणि दीक्षितको उपन्यास 'भूमिसुक्त' बाट आफू अत्यन्त प्रभावित भएको बताउछन् ।

## २.४.२ साहित्य लेखन शुभारम्भ र प्रेरणाः

वि.सं. २०३६ सालमा तत्कालीन राजा वीरेन्द्रको जन्मोत्सवमा पहिलो पटक 'हाम्रो देश नेपाल' नामक कविता लेखेर वाचन गरेपछि उनको औपचारिक साहित्य यात्रा सुरु हुन्छ । अनौपचारिक रूपमा उनले कविता बाल्यकालदेखि लेख्न शुरु गरेपनि उनलाई कविताको सैद्धान्तिक कुराहरू छन्द, लय, गण, शैली आदि सम्बन्धी कुराहरूको अभाव थियो । उनी केवल गुरु भानुभक्त जैसीको प्रेरणाले मात्र कविता लेख्थे । उनको रुचिको दोश्रो विषय निवन्ध र कविता हो । नेपालगन्जको गा. पं. सचिवहरूको तालिममानै पहिलो पटक निवन्ध लेखेका थिए। त्यसै क्रममा उनका विभिन्न पत्र पत्रिकामा निवन्धात्मक लेख रचनाहरू प्रकाशित भइरहेका छन् । उनले वाल्यकालदेखि गाँउकै प्रा.वि. स्कुलमै आयोजना गरिने वादविवाद प्रतियोगिता मा उनी कथा लेखेर सुनाउँथे । हाल उनका 'नामसरी कथा संग्रह २०६४' र अन्य थुप्रै फूटकर लेख रचनाहरू विभिन्न पत्रिकामा प्रकाशित भइसकेका छन् ।

### २.४.३ लेखन विस्तारः

औपचारिक रूपमा पद्मराज जोशी 'प्रभात' को वि.सं. २०३६ सालदेखिनै औपचारिक रूपमा साहित्यिक लेख रचनाहरू प्रकाशित भएका छन् । नेपालगंजको गा.पं. सचिवहरूको तालिम लिने क्रममा उनले रचना गरेको 'हाम्रो देश नेपाल' नामक कविता सर्वप्रथम 'पञ्चायत विकास प्रशिक्षण केन्द्रको बुलेटिन' पत्रिका प्रकाशित गरिएको थियो। जीवनयापनको लागि उनी सरकारी सेवाका कर्मचारीमा नियुक्त भएपछि उनका साहित्यिक सृजना निष्कृय जस्तै हुनपुगे। गा.पं. सचिवमा नियुक्ति भए पछि गाउँका कुन कुनाकन्धरामा बस्नुपर्ने र सरकारी कार्यको ब्यस्तताले गर्दा उनले थप लेख रचनाहरू सृजना गर्न सकेनन् । तर पनि उनले कैलाली र डोटीमा रहेर काम गर्ने क्रममा दुईओटा नाटकहरू रचना गरेर मञ्चन पनि गरे। तर ति हुन (क) देवासुर संग्राम (ख) सीता स्वयम्बर नामक नाटकहरू प्रकाशित गर्न सकेनन् । उनले वि.सं. २०३६ देखि वि.सं. २०५० सालसम्म रचना गरेका कविता, नाटक र निबन्धात्मक लेख रचनाहरू प्रकाशित नभई हालसम्म पनि केही रचनाहरू पाण्डुलिपिकै रूपमा छन् । वि.सं. २०५० साल पछिका दिनहरूमा उनी साहित्यिक रचनाहरूमा सक्रिय रूपमा लागे । उनका रचनाहरू पनि स्थानीय पत्रपत्रिकादेखि राष्ट्रिय पत्रपत्रिकाबाट प्रकाशित भए। यसरी स्थानिय र राष्ट्रिय पत्रपत्रिकाबाट उनका लेख रचनाहरू प्रकाशित भएपछि उनलाई थप हौसला र जाँगर बढेर आयो। साहित्यकार जोशी आफू १०-१२ वर्षको उमेरमा आफू अध्ययन गर्ने प्रा.वि. स्कुलमा आयोजना हुने अतिरिक्त क्रियाकलाप अर्न्तगत गीत, कविता, कथा, वादविवाद जस्ता साहित्यिक कार्यक्रमले नै आफूभित्र लुकेर रहेको कलालाई प्रस्पुटन गर्न मौका मिलेको अनुभव गर्दछन । [२६]

### २.४.४ आख्यानकारका लेख रचना र कृतिप्रकाशन सम्बन्धी विवरण

हालसम्म पद्मराज जोशी 'प्रभात' को कृतिहरू (१) नामसारी कथा संग्रह २०५७ (२) गौरापर्व एक परिचय २०५९ (३) सुदुर पश्चिमको समाज र लोक संस्कृति एक झलक २०६४ (४) पहाडकी सौराईं उपन्यास २०६४ छन् भने निवन्ध संग्रह, कविता संग्रह र गाँउको गरिमा कथा संग्रह प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनका फूटकर कविता लोकसंस्कृति र ऐतिहासिक लेखहरू समालोचनात्मक लेखहरू सु.प.सा.सं. धनगढी कैलाली जनपुस्तकालय लगाएत अन्य विभिन्न साहित्यिक प्रतिष्ठानहरूबाट प्रकाशित हुने मासिक वार्षिक पत्रिकाहरू, मालिका, महामाया, फूलवारी, प्रतिभा संगम, पृथ्वीजयन्ती स्मारिका,

---

२६. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

कैलाली संगम, नवजीवन स्मारिका, भूकम्प सेती समाचार दैनिक पत्रिका, नव आकांक्षा, धनगढी पोष्ट दैनिक सुरभिका साथै राष्ट्रिय स्तरका दैनिक पत्रिका कान्तिपुर, मासिक पत्रिका गरिमा, मिर्मिरे, मधुपर्क आदिवाट प्रकाशित भैरहेका छन् ।[२७]

| क.सं. | शीर्षक | पत्रिका | वर्ष | अंक | साल |
|---|---|---|---|---|---|
| १. | समाजशास्त्रीय दृष्टिकोणमा धर्मको उत्पत्ति | महामाया | १ | १ | २०५६ |
| २. | धर्म, राजनीति र भ्रष्टाचारको इतिहास र भविष्य | शताब्दी | १ | २ | २०५७ |
| ३. | जगदगुरु शंकराचार्य ज्यूको कैलाली भ्रमण र मेडिकल कलेजको शिलान्यास | शताब्दी संकल्प | १ | ३ | २०५७ |
| ४. | वेदको आशय र व्यवाहार | ,, | १ | १ | २०५७ |
| ५. | सांस्कृतिक पुनजार्गरण आजको आवश्यकता | कैलाली सगम | - | १ | ,, |
| ६. | हिन्दूधर्ममा सामाजिक संगठन | महामाया | २ | २ | २०५७ |
| ७. | युगे स्रष्टा साहित्यकार मानसिहं स्वाँर | सेती समाचार | १ | २ | २०५७ |
| ८. | किन जलाँइदैछन् संस्कृत विषयका पुस्तक | शताब्दी संकल्प | २ | १ | २०५८ |
| ९. | सुदूरपश्चिमको साहित्य यात्रा | ,, ,, | २ | २ | २०५८ |
| १०. | बहुआयामिक व्यक्तित्यका धनी राजा पृथ्वीबहादुर सिंह | कैलाली संगम स्मारिका | | १ | २०५८ |
| ११. | देउडा संस्कृतिले समाजलाई दिन खोजेका सन्देश | गरिमा | २० | ९ | २०५९ |
| १२. | स्रष्टा, शान्ति र सार्क लेखक सम्मेलन | मध्यविन्दु | १ | १ | २०५९ |
| १३. | डोट्याली लोक संस्कृति एक झलक | नवआकांक्षा | २ | १ | २०५९ |
| १४. | धनगढी साहित्य भेला एक संस्मरण | सुरभि | ७ | ७ | २०५९ |
| १५. | नेपाली साहित्यको विकासमा सुदूरपश्चिमाञ्चलको योगदान | अभिनन्दन स्मारिका | १ | १ | २०५९ |
| १६. | मानव सभ्यताको जीवन्त इतिहास शैलेश्वरी शक्तिपीठ | शैलेश्वरी कोटीहोम स्मरिका | १ | १ | २०५९ |
| १७. | युगद्रष्टा वडामहाराजधिराज पृथ्वीनारायण शाह स्मरिका | ने.रा.प्र.प्रतिष्ठान | १ | १ | २०६० |
| १८. | सुदूरपश्चिमको लोकसंस्कृतिमा भुवापर्वको महत्व | महामाया | ५ | ५ | २०६० |
| १९. | मेरी इक्यावन कविता एक पर्यावलोकन | प्रतिभा संगम | १ | २ | २०६१ |
| २०. | युगवोधको महाग्रन्थ भूमिसूक्त | महामाया | ६ | ६ | २०६१ |
| २१. | संस्कार, संस्कृति र सम्भवाका दृष्टिकोणमा गौरापर्व | देवाटवी | १५ | ५ | २०६२ |
| २२. | लालुभागा नाटक एक विहङ्गवलोकन | कैलाली सगम स्मारिका भूकम्प | १ | | २०६२ |
| २३. | भूकम्प भेटवार्ता | | | | |
| २४. | शैलेश्परी शक्तिपीठ र बाहवर्षे लक्ष्य हवन | | | | |
| २५. | भुवापर्व एक विहडगावलोकन | महामाया | | | |
| २६. | धनगढीदेखि वाराणसीसम्म | कैलाली संगम | | | |

२७. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

**साहित्यकार जोशीका कृतिहरू निम्नप्रकार रहेका छन् ।**

१) 'नामसारी' कथा संग्रह (२०५७)

२) 'गौरापर्व एक परिचय' (२०५९)

३) 'सुदूरपश्चिमाञ्चलको समाज र लोकसंस्कृतिको एक झलक' (२०६४)

४) ' पहाडकी सौराइँ' उपन्यास (२०६४)

## २.५ आख्यानकारको कृतित्वको कालविभाजन

आख्यानकार पद्मराज जोशी 'प्रभात' ले साहित्य क्षेत्रमा वाल्यकालदेखि रुचि राखे पनि त्यो बेलामा केवल लेख्ने र वाचन गर्ने कार्यमा सीमित रहेको छ । ग्रामीण परिवेशमा हुर्केका जोशीलाई त्यहाँ प्राकृतिक वातावरणका साथै साथीभाइहरूसँग वनजंगलमा गोठाला र घाँसदाउरा गर्दै जाने क्रममा तिनीहरूको सुरिलो बाँसुरीको धुनबाट प्रभाव परेको देखियो । तर पनि औपचारिक रूपमा उनी वि.सं. २०३६ सालमा नेपालगञ्जको महेन्द्रनगरमा गाउँ पञ्चायत सचिवको तालिम लिन जाँदा त्यहाँ प्रेमप्रकाश मल्लले तत्कालीन राजा वीरेन्द्रको जन्मोत्सवमा कविता वाचन गरेपछि उनी बढी प्रभावित भएका थिए । वीरेन्द्रको जन्मोत्सव कार्यक्रममा पहिलोपटक 'हाम्रो देश नेपाल' नामक कविता वाचन गरी औपचारिक साहित्यिक यात्रा सुरु गरे । नेपालगञ्जमै गा.पं.को तालिम लिने क्रममा कथा, निबन्ध पनि लेख्न थाले । उनका लेख रचनाहरू स्थानीय, राष्ट्रिय र केन्द्रीय पत्रपत्रिकाहरूमा थुप्रै प्रकाशित गरेका भए । उनको कृतिको रूपमा वि. सं. २०५७ साल पछिमात्र आख्यान कृतिहरू प्रकाशित गरेका छन् । उनका यही आख्यान कृतिका आधारमा उनका साहित्य यात्रालाई काल विभाजन गर्दा निम्न प्रकारको गर्न सकिन्छ ।

### (क) पूर्वार्द्ध चरण (वि. २०५७-२०६४)

आख्यानकार पद्मराज जोशी 'प्रभात' को आख्यानकारितालाई हेर्दा उनको पूर्वार्ध चरणमा कथा विधा पर्दछ । २०५७ सालमा 'नामसारी' कथासंग्रह प्रकाशित भएको छ । यो उनका आख्यान भित्रको कथा विधा हो । यस कथा संग्रहमा उनका १२ ओटा कथाहरू रहेका छन् । कथाकार जोशी 'प्रभात' ले आफ्नो  कथावस्तुमा प्रायः स्थानीय पात्रहरूलाई प्रयोग गरी स्थानीय समास्याहरूलाई नै प्रस्तुत गरेको छन् भने कही कुनै कुनै कथावस्तुहरू पौराणिक विषयवस्तुलाई मिथकीय पात्रमार्फत् दर्शाएका छन् । समाजमा घटना यथार्थ घटनाहरू र त्यसबाट परेको सर्वसाधारण मानिसमाथिको असरलाई देखाउन खोजेको छन् ।

समाजका ठूला-वडाहरू एकल महिला, गरिबीको रेखामुनि रहेका व्यक्तिहरूले जीवनयापन गर्ने तरिकाहरू टाठावाठाले त्यसबाट उठाएको प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा 'नामसरी' जोगेनीको जीवनलीला क्षयरोग कथाामा देखाइएको छ । यी कथाहरूमा गरिबीले पिरोलिएका सुदूरपश्चिमको ग्रामीण क्षेत्रका मानिसहरू भारतको विभिन्न ठाउँमा गई चौकीदार गर्ने, भाँडा माझ्नेजस्ता काम गर्ने र त्यहाँबाट एच.आई.भी.जस्तो महामारी रोग ल्याई घर फर्कन्छन् र कोही कहिले खाना खाने र कहिले नखाने गरी नोकरी गर्नाले क्षयरोग जस्ता रोगका शिकार भएका छन् । अर्कोतिर धनसम्पत्ति र गहना देखेर बावुसमानको हाकिमसँग छोरीको विहे गरिदिने तर छोरीको उमेरको कारणले घरमा काम गर्ने नोकर कृष्णले घरमा काम गर्ने नोकर कृष्णसँग हाकिमनी आकर्षित भएको 'वैंशको ज्वाला' कथाले अनमेल विवाहभित्रको यौन मनोवैज्ञानिक प्रभाव देखाइएको छ ।

यसरी कथाकार जोशी 'प्रभात' ले यस 'नामसारी' कथा संग्रहभित्रका नेपालको सुदूरपश्चिमाञ्चलका मानिसहरूको दिनचर्या यस कथा संग्रहभित्र देखाइएको छ ।

### (ख) उत्तरार्ध चरण (२०६४)

आख्यानकार पद्मराज जोशी 'प्रभात' को आख्यानकारिता अन्तर्गतको उत्तरार्ध चरणमा उपन्यास विधा पर्दछ । उनको वि.सं. २०६४ सालमा 'पहाडकी सौंराइँ' उपन्यास प्रकाशित भएको छ । यसमा पनि उनले स्थानीय पात्रहरूलाई नै स्थान दिएका छन् । विजयलाई प्रमुख पात्र बनाई आफ्नो 'हाट' यात्राको वर्णन गरेका छन् । सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा बसोबास गर्ने मानिसहरूको दिनचर्याहरूको स्पष्ट रूपमा वर्णन गरेका छन् । विकासबाट धेरै टाढा रहेको र राज्यको दृष्टिबाट पनि वास्ता नगरिएको यस ग्रामीण क्षेत्रको बासिन्दाहरूको दैनिक उपभोग्य वस्तु खरिद बिक्री गर्न १५ दिनसम्मको पैदल उकाली ओराली गर्दै हाट यात्राको तितो सामाजिक यथार्थलाई छर्लङ्ग पारेका छन् भने, अर्कोतर्फ प्रस्तुत उपन्यासमा धार्मिक क्षेत्रहरूको वर्णन गर्दै त्यसको उत्पत्ति, नामाकरणका आधारहरू पुराणहरूबाट निकालेका छन् । त्यसैले आख्यानकार पद्मराज जोशी 'प्रभात' ले आफ्नो उपन्यासमा लोकसाँस्कृतिक, धार्मिक, पौराणिक र ऐतिहासिक विषयवस्तु रोमाञ्चक ढंगबाट प्रस्तुत गरेका छन् ।

यसरी आख्यानकार पद्मराज जोशी 'प्रभात' को आख्यानकारितालाई हेर्दा उनका आख्यानगत कृतिको आधारमा दुई चरणमा विभाजन गरिएको छ ।

### २.५.१ निष्कर्ष

साहित्यकार पद्मराज जोशी 'प्रभात' को जन्म सेती अंचल डोटी जिल्ला को विकट भू(भागको दुर्गम पहाडी गाउँमा वि.सं. २०१६ सालमा सामान्य ब्राह्मण परिवारमा भएको हो । त्यस्तो पहाडी गाउँमा जन्मेर पनि उनले नेपाली भाषा र साहित्यलाई अमूल्य योगदान दिएका छन् । साहित्यमा विशेष गरी प्राकृतिक बनोट अन्तर्गत हिमाल, पाहाड, तराई, खोलानाला, वनजंगल, झरना र पोखरीको सुन्दर वर्णन पाइन्छ र सरल स्वभाव र सामान्य तर संघर्षमय जीवनयापन गर्ने ग्रामीण वासीहरूका कथाव्यथालाई लोकगीत, लोक आख्यान टुक्का मार्फत घतलाग्दो तरिकाबाट बिषय वस्तु बनाई वर्णन गेरका हुन्छन। साहित्यकार जोशीको जीवनमा पनि ग्रामीण परिवेशको निकै प्रभाव परेको छ। गाउँघरमा आफनै उमेरका साथी भाईसंग बाल्यकालमा गाई, बाख्रा चराउँदा गोठालाहरूले गाएका ठाडी भाकाका गीत र बाँसुरीका धुनबाट प्रभावित भएर प्राथमिक कक्षामा पढ्दा देखि नै कविता, गति, लेखेर सुनाउने गर्दथे। 'हुने विरुवा को चिल्लो पात' भनेझै उनी सानै देखि मिहिनेती र लगनशील बन्दै गए र सफल पनि बन्दै गए। उनी सात कक्षा पढ्दैगर्दा उनका बुवाको अकस्मात निधन भयो। त्यस घटनाले गर्दा उनका सपनाहरू चकनाचुर भए। त्यस पछि घरपरिवारको सम्पूर्ण जिम्मेवारी उनको काँधमा आयो। घरव्यबाहार चलाउन उनलाई साह्रै गाह्रो भएकोले उनि पढाइलाई छोडेर कामखोज्न भौतारिए । उनका भिनाजुको सहयोगबाट सरकारी कार्यालयमा जागिरे भएपनि उनको पढने इच्छा पूरा भएको थिएन । त्यसैले कामको व्यस्तताको समयमा पनि दुःख पूर्वक स्नातकोत्तर सम्मको अध्ययन पूरा गरेरै छाडे ।

प्रत्येक व्यक्तिभित्र कला र साहित्य सुपुप्त अवस्थामा रहेको हुन्छ । त्यसैले मौका पाउनासाथ प्रस्फुटन हुन्छ। त्यसैगरी पद्मराज जोशी 'प्रभात' को पनि वाल्यावस्थाको उनको प्रतिभा पारिवारिक समस्या र आर्थिक अवस्थाले गर्दा प्रस्फुटित हुनपाएको थिएन । वि.सं.२०५० साल पछिका दिनहरूमा उनका प्रतिभाहरू बसन्तका पालुवा वाहिरी वातावरणसंग संघर्ष गर्दै टुसाए जस्तै पुन टुसाउन थाले । वि.सं. २०३६ सालदेखि औपचारिक रूपमा फुटकर लेखरचना लेख्ने कार्यशुरु गरे पनि वि.सं. २०५० साल पूर्व त्यस्ता कुनै कृतिको रूपमा प्रकाशित भएन। २०५० पूर्व र त्यसपछिको समयमा लेखेका कथाहरूको संगालो 'नामसारी' कथा संग्रह २०५७ र सुदूरपश्चिमको सांस्कृतिक अनुसन्धानात्मक लेख, लोक संस्कृति, लोक गीतहरूको संगालो, गौरापर्व एक परिचय २०५९ 'सुदुरपश्चिमाञ्चलको समाज र लोक संस्कृति एक झलक' २०६४, पहाडकी सौराई २०६४

उपन्यास कृतिका रूपमा प्रकाशित भइसकेका छन् भने विभिन्न पत्र पत्रिकामा फुटकर कविता, कथा, निवन्ध, समालोचनात्मक लेखहरू प्रकाशित भैसकेका छन् साथै कविता संग्रह र निवन्ध संग्रह प्रकाशोन्मुख अवस्थामा छन् ।

यसरी जीवनमा आइपरेका उतार चढाव, सुखदुःखका वीचमा संघर्ष गर्दै जीवनको उत्तरार्द्ध तिर प्रवेश गरेका जोशीका आफ्नो सन्तान नभएपनि आफ्ना साहित्यिक लेख रचनालाई आफ्नै सन्तानको रूपमा माया गर्दै निरन्तर रूपमा साहित्य सेवामा लागि अहोरात्र खटिनु भएको छ ।

# तेस्रो परिच्छेद

# नेपाली आख्यानको विधागत अध्ययन

आख्यान विधा नेपाली साहित्यको गीत, गजल, कविताजस्तै एक महत्वपूर्ण विधा हो । तर, आख्यान विधा गद्या लेखिन्छ । यसमा सम्वादात्मक र वर्णानात्वम तरिकाबाट रचना गरिन्छ। यसभित्र कथा र उपन्यास विधालाई राखिएको छ ।

## ३.१ कथा

कथाको उत्पत्ति मानवको जन्म र मानवीय भाषा सँगसँगै भएको मानिन्छ। कथाको परम्परालाई पहिल्याउँदै जाने हो भने लिखित रूपमा लोककथासम्म पुग्न सकिन्छ । मानव सभ्यताको सुरुवातसँगै मानिसले कथा भन्ने र सुन्ने गरेको पाइन्छ । प्रारम्भमा कथालाई केटाकेटीलाई फकाउन फुल्याउन, नवयुवक, युवतीलाई मनोरञ्जन दिन र वयस्कहरूलाई कालक्षेपणको रोचक अवसर दिन कथिएको हो । तर, पछि कथा ऐतिहासिक, धार्मिक, दार्शनिक र नैतिक उपदेशका रूपमा पनि लिइयो । कथाको जन्म इ.पू. को उन्नाइसौं शताब्दीमा अमेरिकामा हर्थन र एड्गर एलेल पो.ले. गरेका हुन् । पूर्वीय आचार्यहरूले वेद, उपनिषद् र त्रिपिटकलाई लिएर कथा रचना गरे जसमा नैतिक र दार्शनिक ज्ञान दिइएको छ भने पश्चिमी जगत्का बाइबललाई आधार बनाएर जादू गरी कथा, रहस्य कथा, रोमाञ्चकथा, प्रेमकथाहरूको निर्माण गरे । संसारको सबैभन्दा पुरानो लिखित कथा मिश्र देशको एक अज्ञात व्यक्तिद्वारा लिपिबद्ध गरिएको शीर्षकविहीन एउटै कथा हो, जुन कथा आजभन्दा तीन हजार वर्ष पहिले लेखिएको थियो ।

कथा कुनै पनि नियम र सीमाभित्र नरहेको स्वतन्त्र विधा हो । यो आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त हुर्केको एउटा लचिलो किंवा परिवर्त्य विधाहरूभन्दा कनिष्ठ छ । "कथा कुशल व्यक्तिले कुशल ढंगबाट कुनै काल्पनिक अथवा सत्य घटनालाई आख्यानमा बाँधेर पात्रका माध्यमले श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्दै जाने क्रममा कथाको जन्म हुन पुग्यो ।"[१]

---

१. गुणाकर भुषाल, आधुनिक नेपाली आख्यान, दो. सं., (क्षितिज प्रकाशन, २०६१) पृष्ठ १ ।

## ३.२ कथाको परिभाषा

कथा समयानुसार घुलमिल हुँदै निश्चित सीमाभित्र नबाँधिएर परिवर्तन हुँदै अगाडि बढ्ने एउटा कला हो । यसलाई निश्चित र स्थायी परिभाषा दिन सकिदैन । कथाको सुरुवात मानिसको चेतना र विकास सँगसँगै भएको हो । साहित्यका विद्वानहरूले अन्य विधाझैं कथाको पनि आफ्नै सैद्धान्तिक मापदण्ड तयार पारेर आ-आफ्नै किसिमका परिभाषा दिएका छन् । तर, कुनै पनि कथाकारको परिभाषा बहुमान्य वा सर्वमान्य हुन सकेको छैन ।

सर्वप्रथम १९ औं शताब्दीका एड्गर एलेन पोले कथाको परिभाषा दिएका थिए । केही पाश्चात्य विद्वानहरूले दिएको परिभाषा यस प्रकार छन् :

(१) एड्गर एलेन पो : ("कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाईमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिँदैन । यो आफैंमा पूर्ण हुन्छ ।")[२]

(२) आर.के.अगू : ("आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो । यो एउटा चलाखीपूर्वक योजना गरिएको कलात्मक उपलब्धी हो ।")[३]

(३) चेलब : ("कथा यस्तो गद्य लेखन हो, जुन एक बसाइमा सिद्धिनुपर्दछ ।")[४]

(४) एच.जी.वेल्स : ("बीस मिनेटमा पढी सकिने कुनै पनि संक्षिप्त आख्यान लघुकथा हो ।")[५]

(५) फास्टर : ("कथा घटनाहरूको तारतम्य हो, जसले कुनै परिणामसम्म पुऱ्याउँछ ।")[६]

(६) हड्सन : (एक बसाईमै सजिलैसित पढि सकिने कथा हो ।")[७]

(७) बेण्डर म्याथ्युज : ("कथाले एकमात्र चरित्र वा एउटै परिस्थितिबाट उत्पन्न विभिन्न संवेगहरूको श्रृङ्खलासँग मात्र चासो राख्दछ ।")[८]

(८) समरसेट माम :("कथाको आफ्नो विशिष्ट ढाँचा हुनुपर्दछ र कथामा संक्षिप्तता हुनुपर्दछ कथा सीमित बन्धनमा बाँधिनुपर्दछ ।")[९]

आधुनिक नेपाली कथाको लेखन र प्रकाशन भर्खरै थालिएको हो । नेपाली पहिलो लिखित कथा वि.सं. १८७८ को "स्वस्थानी ब्रत कथा" मानिन्छ । तर पनि वि.सं. १९५९ मा गोरखापत्रको प्रकाशन र वि.सं. १९९० मा शारदाको प्रकाशनपछि यसले केही विस्तृत रूप पाउन सकेको छ । यसै बेलादेखि नेपाली विद्वानहरूले पनि आ-आफ्ना विचार र तर्कका परिभाषा यसरी दिएका छन् :

---

२. नेपाली कथा भाग ४, पृष्ठ ७।
३. ऐजन् ।
४. ऐजन् ।
५. ऐजन् ।
६. आधुनिक नेपाली आख्यान, दो. सं., (क्षितिज प्रकाशन, २०६१) पृष्ठ ६ ।
७. ऐजन् ।
८. नेपाली कथा भाग ४, पृष्ठ ७।
९. ऐजन् ।

(१) लक्ष्मी प्रसाद देवकोटा : ("छोटो किस्सा एउटा सानो झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ ।")[१०]

(२) गोबिन्द गोठाले ("जीवनमा आइपरेको घटनाको स्मृति नै कथा हो ।")[११]

(३) ईश्वर बराल : ("यो जीवनको एक स्थलीय किंवा एकांशीय परिचय दिने वस्तु हो ।")[१२]

(४) रत्नध्वज जोशी : (आधुनिक कथा यस्तो कला हो, जसले केही मिनेटभित्रैमा पाठकको हृदयमा चिरस्थायी प्रभाव पारिसक्दछ ।")[१३]

यसरी नेपाली विद्वानहरूले आफूले देखे, भोगे र अनुभव प्राप्त गरे अनुसार कथाको परिभाषा दिएका छन् ।

## ३.३ कथाको रचनाविधान

कथा एक यौगिक रचना हो । सबै अवगत एकाइ किंवा तत्वहरूको अनुपातिक सिङ्गो योगबाट बनेको हुन्छ । ती एकाइ वा तत्वहरू बीचमा अन्योन्याश्रित सम्बन्ध रहने हुनाले तिनलाई अलग-अलग छुट्याएर हेर्नु युक्तिपूर्ण हुँदैन । तापनि, साहित्य शास्त्रीहरुले सुविधाका लागि कथाका तत्वहरु भनेर यसरी निर्धारण गरेका छन् :[१४]

(क) कथावस्तु (ख) पात्र वा चरित्र चित्रण (ग) संवाद वा कथोपकथन

(घ) देशकाल परिस्थिति (ङ) भाषाशैली (च) उद्देश्य ।

कथाको उपयुक्त तत्वविभाजन पुरानो परम्परावादी अवधारणामा आधारित भएको हुँदा सम्प्रति निकै विकसित समालोचना शास्त्रअनुसार कथाको शरीर रचना अर्थात् रचना विधानलाई यसरी दुई खण्डमा विभाजन गरिएको छ ।

### (क) संरचना

कुनै पनि कथाकारले आफ्नो कथामा आफ्नो विचार, अनुभव, अनुभूति र देखेका र भोगेका घटनाहरूलाई कथामा राखेको हुन्छ । ती घटना वा परिवेशलाई कथाकारले सङ्गतिपूर्ण ढङ्गबाट कथाको रचना गरेको हुन्छ । संरचना संरचनात्मक उपकरणहरुको जोडजाडमात्र नभएर सिर्जनात्मक कार्य पनि हो । कथा आख्यान अन्तर्गतको महत्वपूर्ण विधा भएकाले आख्यान संरचनाका आवश्यक तत्वहरूको प्रयोग कथाको संरचनामा पनि हुने गर्दछ । कथाकारले आफ्ना कथाहरूमा आफ्नो मस्तिष्क र भावनालाई प्रतिबिम्वित गरेको हुन्छ । तर, कथाकारले आफ्नो यिनै विचार वा अनूभूतिलाई घटना र पात्रको अन्योन्य

---

१०. नेपाली कथा भाग ४, पृष्ठ ७- ८ ।
११. ऐजन् ।
१२. ऐजन् ।
१३. ऐजन्, पृष्ठ ८ ।
१४. ऐजन् ।

सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई एउटा कथाको आकार प्रदान गर्दछ । यही अकार नै कथाको संरचना हो ।[१५]

### (अ) कथानक (कथावस्तु)

कुनै पनि कथाको एउटा निश्चित विषयवस्तु हुन्छ र त्यसै विषयवस्तु अन्तर्गत निश्चित कथावस्तु हुन्छ । यो कथावस्तु आख्यानात्मक किसिमको हुन्छ । कथानकको सम्बन्ध यसै पक्षसित हुन्छ ।[१६] कथानक मार्फत् कथावस्तुको प्रस्तुति र विस्तार गरी त्यसमा देखा पर्ने घटनाहरुलाई योजनाबद्ध व्यवस्थापन गरिन्छ । कथामा प्रस्तुतिगत द्वन्द्व र उत्कर्षका स्थितिहरु देखिन्छन् । बिना द्वन्द्व दृष्यविधानले पूर्णता प्राप्त गर्न सक्दैन र त्यस्ता द्वन्द्वहरूको पूर्वाधार सम्बन्ध नरहेको खण्डमा पूर्णरूपले त्यस कथाले संरचनात्मक पूर्णता प्राप्त गर्न सक्दैन । त्यसैले कथानक योजनाबद्ध कार्यक्रमको अर्को नाम हो । [१७]

### (आ) चरित्र

चरित्रहरूको सम्बन्ध कथामा उद्देश्य र कथानकसँग गाँसिएको हुन्छ । चरित्रलाई बाहिर राखेर कथाको परिकल्पना पनि असम्भव हुन्छ । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाकलाप र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँगै गाँसिएको हुन्छ ।[१८] पात्र भन्ने वित्तिकै मानवीय पात्रमात्र बुझिन्छ तर कथामा कथाकारले मानवेतर पात्रको पनि समावेश गरेर पाठक नैतिक उपदेश दिएको हुन सक्छ । कथामा देखिने पात्रहरू पनि समय र परिस्थिति अनुसार फरक-फरक हुन सक्छन् । कुनै चल (गतिशिल) पात्र, कुनै स्थिर पात्र । चल पात्र अवस्था अनुसार विचार र कार्यव्यापारमा परिर्वतन आँउछ भने स्थिर पात्रका सम्बन्धमा समालोचकहरूले पनि विभिन्न किसिमले वर्णन र वर्गीकरण गरेका छन् । मुद्राका आधारमा अन्तर्मुखी र बहिर्मुखी, चित्रणका आधारमा स्थिर र गतिशील, प्रतिनिधिका आधारमा प्रारूपीय र व्यक्तिवादी, विशेषताका आधारमा गोला र चेप्टा आदि किसिमले पात्रको वर्गीकरण गरेको पाइन्छ ।[१९] जसरी वर्गीकरण गरेपनि पात्रको भूमिका एउटै हुने भएकाले कथामा मात्र उपस्थिति हुनुपर्छ ।

---

१५. दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४ (साझा प्रकाशन २०५७), पृष्ठ ९ ।
१६. दयाराम श्रेष्ठ, नेपाली कथा भाग ३ (साझा प्रकाशन, २०५५) पृष्ठ ३ ।
१७. ऐजन् ।
१८ ऐजन् ।
१९ ऐजन् ।

### (इ) उद्देश्य

कुनै पनि कथा पढिसकेपछि हामी जुन मुख्य कुराहरू प्राप्त गर्दछौं, त्यो नै उद्देश्य हो । अथवा कथाले दिन खोजेको शिक्षा नै कथाको उद्देश्य हो । कथाको उद्देश्यलाई सारवस्तु पनि भनिन्छ । कथामा उद्देश्यको सम्बन्ध केवल कथामा मात्र सीमित नरही कथाकारको जीवन-दृष्टिसित पनि गाँसिएको हुन्छ । कुनै पनि कथा कथाकारको जीवनको कलात्मक प्रस्तुति हो । यसले मानव समाजमा निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्रको विद्युतीय धारकै यस्ता भाव वा विचारले मानव मन वा समाज परिवर्तन ल्याउन सक्छ ।

### (ई) दृष्टिबिन्दु

कथामा दृष्टिबिन्दु भन्नाले कथावाचक वा कथाव्याख्या उभिएको ठाउँ हो । यो घटना प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकार सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथालाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै 'दृष्टिबिन्दुले गर्दछ' ।[२०] कथामा 'दृष्टिबिन्दु' दुई प्रश्नमा आधारित हुन्छ । (१) कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ ? (२) कथासँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध कायम रहेको छ ?[२१] कथामा 'म' पात्र र 'त्यो' पात्रको विशेष भूमिका रहेको हुन्छ । त्यसले कथा वाचन गर्दछ भने 'त्यो' पात्रको बारेमा 'म' पात्रले वाचन गर्दछ । 'म' पात्रलाई प्रथम पुरुष अन्तर्गत आन्तरिक दृष्टिबिन्दु भनिन्छ भने 'त्यो पात्रलाई' तृतीय पुरुष अन्तर्गत बाह्य दृष्टिबिन्दु भनिन्छ ।

### (उ) भाषा शैली

भाषा मानवीय सम्पत्ति हो । मानिसका अनुभव र अनुभूतिहरूको सम्प्रेषणका निम्ति प्रयोग गरिने सशक्त माध्यम हो । भाषाकै माध्यमबाट मानवीय विचार भावना र चिन्तनलाई अरु सामु सम्प्रेसण गर्ने काम गर्दछ । कथावस्तुको विस्तार तथा पात्रहरूको चारित्रीकरण र तिनका कार्य व्यापारको उद्घाटन भाषाबाटै हुन्छ ।

---

२०. दयाराम श्रेष्ठ, नेपाली कथा भाग ३ (ललितपुर : साझा प्रकाशन, २०५५), पृष्ठ ५
२१. दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४ (ललितपुर : साझा प्रकाशन, २०५५), पृष्ठ १०

भाषाको सम्बन्ध शैलीसँग जोडिएको हुन्छ, तर भाषा र शैली एउटै कुरा होइन । भाषाको प्रयोग सरल, जटिल तथा प्रतीकात्मक विभिन्न किसिमले गर्न सकिन्छ ।

कथाका प्रमुख तत्वहरू बाहेक चित्रवृत्ति तथा पर्यावरण, भाव, परिमण्डल, लय, गीत, बिम्व, प्रतीक आदि तत्वहरूलाई पनि राखेर चर्चा गरेको पाइन्छ । यी तत्वहरू कथाका मुख्य तत्व नभएर सहायक तत्व हुन् । कथामा सबै तत्वहरूको आ-आफ्नै भूमिका रहेपनि कथानक, चरित्र, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली कथाका मुख्य तत्वहरू हुन् ।

## ३.४ नेपाली कथाको विकासक्रम

नेपाली कथाको सवा दुई शताब्दीभन्दा लामो इतिहासमा आधुनिक नेपाली कथाको इतिहास साढे ६ दशक पुरानो देखिन्छ । आधुनिक नेपाली कथाको थालनी हुनुभन्दा अघि नेपाली कथाले झनै पौने दुई शताब्दी लामो प्राचीन र माध्यमिक काल अवधिपार गरेको छ ।[२२] नेपाली कथाले पाण्डुलिपी युगबाट पूर्ण रूपले मुद्रण युगमा प्रवेश गरेपछि यसमा आधुनिकताको सम्भावना र संकेतहरू देखिन थालेका हुन् । यद्यपि नेपाली कथाले १९९१ पछि मूलतः पश्चिमी कथाप्रभावबाट स्थापत्यकाल प्राप्त गरेको देखिन्छ ।[२३]

नेपालको इतिहासमा पृथ्वीनारायण शाहको एकीकरण अभियान सुरु भएपछि कथाको निम्ति एउटा वातावरण तयार हुन्छ । नेपाली भाषाले राष्ट्रभाषाको स्थान लिन पुग्छ ।[२४] त्यही अवधिमा नेपाली भाषामा कृतिहरू लेखिन थालिए । शक्ति वल्लभ अर्याल 'महाभारत विराट पर्व' १८२७ संस्कृतबाट नेपालीमा अनुवाद गरे । उक्त पुस्तक नै नेपाली भाषाको पहिलो कृति मानियो । यो कथा गद्य शैलीमा रचना गरेको पाइन्छ भने 'पीनासको कथा' (१८७२) ले निश्चित आकार प्रदान गरेको छ ।

यही सेरोफेरोमा नेपाली कथाहरू मुद्रित रूपमा देखिन्छ । 'तीन आहान' (१८७६) प्रथम मुद्रित कथा मानिन्छ तापनि नेपाली कथाले पूर्ण रूपले मुद्रण युगमा प्रवेश गरेको पहिलो क्षण भने 'गोरखापत्र'(१९५८) को प्रकाशन नै हो ।[२५] 'गोरखापत्र' पत्रिकाका माध्यमबाट प्रकाशित कथाहरूले नेपाली सामाजिक विषयवस्तु, शैली, रूप र संरचनालाई अवलम्बन गरेको छ । यही अवधिमा कथाहरूमा मौलिकको विकास भएको पाइन्छ । 'गोरखाली' (१९७२) को प्रकाशन मौलिक कथा प्रकाशको प्रथम क्षण मानिन्छ भने 'गोरखा

२२. हरिप्रसाद शर्मा, कथाको सिद्धान्त र विवेचना (राजकीय प्रज्ञा प्रतिष्ठान २०५९), पृष्ठ १३४ ।
२३. ऐजन् ।
२४. गुणाकर भुषाल, आधुनिक नेपाली आख्यान ,दो.सं. (क्षितिज प्रकाशन २०६१), पृष्ठ ४१ ।
२५. डा. हरिप्रसाद शर्मा, कथाको सिद्धान्त र विवेचना (ने.रा.प्र.प्र.२०६९), पृष्ठ १३४ ।

संसार' (१९८३) देखि नेपाली कथाले 'गोरखापत्र' बाट पाएको नवीन शिल्पविधान र सामाजिक विषयवस्तु तथा गोर्खालीबाट प्राप्त मौलिकताको समन्वय प्रस्तुत गरेको छ ।[२६]

यसरी कथाको विकासक्रमलाई नियालेर हेर्दा तीन खण्डमा विभाजन गरिएको छ । जसलाई निम्न रूपमा देखाइएको छ :

### ३.४.१ प्रारम्भिक काल (१८२७-१९५७)

नेपाली कथाको यो कालखण्ड मूलरूपमा संस्कृत आख्यान परम्पराकै अनुगमन हो । यस कालमा संस्कृतका शास्त्रीय कथा (Classical stories) का साथै लोकप्रिय आख्यान (Popular Tales) दुवैको नेपाली अनुवाद सर्वाधिक रूपमा भएको हुँदा यस कालमा एक प्रकारले संस्कृत कथा साहित्यलाई नै भाषान्तरणमा पुनः प्रस्तुत गरिएको थियो ।[२७] वि.स.१८२७ देखि १९५७ सम्मको एक सय तीस वर्षको अवधिमा साहित्यिक इतिहासमा नयाँ-नयाँ श्रृङ्खलाहरू भएको पाइन्छ । यस अवधिमा विशेष गरी संस्कृत साहित्य नै यसको स्रोत बन्न पुगेको छ । वैदिक, पौराणिक र अनुश्रृति कालदेखि लिच्छविकाल र मल्लकाल हुँदै शाह कालमा आइ पुगेपछि नेपाली भाषाले राजकीय रूपमा राष्ट्रभाषाको मान्यता प्राप्त गरेको हो ।[२८]

प्रारम्भिक कालमा नेपाली आख्यान क्षेत्रमा ठूलो भूमिका खेल्नेहरूमा 'स्वस्थानीव्रत कथा' (१८७८) 'बहत्र सुधाको कथा' (१९९०-९०), 'सेरामपुरको बाइबल' (१८८४), विजयानन्दको 'महाभारत विराटपर्व' (१८८६), 'आदिपर्व' (१८८९), 'रामाश्वमेध' (१८९० अगावै), 'दशकुमारचरित' (१८९३) 'बेतालपञ्चविर्शंति' (१८९३), 'तन्त्राख्यान' (१८९३), 'लंकाकाण्ड' (१९९६), 'दुनेलको पुरानु' अनि 'नयाँ सस्त्रको कथा पर्वले कुरा' (१८९९) आदि रहेका छन् । विशेष गरेर धर्मलाई केन्द्र विन्दु बनाएर लेखकहरूले पाठकवर्गको आस्थालाई सुदृढ खोजेको हुँदा राम र कृष्णको भक्तिमा आधारित गद्याख्यानहरू नेपालीमा रूपान्तरित हुनुलाई बढी प्राथमिकता दिइएको थियो ।[२९] वि.स. १९०३ मा नेपालमा कोतपर्वजस्ता ठूल्ठूला घटनाहरू घटेर शासन सत्तामा उथुलपुथुल भएका राजनीतिक घटनाहरूलाई विषयवस्तु बनाउन नसके पनि त्यस जटिल परिस्थितिसँग सामना गर्न चनाखो, इमन्दार, बलियो र निष्ठवान् हुने कुरामा सचेत तुल्याएका छन् ।

---

२६. डा. हरिप्रसाद शर्मा, कथाको सिद्धान्त र विवेचना (ने.रा.प्र.प्र.२०६९), पृष्ठ १३४ ।
२७ दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४ (ललितपुर : साझा प्रकाशन २०५७), पृष्ठ २० ।
२८ ऐजन् ।
२९ ऐजन् ।

यसरी नेपाली 'प्रारम्भिक काल' को अवधि १३० वर्षमा प्रायजसो कृतिहरू पाण्डुलिपिका रूपमा रहेको सर्वेक्षणले जनाएको छ ।

### ३.४.२ माध्यमिक काल (१९५८-१९९१)

यो अवधिमा नेपाली कथाले मुद्रण युग प्राप्त गरेपनि त्यो केवल इतिहासमा मात्र सीमित रह्यो । यो बेलामा मुद्रित कथाहरूको संख्यात्मक त्यति देखिएन । त्यसैले गर्दा १८६२-१९५७ पूर्वको समयावधिलाई पनि नेपाली कथाको पाण्डुलिपि युग नै मानिन्छ । यस अवधिमा पनि कथाको मूल प्रवृति पाण्डुलिपिकै आधारमा छुट्याइयो । पाण्डुलिपिको युगबाट अघिबढी पूर्ण 'मुद्रण युग' मा नेपाली कथाले प्रवेश गरेको क्षण १९५८ हो । यस क्षणको आविर्भाव गोरखापत्रको प्रकाशनबाटै भएको हो ।[३०] माध्यमिक कालको ३२ वर्षको समय नेपाल भित्र-बाहिरबाट साहित्यिक पत्रकारिताको परम्परा प्रारम्भ भएर एउटा निश्चित दिशा लियो । लेखकहरूमा चेतनाको अभिवृद्धि गऱ्यो । मानवीय चिन्तनलाई निश्चित बनायो । जसको परिणाम कथाकारहरू मौलिक रचनातर्फ बढी प्रेरित भएका देखिन्छन् । अन्य भाषाबाट अनुवाद गर्ने परम्परा समाप्त भई मौलिकता बढेको छ ।

वि.सं १९४३ मा बनारसबाट 'गोरखा भारत जीवन' र सं. १९५५ मा नेपालबाट 'सुधासागर' नामक नेपाली पत्रिकाहरू प्रकाशित भइसकेको भए तापनि तिनमा कथा छापिएका कुराको जानकारी पाइएको छैन । 'गोरखापत्र' (१९५८) को प्रकाशनदेखि भने नेपाली कथाले आमसञ्चारको माध्यम पाउन थाल्यो ।[३१] गोरखापत्रको प्रकाशनपछि 'सुन्दरी' (१९६३), 'माघवी' (१९६५), गोरखाली (१९७२), 'चन्द्रिका' (१९७४) र गोरखासञ्चार (१९८३) जस्ता साहित्यप्रधान पत्रिकाहरू प्रकाशित भए ।[३२] 'गोरखापत्र' प्रकाशनभन्दा अगाडिका कथाहरू रूपान्तर टीका, अनुवाद, लिपिमात्र थिए । ती कथाहरूका कथाको शिल्प र शैली भेटिंदैन । 'गोरखापत्र' साहित्य सेवाको उद्देश्य लिएर नजन्मिएर राणाहरूको निश्चित स्वार्थमा जन्मिएको समाचार पत्रिका थियो तर पनि सम्पादकको सचेतताले गर्दा थाहै नपाई कथा कविता, जीवनी जस्ता साहित्यिक रचनाहरू प्रकाशित गरेका थिए ।

वि.सं. १९९० सम्ममा गोरखापत्रमा करिब पाँच दर्जन विविध विषययुक्त कथाहरू छापिए, जुन कथाहरू तल उल्लेख गरिएका छन् ।

---

३०. डा. दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४, पूर्ववत् ।
३१. डा. दयाराम श्रेष्ठ, मोहनराज शर्मा, नेपली साहित्यको संक्षिप्त इतिहास ,(साझा प्रकाशन २०६४) पृष्ठ ७६ ।
३२. ऐजन् ।

(१) सामाजिक अन्तर्गतः 'प्राचीन प्रपञ्च' (१९६२), 'प्रत्यागमन' (१९६७), 'माला' (१९६८), 'दालिमा' (१९६०), 'सुकुलगुण्डाको कहानी' (१९६९), 'हिराको औंठी' (१९७०) 'बुढाको विवाह' (१९७४) आदि ।

(२) मनोरञ्जन अन्तर्गत : 'उट्पट्याङ्ग' (१९५९), 'हँस्सी' (१९६२) 'ठट्टाबाज' (१९६८), 'बदला' (१९५९) आदि ।

(३) धार्मिक पौराणिक अन्तर्गत : 'प्राप्तव्यमर्थ लभते' ( १९५९), 'भिक्षुको हृदय' (१९६८), 'धर्मात्मा' (१९६८) आदि ।

(४) नीतिमूलकः 'पतिव्रत चरित्र' (१९५९), 'नीचता र उदारता' (१९७२) आदि ।

(५) जासुसी अन्तर्गत : 'एक विचित्र जासुसी' (१९६१), 'भूतलीलो' (१९६३) आदि ।

माध्यमिक कालको नेपाली कथामा जुन गत्यात्मकता आयो, त्यसको पृष्ठभूमिमा नेपालीहरूको बौद्धिक, सामाजिक र सांस्कृतिक चेतनालाई राख्न सकिन्छ ।[३३]

## ३.४.३ आधुनिक काल (१९९२) देखि

'शारदा' पत्रिकाको प्रकाशनको सँगसँगै नेपाली कथाको आधुनिक काल सुरु भएको छ । करिब साढे छ दशक लामो अवधि नेपाली कथाको विधागत अस्तित्वको काल हो । यस काललाई नेपाली कथाको आधुनिक काल मानिन्छ । नेपाली कथामा आधुनिकताका सुत्रपात र विकास गर्नमा 'शारदा' पत्रिकाको योगदान उल्लेखनीय छ । नेपाली कथामा आधुनिकताको प्रारम्भ बिन्दु १९९२ हो ।[३४] वैज्ञानिक उन्नति, प्रगति र विकासले विश्वमा निकै प्रभाव पारेकाले पुराना रुढीबाढी, अन्धविश्वास कुरीति र आदर्शलाई चुनौती दिँदै नयाँ आयाम थप्न सफल भएको छ । देशको सामाजिक सांस्कृतिक स्थितिले नेपाली लेखकहरूलाई काल्पनिक संसारबाट यर्थाथतिर डोऱ्यायो ।

'शारदा' पत्रिकको माध्यमबाट आधुनिक नेपाली कथाकारहरूले सत्यको प्रकाशन व्यक्तिको मूल स्वरूपको प्रतिपादन क्षण विशेषको वैयक्तिक अनुभव र प्रतिक्रियाको अभिव्यक्ति तथा समग्र जगत्को वास्तविक स्वरूप प्रदर्शन गर्न लक्ष्य लिएका छन् ।[३५]

विक्रमको बीसौं शताब्दीको अन्तिमतिर र अर्को शताब्दीको सुरुमा नेपाल लगायत विश्वमा निकै राजनीतिक घटनाहरू घटे । त्यसैको परिणामस्वरूप साहित्यको पनि नयाँ रूप

---

३३. डा.दयाराम श्रेष्ठ, मोहनराज शर्मा, नेपली साहित्यको संक्षिप्त इतिहास, (साझा प्रकाशन २०६४) पृष्ठ ७६ ।

३४. ऐजन्, पृष्ठ ७८ ।

३५. ऐजन् ।

लियो । आधुनिक नेपाली कथाको इतिहास करिब साढे ६ दशकको छ, जसमध्ये पहिले तीन दशकलाई 'यथार्थवादी युग', पछिल्लो दुई दशकलाई नवचेतनावादी युग र त्यसपछिको समयलाई 'समकालीन धारा' भनेर नामाकरण गर्नु युक्तिसङ्गत हुन्छ । [३६]

### (क) यथार्थवादी युग (१९९२-२०१९)

'शारदा' पत्रिकाले नेपाली कथा विश्वलाई 'आधुनिक कालको प्रवर्तन गरेपछि यसै इतिहाससँग श्रृङ्खलाबद्ध हुँदै 'उदय' (१९९३), 'साहित्यस्रोत' (२००४), 'हाम्रो कथा' (२००६), 'प्रभात' (२००८), 'प्रगति' (२०१०) 'धर्ती' (२०१६) जस्ता पत्रिकाहरू प्रकाशित भए । जापानको जागरण र एसिया महादेशमा त्यसको प्रभाव दुई विश्वयुद्धको प्रभाव नेपालभित्र पनि पऱ्यो । त्यसले लेखकहरूलाई यथार्थ ओकाल्न प्रेरित गऱ्यो ।  यसै समयमा 'शारदा' पत्रिकामा गुरूप्रसाद मैनालीको 'नासो' वी.पी. कोइराला को 'चन्द्रवदन' वालकृष्ण समको 'पराइघर' (१९९२) प्रकाशित हुन्छन् ।

यसकालका साहित्यहरूमा झपटबहादुर राणा, चक्रपाणि चालिसे, पूर्णदास श्रेष्ठ, भवानी भिक्षु भीमनिधि तिवारी आदि देखिन्छन् ।

### (ख) नवचेतनावादी युग (२०२०-०३९)

यथार्थवादी युगपछि सं. २०२० को दशकदेखि आधुनिक नेपाली कथाको 'नयाँ चेतनावादी युग' सुरु भएको मानिन्छ । यस युगमा तेस्रो आयामेली आन्दोलनले कथा लेखक प्रक्रियामा नयाँ आयाम ल्याएको छ । यसकालका कथामा नवीनता रहने मन्यता छ । पुरानो परम्परालाई त्यागी नवचेतना, नवधारणा, नवदृष्टि, नवपरिप्रेक्ष्य, आदिको बाहुल्यता रहेको छ । तेस्रो आयाम, राल्फा, अस्वीकृत जमात, अमलेख र वुटपालिस जस्ता आन्दोलनले परम्पराका विरोधी रहेर नवचेतनाको समर्थन रहेका थिए । यस युगका कथाकारहरूमा परशु प्रधान, प्रेमा शाह, पारिजात, दौलतविक्रम विष्ट, शङ्कर लामिछाने रहेका छन् ।

### (ग) समकालीन धारा (२०४०)

वि.सं. २०४० को दशकमा नयाँ पुस्ताका प्रतिभाशाली कथाकारहरूका साथै स्थापित

---

३६. डा.दयाराम श्रेष्ठ, मोहनराज शर्मा, नेपली साहित्यको संक्षिप्त इतिहास, (साझा प्रकाशन २०६४) पृष्ठ ७९ ।

नवचेतनावादी कथाकारहरूको साथै स्थापित नवचेतनावादी कथाकारहरूको एउटा ठूलो जमातले नेपाली कथालाई विश्व सन्दर्भसँग जोड्ने र त्यसमा आफ्नो राष्ट्रिय अस्मितालाई कायम राखी छुट्टै पहिचान पनि खोज्ने प्रयत्न गरे ।[३७] यस कालमा एकातर्फ स्वैरकल्पना र विसङ्गतिवादलाई व्यापक बन्यो भने अर्कोतर्फ यसले स्थानीय र क्षेत्रीय गुण र संस्कृतिको मोहलाई अग्रसर बनाएको छ । वि.सं. २०४० को दशकपछि निष्क्रियताको स्थितिले नेपाली कथाको समकालीन स्वरलाई खुल्ला रूपमा मुखरित गर्न बाधा गऱ्यो । यसको कारण नेपालीहरूमा निराशा छाउनु, इच्छित फल प्राप्त हुन नसक्दा मोह भङ्ग हुनु । सामाजिक सांस्कृतिक मूल्य निर्वल र कमजोर बन्दै जानु, नैतिक सङ्कट विकृति र विनाशमा परिणत हुनु र अन्तमा राष्ट्रिय परिवेश सङ्कटमा पर्नु यस कारणले गर्दा नेपाली कथाको नियतिका सामु अनेकौ चुनौतीहरू तेर्सिएका छन् ।

**(अ) नवीन विषयक्षेत्रको आविष्कार**

सं. २०४० को दशकको पूर्वार्धमा नवचेतनावाद विस्तार भएर अझ धनीभूत हुने प्रक्रममा गत्यात्मक चरित्र भएको पाइन्छ । परम्परा भत्काउनु हुन्न्, यो त राष्ट्रिय सम्पदा हो । तथा मौलिक जीवन बाँच्नुको सरल शैली हो भन्ने चेतना कथाकारहरूमा भयो । त्यसैले परम्पराप्रति उनीहरू नतमस्तक भएर त्यसलाई विभिन्न प्रतीक र प्राक्सन्दर्भहरू (Allivission) द्वारा व्यक्त गरे ।[३८] तर, पनि तिनीहरू समकालीन स्वरहरूलाई पनि तिरस्कार गर्न सक्दैनथे । तिनीहरूमध्ये कोही सामाजिक यथार्थमा लागे, कोही मनोविज्ञान तर्फ लागे, कोही प्रगतिवाद तर्फ लागे । नयाँ समकालीन नेपाली कथाकारहरूले स्वैर-कल्पनालाई एउटा शैली बनाएर जीवन मूल्यलाई भावना र भावुकता होइन, तार्किक विचारको कोणबाट लैजाने काम गरे । यसो गर्दा तिनीहरूले जीवनका अन्तरङ्ग रहस्यहरूलाई विभिन्न परिप्रेक्ष्यमा परीक्षण गरी त्यसबाट प्राप्त परिणामहरू खुट्टयाए ।[३९] समकालीन नेपाली कथा रुग्ण मानिस र सामाजिक व्यवस्थाप्रति व्यङ्ग्य हो । व्यङ्ग्यमा विद्वान र विधाहरूमा विसङ्गति कथाकारहरूको मूलकथा भएको हुँदा कथाको सैद्धान्तिक ढाँचा भने नवचेतनावादी धाराकै कायम रहन गएको पाइन्छ ।[४०]

---

३७. डा. श्रेष्ठ, दयाराम, मोहनराज शर्मा, नेपली साहित्यको संक्षिप्त इतिहास (साझा प्रकाशन २०६४) पृष्ठ ८७ ।
३८. ऐजन् ।
३९. ऐजन् ।
४० ऐजन्, पृष्ठ ८८ ।

(आ) **वर्तमान नियति (२०४६) पश्चात्**

यो अवस्थामा नेपाली कक्षा क्षेत्र पूर्णरूपमा सक्रिय पनि छैन र पूर्णरूपमा सुसुप्त पनि देखिँदैन । प्रायः सबैजसो पत्रिकाहरूले पानाहरू रंगाएकै थिए । तर, बगैँचामा वसन्त नभएभ्रै,नारी जीवनलाई वैधव्यको ग्रहणले गाँजेकै सातो हराएर पहेलिएको एउटा अवोध बालककै उत्साहजनक राष्ट्रिय वातावरण पटक्कै नभएको आज नेपाली कथा मन्द चालमा हिँडिनै रहेको छ, तर हिँडाइ लाटो छ, खुट्टामा तागत हराएको जस्तो छ ।[४१] वर्तमान अवस्थाको विकृति र विसङ्गतिद्वारा प्रदूषित वातावरणको असरले गर्दा कथाकारहरूको विचारमा निराशा उत्पन्न भयो । सबै लङ्गडा भए । सबै अपाङ्ग भए । यही नै नेपाली कथाको गुनासो हो ।

(क) **गनतन्त्रको पूर्वाद्धयुग (२०५२-०६२)**

नेपालको राजनितिमा २०५२ सालपछि पनि ठुलो भुइँचालो आएको देखिन्छ । २०५२ सालमा नेपालमा नेपाल कम्युनिष्ट पार्टी माओवादीले आफ्नो छुट्टै आन्दोलन गरी विभिन्न हिंसात्मक कामहरू गर्दै भूमिगत जनयुद्धलाई अग्रसर बनाए । आमहडताल, तोडफोड, वमगोली, बरुद र हतियार प्रहार भन्नेकुरा सर्वसाधारणबाट पनि सुन्न पाइयो । ठाँउ ठाँउमा

नेपाली सेना र नेपाली प्रहरी बिच भिडन्त भई हजारौ नेपालीहरूको ज्यान गयो । घरवाट बाहिर निस्कन मानिसलाई डर, त्रास भयो । आताङ्कै कारण घरबाट निस्केपछि साँझ सकुशल घर फर्काने र नफर्काने कुरोमा शङ्कै लाग्थ्यो । थुप्रै नेपालीहरूले घरबार छोडेर कोही बिदेश पलायाल भए भने कोही शहर पसे । गाँउघरमा जवान तन्नेरी देख्न पाइन्नथ्यो । स्वतन्त्र लेखरचना र समाचारहरू सम्प्रेषण गर्न नसकिने अवस्था आयो कयौं पत्रकार र शिक्षकहरूको हत्या भयो ।

अर्को तर्फ २०५८ सालमा दरबार हत्याकाण्ड भयो । यस घटनामा तत्कालीन राजा वीरेन्द्रको वंश विनाश भयो । त्यस पछि नेपालका राजा ज्ञानेन्द्र शाह भए । उनको शासनशैली निंरकुश भएकोले उनको विरुद्धमा साहित्यकारका रचनाहरू प्रकाशित हुन् थाले । तत्कालीन कथाकारहरूमा महेशविक्रम शाह (छापामारको छोरो), चंकी श्रेष्ठ (निर्वाण) गरिमा, वर्ष २८,अकं ५, पूर्णाङ्क ३२३, बैशाख २०६७), हरि आधिकारी (कमरेड अशान्तको एक साँझ) वर्ष २७, अकं-१२, पूर्णक-३२४, मंसिर ०६६) ऋषिराज बराल (बाँसुरी वादक, वर्ष २८, अक-४ पूर्णाङ्क-३४० चैत्र २०६७) आदि हुन् ।

---

४१. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपली साहित्यको संक्षिप्त इतिहास(साझा प्रकाशन २०६४) पृष्ठ ८७ ।

(ख)   **गणतन्त्रको उत्तरार्द्धयुग (२०६३-हाल)**

दरवार हत्याकाण्डपछि नेपालका ज्ञानेन्द्र शाह राजा भए । दरबार हत्याकाण्डमा राजा ज्ञानेन्द्रकै हात छ भन्ने प्रसङ्गहरू पनि बाहिर आउन थाले । उनको विरोध हुन थाल्यो । जतातत‌ै विरोध हुन थालेपछि उनले देशमा सङ्कटकालको घोषणा गरे जसको परिणाम जनता उनीसँग रिसाएर ज्यानको बाजी लगाई आगोको ज्वालामा हाम फल्ना पनि नडराउने  भई १९ दिने जनआन्दोलन गरे जसको परिणाम स्वारुप नेपालमा बहुमतले गणतन्त्र घोषणा भई राष्ट्रपतीय प्रणाली लागु भयो । २०४६ को संविधान खरिज भई २०६३ मा अन्तरिम संविधान बन्यो । त्यसपछि पनि देशमा कुनै स्थिर सरकार बनेन । आ-आफ्ना मागहरू राख्दै विभिन्न दलवाट बन्दहडताल र चक्का जाम हुन पुग्यो । विभिन्न पार्टीका शीर्ष नेताहरू संविधान वनाई शान्ति प्रक्रिया ल्याउनुको सट्टा आफूमात्र प्रधानमन्त्री कसरी बन्ने भन्ने होडमा लागि रहे । यस वेलाका कथाकारहरूमा नारायण तिवारी (काठमाडौंमा सूर्यस्नानः गरिमा वर्ष २८ अंक ४, पूर्णङ्क ३२८ चैत्र २०६६) चकीं श्रेष्ठ (निर्वाण, गरिमा, वर्ष २८, अंक-५, पूर्णाङ्क ३२९, वैशाख २०६७) भाउपन्थी (भिन्नभिन्न उकुसमुकुस, गरिमा, वर्ष २८, अंक-२, पूर्णाङ्क ३२६, मार्घ २०६६), प्रदिप नेपाल पद्मावाती सिंह (टेम्पुचालक), मनमाया, गरिमा वर्ष-२७, अंक-१२, पूर्णाङ्क ३२४, मंसिर २०६६) आदि हुन् ।

यसरी लगभग पौने दुई सय वर्षको नेपाली कथाको इतिहासमा देखिएका विभिन्न मोडहरूले विभिन्न घटना विभिन्न अवस्था र विविध समयलाई पारगर्दौ अहिलेको अवस्थामा आइपुगेको हो । कहिले संस्कृतिलाई, कहिले यथार्थतालाई, कहिले नवचेतनावादलाई उछिन्दै नयाँ इतिहास कायम गरेको पाइन्छ ।

## ३.५ उपन्यास

### ३.५.१ परिचय

आख्यानभित्रको अर्को विधा हो उपन्यास । मानवीय जीवनका घटनाक्रमहरूलाई कथानकको अन्वितिद्वारा साहित्यिक चित्रण गर्न गद्यात्मक अभिव्यक्ति नै उपन्यास हो । 'उपन्यास' शब्द तत्सम् शब्द हो । शाब्दिक व्युत्पत्ति केलाउने हो भने उपन्यास शब्द 'अस्' धातुमा उप र नि उपसर्ग तथा घञ् (अ) प्रत्यय लागेर बनेको देखिन्छ । उपन्यास शब्दको अभिप्राय कुनै वस्तुलाई नजिक राख्नु भन्ने हो ।[४२] संस्कृत साहित्यमा उपन्यास भन्नाले कुनै प्राक्थनात्मक गद्मय रचनालाई आख्यायिका वा आख्यान भनिन्थ्यो । यस्ता आख्यानका अन्य

४२. कृष्णहरि बराल र नेत्र 'एटम' उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (साझा प्रकाशन २०६३) पृष्ठ ३ ।

सूत्रहरू दन्त्यकथा, नीतिकथा एवं लोककथाहरूमा उपलब्ध हुन्छन् । उपन्यासलाई अंग्रेजीमा भनिन्छ Noval भने मराठीमा 'काम्बरी' भनिन्छ ।[४३]

उपन्यास सम्पूर्ण जीवनको समष्टि प्रस्तुति हो । मानिसको जीवनभित्र आईपर्ने युगयुगसम्मको सांस्कृतिक सभ्यता, इतिहास, सङ्गति, विसङ्गति आदिलाई कथानक, पात्र, वातावरण, क्रियाकलाप, द्वन्द्व, विचार आदिका माध्यमबाट जीवन्त प्रस्तुति उपन्यासले गरेको हुन्छ । उपन्यासले समाजलाई नजिकबाटै हेर्ने, विश्लेषण गर्ने, समाजको चित्रण गर्ने गर्दछ भने अर्कोतिर बृहत् जीवनको परिचय र सत्यको प्रस्तुति पनि गर्दछ ।

## ३.५.२ उपन्यासको परिभाषा

उपन्यास विषयमा थुप्रै विद्वानहरूले चर्चा परिचर्चा गरको पाइन्छ । तिनीहरूमध्ये केही विद्वानहरूको मत मात्र लागु भएका छन् । किनभने उपन्यासको विषयमा दिइएको विद्वानहरूका परिभाषाहरूमा सङ्गोपाङ्गो सकिएको छैन । मानवीय जीवनका विभिन्न पक्षहरू, घटनाहरू, अवस्था, वातावरण आदिलाई उपन्यासको विषयवस्तु बनाउन नसक्नु यसको कमजोरी पक्ष हो । साहित्यका कुनै पनि विधा सुरुदेखि हालसम्म एकनासका रहिरहन नसकेकोले पनि विद्वानका विचारमा एकरूपता नआएको हो ।

उपन्यासको विषयलाई लिएर विभिन्न विद्वानहरूले विभिन्न समयमा दिएका परिभाषाहरू यसप्रकार छन् :

(क) "विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबैखाले कृतिहरूलाई उपन्यास भनिन्छ ।"(M.H.Abra, A Glossary of Literary Terms)

(ख) "उपन्यासको रुचि र अस्तित्व जहाँ पनि नारी र पुरुषका जीवनका साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नमा रहेको हुन्छ ।" (W.H.Hudson, An Introduction to the study of literature)

(ग) "उपन्यासले मानव जीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्व अन्य कला र साहित्यभन्दा स्वभाविक रूपले बढी छ ।"(D.H.Lawrence, Why the Novel Matters?)

उपन्यासको क्षेत्रमा केही नेपाली उपन्यासकारहरूले पनि आफ्नै तरिकाले परिभाषा दिएका छन् :

---

४३. ऐजन् ।

(क) "उपन्यास मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।" (कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार)[४४]

(ख) "कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँछ ।" (वासुदेव त्रिपाठी, विचरण)[४५]

(ग) "यथार्थसँग परिचायन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवनशिक्षण, व्यक्तित्वको पुनर्न्वेषण, मानवताको प्राप्ति उपन्यासको प्रमुख दायित्व हुन् ।" (इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू) [४६]

(घ) "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।" (राजेन्द्र सुवेदी, नेपाली उपन्यासः परम्परा र प्रवृत्ति)[४७]

समष्टि समाजको बिम्ब एकै समाजमा र एकै समाजको विम्ब समष्टि समाजमा प्रतिविम्बीत हुन सक्छ । समष्टि परिवेश एकैं परिवेशमा र एकै परिवेश समष्टि परिवेशमा प्रदशित हुन सक्छ । यी सबै समीकरणको गुण सन्निवेश भएको रचना उपन्यास हो ।

### ३.५.३ उपन्यासका तत्वहरू

**(क) कथानक**

उपन्यास निर्माण हुन केही तत्वहरू अनिवार्य देखिन्छन् तर ती तत्वहरू एउटै नभएर विद्वानहरूको मत अनुसार फरक-फरक रहेका छन् । यति हुँदाहुदै पनि केही तत्वहरूका बारेमा भने केही सहमतिको स्थानमा पुग्न सकेको संकेत छ । कथानक उपन्यासको आधार वस्तु हो, जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शब्मा भन्ने हो भने, घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोड्ने र स-संगठितता प्रदान गर्ने काम कथानकले गर्दछ ।[४८]

**(ख) चरित्र**

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । चरित्र चित्रणले गर्दा आधुनिक उपन्यास जीवनको भाष्यझैं वर्णित छ । यसकारण उपन्यासमा चरित्रको महत्ता सर्वोपरी गरिन्छ । आ-आफ्ना सामाजिक, वैयक्तिक र भौगोलिक विशेषताहरूले गर्दा मनुष्य जातिमा असंख्य

---

४४. कृष्णहरि बराल र नेत्र 'एटम' उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (साझा प्रकाशन २०६३) पृष्ठ ७ ।
४५. ऐजन् ।
४६. ऐजन् ।
४७. ऐजन् ।
४८. ऐजन् ।

विविधता छन् । चरित्रको ज्ञानलाई चित्रणको संज्ञा दिन सकिन्छ, जसको सहायताले उपन्यासमा उनीहरूका जातीय विशेषताहरू, मानवीय शाश्वत सत्यहरू र व्यक्तिका प्रवृत्तिगत औचित्यहरू उद्घाटित हुन्छन् । अतः सामाजिक, वैयक्तिक वा मानवीय आधारमा उनीहरूका वैविध्यको र विविधताभित्र एकताको अध्ययन गर्नु उपन्यासमा चरित्रको लक्ष्य हो ।[४९]

### (ग) कथोपकथन

कथोपकथन उपन्यासको एक नाटकीय तत्व हो । नाटकमा अभिनयद्वारा वक्त्याउने कुरा उपन्यासमा संवादद्वारा चित्रित गरिन्छ भने कथन सर्वथा सत्य हो ।[५०] कथाको विकास, चरित्र-चित्रण र लेखकको आशय स्पष्ट गर्न संवादको सहायता लिइन्छ । वर्णित घटना र दृश्यहरूमा सजिवता ल्याउन मात्र होइन रोचकता, स्वभाविकता सृष्टि गर्नमा समेत कथोपकथनको महत्वपूर्ण भूमिका रहन्छ ।[५१] पात्रका अन्तर र बाह्य दुवै जगत्का जटिलताहरू, कुण्ठा र वितृष्णाका, आकर्षण र उत्साहका प्रसङ्गहरू उपन्यासका पात्रहरूका संवादबाट व्यक्त हुदै जान्छन् । पात्र अनुकूल संवाद र आत्मसंलाप, मनस्सङ्गात, अन्तर्मुखी प्रवृत्ति मूल्यहरू पनि कथोपकथनकै माध्यमबाट व्यक्त हुन्छन् ।

### (घ) शैली

उपन्यासकारका आआफ्नै उपन्यास रचना गर्ने शैली हुन्छ । यो व्यक्ति व्यक्तिबीच देखिने भिन्नता भएकोले यसलाई निजत्वको विशिष्ट रूप भनिन्छ । उपन्याससँग सम्बन्धित व्यक्तिहरू शैलीलाई उपन्यासको व्यक्तित्व पनि भन्दछन् । शैली स्वयम्मा रूपहीन जस्तो लागेपनि वास्तवमा उपन्यासको रूप-व्यक्तित्व, सीप-सौन्दर्य र भाव-वैशिष्ट्य यसकै रूपाकृति हुन् । प्रत्येक उपन्यासकारको अलग-अलग व्यक्तित्व भए जस्तै उपन्यासको पनि अलग-अलग शैली छन् । जस्तै (वर्णनात्मक, विश्लेषणात्मक, आत्मकथात्मक, आलोचनात्मक आदि)

---

४९. कृष्णचन्द्र सिंह प्रधान, **नेपाली उपन्यासकार र नेपाली उपन्यास,** साझा प्रकाशन, २०६१, पृष्ठ ८ ।
५०. ऐजन् ।
५१. ऐजन् ।

### (ङ) भाषा

औपन्यासिक तत्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्व सर्वाधिक छ । साधारणतया हेर्ने हो भने, उपन्यासमा कथा समय र पात्र अनुकूल भाषा अख्तियार गरिन्छ ।[५२] साथै भाषाद्वारा उपन्यासलाई मूर्त प्रकट गरिन्छ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । काव्य श्रव्यप्रधान हुन्छ, नाटक दृश्यप्रधान हुन्छ भने उपन्यास पाठ्यप्रधान हुन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्य चेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ ।

### (च) वातावरण

उपन्यासमा हुने कार्यव्यापारले पाठकलाई छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुखदुःख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो ।[५३] उपन्यासमा देखिएका वस्तु वा चरित्र देशकालको वातावरणसँग र समय सम्बन्धित भई युगको सामाजिक परिस्थितिले उपन्यासलाई मूर्त रूप दिई विश्वसनियता बनाउँछ । यसले परिवेश अन्तर्गत आफ्नो संसार बनाउँछ र देशको सामाजिक, धार्मिक, राजनीतिक, आचार-विचार, रीतितिथि, चालचलन र समाजका असल-खराब, व्यवहारिक र वैचारिक पक्षहरूलाई पनि वातावरणले इङ्गित गर्दछ ।[५४]

### (छ) उद्देश्य

कुनै पनि उपन्यास कुनै पनि प्रयोजन पूरा गर्न रचिएको हुन्छ । कुनै पनि उपन्यास कुन प्रयोजनमा लेखिएको छ भन्ने पत्ता लगाउनु उद्देश्य हो । प्रयोजनबिनाको कल्पनाले औपन्यासिक स्वरूप लिन सक्दैन । यस कारण कुनै-कुनै उद्देश्य निहित हुन्छ । उपन्यास रचनाको प्रयोजनमा चाहे त्यो प्रत्यक्ष आरोपित भएको होस् अथवा परोक्ष रूपमा अन्तर्निहित[५५] उपन्यासले जीवनको नै समग्र जीवनलाई समेट्ने हुँदा जीवनमा मानिसले सिक्नुपर्ने सामाजिक, नैतिक, राजनैतिक, व्यवहारिक गुणहरू समावेश गराइ जीवनमा लागू गर्ने उद्देश्य हुन्छ ।

---

५२. ऐजन्, पृष्ठ ९ ।
५३. पूर्ववत्, पृष्ठ ३४ ।
५४. कृष्णचन्द्र सिंह प्रधान, नेपाली उपन्यासकार र नेपाली उपन्यास, साझा प्रकाशन, २०६१, पृष्ठ १० ।
५५. ऐजन्, पृष्ठ ११ ।

उपन्यासकारले आफ्ना उपन्यासमा आफ्नै किसिमले महत्व दिइ उपन्यास लेखे पनि सबै उपन्यासका तत्वहरू उपन्यासमा त्यत्तिकै महत्वपूर्ण छन् । विभिन्न तत्वहरूको समावेशद्धारा निर्मित हुने उपन्यासमा धेरथोर तात्विक वस्तुको घटीबढी भए पनि तिनीहरूको परित्याग गरी उपन्यास सफल हुन सक्दैन । यस दृष्टिले उपन्यासको विभाजन उचित नै छ ।

### ३.५.४ कथा र उपन्यासबीच भिन्नता

साहित्यका विविध विधामध्ये आख्यान विधा पनि एक छुट्टै विधा हो । आख्यान विधा भित्रपनि कथा र उपन्यास दुईओटा भेद छन् । दुईटै आख्यान विधा भएपनि यिनीहरूबीच केही भिन्नता रहेको छ ।

| **कथा** | **उपन्यास** |
|---|---|
| १. कथामा जीवनको कुनै आँशिक पक्ष विशेषको चित्रण रहन्छ । | १. उपन्यासमा जीवन र जगत्लाई पूर्णतामा प्रस्तुत गर्ने प्रयास गरिन्छ । |
| २. कथा एउटा फूल जस्तै हुन्छ । | २. उपन्यास एउटा बगैंचा जस्तै हुन्छ । |
| ३. कथा आकारमा सानो हुन्छ र एक बसाईमा बढी सकिन्छ । त्यसैले दिदी जस्तै हो । | ३. उपन्यास आकारमा सानो हुन्छ र यसमा समयको सीमा हुँदैन । बहिनी जस्तै हो । |
| ४. कथामा विषय, विस्तार, उद्देश्य र प्रभाव एउटै हुन्छ । | ४. यसमा थुप्रै विषय, विस्तार उद्देश्य र प्रभाव हुन्छन् । |
| ५. कथाको शैली व्यञ्जनात्मक हुन्छ । | ५. यसको शैली विषणात्मक र विश्लेषणात्मक हुन्छ । |

यसरी कथा र उपन्यासमा थुप्रै विभेद भए पनि यी दुइटै आख्यान विधा भएकोले यिनीहरूबीच केही समानता पनि छ । यी दुईटै विधामा कथानक, चरित्र, संवाद, देशकाल, वातावरण, विचार वा जीवनदर्शन, कौतुहल र द्वन्द्व हुन्छन् । त्यसैले कथा र उपन्यासबीच सगोत्रीय सम्बन्ध रहेको हुन्छ ।

## ३.६ नेपाली उपन्यासको विकासक्रम

आधुनिक विधाको रुपमा उदय भएको उपन्यासको इतिहास त्यति प्राचीन छैन । अझ नेपालीमा त विक्रमको बीसौं शताब्दीको दोस्रो पाउका अन्तिम चरणदेखि मात्र शुरु भएको हो । उपन्यासको पूर्वार्द्ध कथासाहित्य नै हो र हाम्रोमा कथा वेद, ब्राह्मण, उपनिषद् आदिमा पनि पाइएकाले यसलाई पूर्वार्द्धको रुपमा परम्परासित जोड्ने प्रयास गरिन्छ ।[५६] त्यस्तै नेपालीमा पनि उपन्यास लेखिनुपूर्व कथात्मक साहित्यको एक यस्तो स्थिति रहेको छ, जसको परम्परा र विकासको परिप्रेक्ष्यको सर्वथा अवहेलना गर्न सक्दैनौ ।[५७]

५६. कृष्णचन्द्र सिंह प्रधान, नेपाली उपन्यासकार र नेपाली उपन्यास, साझा प्रकाशन, २०६१, पृष्ठ १८ ।
५७. ऐजन्, पृष्ठ ११ ।

नेपाली साहित्यमा आख्यानको प्रारम्भ सम्वत् १८२७ देखि मानिन्छ । शक्तिवल्लभ अर्यालद्वारा अनुदित 'विराटपर्व' नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरुप लिएर देखापर्छ । यसै बिन्दूदेखि हालसम्मको समयक्रमलाई केलाउँदा नेपाली उपन्यासको विकासक्रमका तीन काल निम्नानुसार देखिन आउँछन् ।[५८]

१. प्राथमिककाल (सम्वत् १८२७-१९४५)

२. माध्यमिक काल (सम्वत् १९४६-१९९०)

३. आधुनिक काल (सम्वत् १९९१ देखि हालसम्म)

## १. प्राथमिककाल (सम्वत् १८२७-१९४५)

नेपालको इतिहासमा शाहकालको प्रारम्भ भएपछि मात्र नेपाली भाषामा लामा उखानहरु लिपिवद्ध हुन थाले । आधुनिक समीक्षाशास्त्र अनुसार कथा तथा उपन्यास दुबै आख्यान अर्थात 'फिक्सन' अन्तर्गत पर्ने हुनाले नेपाली कथाझैँ नेपाली उपन्यासको ऐतिहासिकतापनि सं. १९२७ को शक्तिबल्लभ अर्यालको "महाभारत विराटपर्व" बाट शुरु गर्नुपर्ने हुन्छ । अनि "वीरसिक्का" को समय १९४६ ठहऱ्याएकोले गर्दा त्यस समयसम्मको अवधि प्राथमिक कालमै पर्दछ ।[५९]

प्राथमिककालमा अधिकांश लामा कथाहरु संस्कृतकै प्रभावबाट नेपाली भाषामा अनुदित भएको पाइन्छ । नेपाली संस्कृतिको व्यापकताको प्रभाव जनचेतनामा पर्नु नै यसको मुख्य कारण थियो । संस्कृत शिक्षादिक्षा नै त्यतिबेला प्रमुख भएको हुनाले पनि संस्कृत साहित्यका अमर भण्डारलाई नेपाली भाषामा पण्डितहरुमा रुचि भएको हुनुपर्दछ । यस कालमा प्रकाशित कृतिहरुमा निम्नलिखित विशेषताहरु देखा पर्दछन् ।

- घटनाको वर्णन भएको आख्यानको प्रारम्भ हुनु,
- प्राय : एउटै ढाँचाको शैली पाइनु,
- संस्कृत तथा केटी अन्य भाषाबाट अनुदित आख्यानको मिश्रण देखिन्छ ।
- औपदेशिक चरित्रको खोजी हुनु,
- धर्म नीतिसम्बन्धी कुराहरुको वर्णन गरिनु,
- साहस, कुतूहल, आश्चर्य तथा प्रेमको स्वच्छन्द रुपको सुरुवात हुनु,
- हास्यव्यङ्ग्यको प्रारम्भ हुनु,

५८. कृष्णहरि बराल र नेत्र 'एटम' उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (साझा प्रकाशन २०६३) पृष्ठ ७१ ।
५९. गुणाकर भुषाल, आधुनिक नेपाली आख्यान ,दो.सं. (क्षितिज प्रकाशन २०६१), पृष्ठ २३१ ।

- कथा र उपन्यासको विभाजनमा अस्पष्टता देखिनु,
- धर्मको प्रसारबाट परलोक सुधारको ख्याल राखिनु ।[६०]

तत्कालिन समयका कृतिहरु संस्कृत भाषाबाट अनुवादित भएकोले र स्पष्ट आख्यानको आकारप्रकार र विशेषता नदेखिएको पाइन्छ ।

प्राथमिककालका कृति र कृतिकारहरुमा शक्तिवल्लभ अर्यालको विराटपर्व (स. १८२७) र अनुवाद 'हितोपदेश मित्रलाभ' (१८३३), रामभद्र पाध्याको 'लक्ष्मी-धर्म सम्वाद' (१८५१), बेनामे 'पिनासको विनाश' (१८७२), दशकुमार चरित (१८७५), स्वस्थानी व्रतकथा (१८७८), भवानिदत्तले अनुवाद गरेको 'मुद्राराक्षस' (१८८२), सुन्दरानन्द बाँडाको 'निरत्न' सौन्दर्यगाथा (१८९०) र रामायण (१८९६) आदि आख्यानकृतिहरु पर्दछन् ।

यसरी माथि प्रस्तुत गरिएका कृतिहरु कुनै समवादात्मक शैली, कुनै गद्यशैली, कुनै रुपक एवम् वाग्धाराको प्रयोग गरिएकोले यी कृतिहरुको कुनै स्पष्टता देखिँदैन ।

**२. माध्यमिक काल (१९९६-१९९०)**

नेपाली उपन्यास परम्पराको प्राथमिककालमा केही आख्यानात्मक नमुना बोकेका कृतिहरु देखिए तापनि ती कृतिहरुमा औपन्यासिकताको निर्वाह भएको थिएन किनभने तिनीहरु कथा र उपन्यासका दोसाँधमा थिए । विभिन्न पृष्ठभूमि एवम् विदेशी प्रभाव फलस्वरुप सम्वत् १९४६ मा 'वीरसिक्का' प्रकाशित भएपछि नै आख्यान उपन्यासको स्वरुप निर्धारणको प्रयास थालनी गरी काल्पनिकताको सृष्टिमा रमाउन थालेको हो ।[६१]

माध्यमिककालिन उपन्यास परम्परामा जासूसी-तिलस्मी तत्वका साथै रोमान्सु र अद्भूतिकता मूल प्रकृतिको रुपमा रहेको छ । यस प्रकृतिका प्रारम्भ गर्ने पहिलो कृति 'वीरसिक्का' छ । हरिकृष्ण रचित, शिवदत्त शर्मानूवादित भनिएको तर तिनको बारेमा जानकारी अप्राप्त रहेको 'वीरसिक्का' बाट नेपाली आख्यान फाँटमा गरेको नयाँ आख्यानात्मक शैलीका उपन्यासमा पहिलो र जेठो कृति "वीरसिक्का" को स्वरुप र कृति दुबै दृष्टिमा नेपाली उपन्यासको इतिहासमा महत्वपूर्ण भूमिका रहेको छ ।[६२]

उपन्यास विधाको माध्यमिक कालपनि गैर नेपाली भाषाको प्रमाण र अनुवादबाट अछुतो रहन सकेन । यस कालका औपन्यासिक कृति संस्कृत, हिन्दी अरबी, फारसी, अँग्रेजी

---

६०. कृष्णहरि बराल र नेत्र 'एटम' उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (साझा प्रकाशन २०६३) पृष्ठ ७३ ।
६१. ऐजन्, पृष्ठ ७२ ।
६२. पूर्ववत्, पृष्ठ २३३ ।

र बंगालीको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव देखिन्छ । त्यो विदेशी प्रभावचाहीँ पाश्चात्य नभई पूर्वीय र भारतीय भाषाको साहित्यमा अवलम्वित छ ।

यसकालमा नेपाली उपन्यास विधालाई विकास गर्न पत्रपत्रिकाहरुको पनि ठूलो योगदान रहेको छ । यसमा "गोरखापत्र" (१९५८), 'उपन्यास तरङ्गीनी' (१९५९), "सुन्दरी" (१९६३), "चन्द्र" (१९७१) र गोर्खाली (१९७३) आदिको महत्वपूर्ण भूमिका रहेको छ ।[६३]

माध्यमिककालीन उपन्यास विधामा पनि विभिन्न विशेषताहरु रहेका छन् जसमा आख्यान प्रेमाख्यान भित्र 'वीरसिक्का' (१९४६), हरिहर शर्माको भगवत्भक्तिविलासिनी (१९४६), चिरञ्जीवी पौड्यालको प्रेमसागर (१९५०), चिरञ्जीवी पौड्यालको प्रेमसागर (१९५२), नरेन्द्रद्वारा प्रकाशित 'तलोपाख्यान' (१९५६), सदाशिव शर्मा (एस.एस. शर्मा) को 'बोक्सी चरित्र' (१९५९ पूर्व), पारसमणि प्रधानको 'हिरण्यमयकोचरित' (१९७३ : बङ्गलाबाट), ऋद्धिबहादुर मल्लको शर्मिष्ठा (१९८५) आदि कृतिहरु रहेका छन् । तिलस्मी-जासुसी ऐयारी उपन्यास तिलस्मीबाट सुरु भएको यस कालका वास्तविक औपन्यासिक स्वरुप तिलस्मी जासूसी प्रवृत्ति रह्यो । यस्ता उपन्यास प्रेम, अद्भूतता, साहसिकता र चमत्कारिता जस्ता अभौतिक कल्पना र अतिरञ्जकताले भरिपूर्ण हुन्छन् ।[६४] यसकालमा देखिएका कृति र कृतिकारहरुमा सदाशिव शर्माको 'नरेन्द्रमोहिनी' (१९२८), गिरीशबल्लभ जोशीको 'वीरचरित्र' (रचना १९५९, प्रकाशन १९६०), जोशी कै 'बहादुर चरित्र' (१९५७) र 'प्रारम्भ दर्पण' (१९६७) आदि पाइन्छन् ।

त्यसैगरी सामाजिक सुधार तथा विविध विषयका उपन्यास पनि यस बेलामा देखिन्छन् । समाजमा नैतिक शिक्षा दिनु, मनोरञ्जन दिनु र सामाजिक सुधार गर्नु यसको उद्देश्य रहेको छ । यस भित्रपर्ने उपन्यास सावित्री, मिरिना चरित्र, पतिव्रता धर्म, सुमती समाजमा नैतिक, शिक्षा दिनेमा पर्छन् भने 'तिलस्मी जासूसी', 'वीरसिक्का', 'वीरचरित्र' विचित्र जासूसी आदि मनोरञ्जनमा पर्छन् साथै 'यमपञ्चक प्रपञ्च' र 'रुपमती' सामाजिक सुधारमा पर्छन् ।

यसरी माध्यमिक कालमा उपन्यास विधाले विभिन्न विषयको बारेमा जानकारी र उपदेश दिने गर्दछन् ।

---

६३. गुणाकर भुषाल, पृष्ठ २३४ ।
६४. ऐजन, पृष्ठ २३५ ।

### ३. आधुनिककाल (१९९१- हालसम्म)

आधुनिक शब्दको सामान्य अर्थ 'वर्तमान समयको', 'हालसालको' वा 'नयाँ' भन्ने हुन्छ भने साहित्यको सन्दर्भमा 'आधुनिक' अर्थ परम्परागत प्रवृत्तिका विरुद्ध नवीन मूल्य र मान्यताको जगमा उभिएको कृतिको विशेषणको रुपमा लगाउने गरिन्छ ।[६५]

नेपाली उपन्यासमा आधुनिकताको सूत्रपात गर्ने रुद्रराज पाण्डेको "रुपमती" (१९९१) लाई रहेको छ । "रुपमती" मा सर्वप्रथम सामाजिक यथार्थवाद पाउनु नै आदर्शको लक्ष्मण हो । यसमा पाइने आधुनिक मूल्यहरू हुन्- सर्वप्रथम सामाजिक जीवनको प्रतिष्ठा मानवीय चित्रणको शैली, औपन्यासिक रोचकता र मानवीय रागात्मकताको प्रष्तिठान । तर कुनै आधुनिक समीक्षकहरु यी माथिका लक्षणहरुलाई 'आधुनिक' मान्दैनन् र 'रुपमती' लाई पनि आधुनिक मान्दैनन् । आधुनिक भनेको प्रवृत्तिहरुको पुञ्ज हो र यस अन्तर्गत वैज्ञानिकता वा तर्क सङ्गत परिपाटीवद्ध र परम्परित कुराहरुको उच्छेदन, विश्वजुनीन मानवको स्थिति र कार्यको अवलोकन अनि नयाँ नयाँ साहित्यिक रुप र शैलीको प्रयोगजस्ता प्रवृत्तिहरु हुन्छन् भन्ने मान्दछन् । समाजमा आएका यस्ता परिवर्तनका कारण साहित्यको कथ्य र रुप दुबैमा परिवर्तन आउँछ र यही परिवर्तनले साहित्यको आधुनिकतालाई पनि निमन्त्रणा गर्दछ ।[६६]

यस काललाई हेर्न मुख्य केन्द्रबिन्दु हो आधुनिक उपन्यासमा देखापरेका विषय, शैली एवम् विविध पाश्चात्यवादीको प्रभावबाट निर्मित प्रमुख धारा एवम् प्रवृत्ति के कस्तो रहे ? यसैले आधुनिक नेपाली उपन्यासमा देखापरेका विविधधारा र प्रवृत्तिका आधारमा यसकालको उपन्यासको विकास प्रक्रियालाई हेर्नुपर्दछ । ती प्रमुख धारा एवम् तिनका प्रवृत्तिहरुको यसप्रकार छन् ।[६७]

(क) आदर्शोन्मुख यथार्थवादी धारा

(ख) स्वच्छन्दतावादी धारा

(ग) सामाजिक यथार्थवादी धारा

(घ) मनोविश्लेषणवादी यथार्थवादी धारा

यसरी नेपाली आख्यान विधाको उपन्यासले वि.सं. १८२७ बाट शुरु गरेको लेखन कार्य विभिन्न भाषाबाट अनुवाद गर्दै, वेद, पुराण, महाभारत आदिलाई विषयवस्तु बनाई यो अवस्थासम्म पुगेको देखिन्छ । अझै पनि यसले निश्चित दिशा लिन नसकेर समय, अवस्था, वातावरण र मानवीय आवश्यकता अनुसार परिवर्तन भई आठ दशक पार गरेको देखिन्छ ।

---

६५. कृष्णहरि बराल र नेत्र 'एटम' उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (साझा प्रकाशन २०६३) पृष्ठ ७९ ।
६६. ऐजन्, पृष्ठ ७९ ।
६७.गुणाकर भुषाल,,पूर्ववत्, पृष्ठ २३८ ।

# चौथो परिच्छेद

# पद्मराज जोशी 'प्रभात' का आख्यानका विशेषता

## ४.१ नामसारी कथा संग्रह

साहित्यकार पद्मराज जोशी 'प्रभात' को वि.सं. २०५७ सालमा पहिलो पटक प्रकाशित कथा संग्रह हो । यस नामसारी कथा संग्रहमा जम्मा १२ ओटा कथाहरू रहेका छन् । खासगरी सामाजिक, यथार्थवादी धारामा कथा लेख्ने कथाकार जोशीका कथाहरू अन्य क्षेत्रमा पनि त्यतिकै देखिन्छन् । यस कथा संग्रहभित्र कतै ग्रामीण परिवेशको चित्रण, कतै गरिबीको समस्या, कतै अराजकता, कतै अ-समानताको चित्रण गरिएको छ । समाजमा देखिने जीवनयापनका कठिनाइ, आर्थिक दुरावस्था, सामाजिक विकृतिलाई यसका मुख्य विषयवस्तु बनाइएका छन् ।

### ४.१.१ 'नामसारी' कथाभित्रको सामाजिक विशेषता

कथाकार पद्मराज जोशी 'प्रभात' ले ग्रामीण समाजका विषयवस्तुलाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् । यस नामसारी कथाभित्र एउटी विधवा नारीलाई मुख्यपात्र बनाई ठूलाठालूहरूले कसरी सोझा- साझा कमजोर नारीमाथि शोषण गरेका हुन्छन् भन्ने कुरा प्रष्ट पारेका छन् ।

लोग्नेको मृत्युपछि लोग्नेको नाममा भएको जग्गा जमिन श्रीमतीको नाममा बनाउनु पर्छ नत्र पछि अप्ठ्यारो पर्छ, त्यसमा म सहयोग गरिदिन्छु भन्दै झुटो आश्वासन दिई जिल्ला मालपोत कार्यालयमा पुऱ्याएका छन् ।

एउटी गरीब, अशिक्षित र कृषि कार्यमा संलग्न रही आफ्ना तीनओटा लालाबालाहरूलाई जेनतेन गुजारा गरिरहेकी महिलालाई बाख्रा बेच्न लगाई आफू लगायत अन्य व्यक्तिको साथमा जिल्लामा पुग्छन् । जिल्लाको ठूलो होटलमा महंगो रक्सी, मासु र खाना खान्छन् । कार्यालयका प्रत्येक कर्मचारीलाई घुस खुवाउँछन् । अन्तमा पैंसाको अभाव हुन थाल्यो । होटलको महंगो बसाइ र गाविसदेखि जिल्ला मालपोत कार्यालयको कर्मचारीलाई रु १० देखि रु १२०० सम्म घुस दिँदै सम्पूर्ण पैंसा समाप्त हुन्छ । अनावश्यक खर्चले पैंसाको अभाव देखाउँदै ठालुले आफूले थप २०० रूपैयामा जोत्ने बहर दिने सर्तमा

ऋण दिन्छ । समाजमा श्रीमान् विहीन विधवा नारीले समाजमा कति कठिन हुन्छ, ग्रामीण क्षेत्रका ठूला भनाउँदा सहयोगीको भूमिका खेलि आफू मोज गर्ने तर विधवा बिचल्ली बनाई छोडने प्रवृत्तिलाई यस नामसारी कथाले स्पष्ट पारेको छ ।

### ४.१.२ 'नामसारी' कथाभित्रको दृष्टिबिन्दु

कथाकार पद्मराज जोशीको यस नामसारी कथामा बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । नामसारी कथाको प्रमुख पात्र नारी छन् । उनलाई कथामा उनको भनेर कथा आरम्भ गरेका छन् । कथाकी प्रमुख पात्रको नाम नलेखिएकोले सबै ठाउँमा उल्लेख गरिएको छ । देवर, छोराहरू, ठालु र कर्मचारी आदिलाई उनकै दृष्टिमा हेरिएको छ । कथाकारले पुरै कथामा 'म' भनेर सम्बोधन नगरेकाले बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ ।

### ४.१.३ 'नामसारी' कथाभित्रको भाषाशैली

कथाकार पद्मराज जोशी 'प्रभात' यस नामसारी कथामा अधिकाँश बीचबीचमा स्थानीय डोटेली भाषिकाको प्रयोग गरेका छन् । कथाकी नारी पात्र सर्वसाधारण ग्रामीण परिवेशकी विधवा भएकी र ठालू पनि त्यही परिवेशको भएकोले आञ्चालिक प्रभाव देखिन्छ भने कतै-कतै हिन्दी भाषाका शब्दहरू पनि पाइन्छन् । जस्तैः 'आफ्नो श्री सम्पत्तिको आश भए जल्दी-जल्दी नामसारी गर्ने कुणाकानी मिलाउनु पण्यो भन्नुपण्यो ।' ठालू भलाद्मी भन्या पनि ताइहुनुहुन्छ । मन्नु जिउनु पनि ताँलाई थाहै छ । नाबालक मेरा चेला छन् सबै ताँलेइ बनाई दिनुपण्यो ।'

त्यसैगरी गाउँका ठालूबाट बोलिने थेगोको पनि प्रयोग देखिन्छ । जुनकुरा गर्दा पटक-पटक दोहोरी रहन्छ । जस्तैः 'भनेर भन्देखिन्लाई अब आफ्नु मर्नु आफै जान्नु ।'

यसरी कथामा सबै सरल-सरस र आञ्चालिक भाषाको प्रयोग नै कथामा देखिन्छ ।

### ४.१.४ 'विछोडको पीडाभित्रको पौराणिक विशेषता

नामसारो कथा संग्रहमा रहेको पद्मराज जोशीको कथा विछोडको पीडा हो । यस कथामा जोशी 'प्रभात' ले मिथकीय पात्रको प्रयोग गरी पौराणिक विषयवस्तुलाई कथा

बनाएका छन् । विशेषगरी धृतराष्ट्र पुत्र-कौरव र पाण्डु पुत्र पाण्डवहरूबीच भएको विवाद र युद्धलाई समावेश गरको छन् । पाण्डवहरू र कौरवबीचको पाशा खेलमा पाण्डवहरू पराजित हुनु, पाण्डवहरू १२ वर्ष वनबास र १ वर्ष अज्ञातबास, त्यहाँ अस्त्र र शस्त्रको तालिम लिन स्वर्गमा गएर बिछोड हुनु त्यसैको पीडा भाइहरूमा देखाइएको छ ।

गंगापुत्र भीष्मले मत्स्यगन्धा (सत्यवती) नन्दन विचित्र वीर्यका लागि काँशी नरेशकी पुत्री अम्बा- अम्बिका र अम्बालिका नामका तीनवटी पुत्रीहरूलाई हस्तिनापुर ल्याउनु, अम्बाले राजा शाल्वसँग विवाह गर्ने संकल्प गरेको स्पष्ट पार्नु, ब्यासजीबाट अम्बिकालाई गर्भाधान गराउँनु, ब्यासजीको तेजलाई ग्रहण गर्न नसकी आँखा चिम्म गरेकाले अन्धा धृतराष्ट्र जन्मनु, अम्बालिकालाई गर्भाधान गर्दा डराएकीले पाण्डु रोगी जन्मनु र पछि व्यासजीले दासीसँग सहवास गर्दा विदुर जन्मिएको देखाइएको छ ।

भीष्मपितामहले आफ्नो राज्यलाई टुक्र्याई हस्तिनापुरमा जेष्ठ दाइ धृतराष्ट्र अन्धा भएकोले राज गर्न नसक्ने भएकाले पाण्डुलाई राजा बनाए । त्यस्तै अन्धा धृतराष्ट्रको भीष्मपितामहले गान्धार राजपुत्री गान्धारीसँग गरिदिए भने पाण्डुको विवाह कुन्ती र माद्रीसँग गराए । कुन्तीले युधिष्ठिर, भीम र अर्जुनलाई जन्म दिइन् भने माद्रीले नकुल र सहदेवलाई जन्म दिइन् । यो कुरा गान्धारीको मनमा ईश्या जाग्यो । उनी पनि गर्भवती भई १०० भाई छोरा र १ छोरी जन्माइन् । राजा पाण्डु कार्यभार दाइ धृतराष्ट्रलाई सुम्पी वन विहारमा निस्के । त्यहाँ उनले आफ्नी रानीलाई सम्भोग गर्दा मृत्यु भयो । पछि, धृतराष्ट्रले आफ्नै छोरालाई राजा बनाउने सोच बनाए तर गुरु द्रोणाचार्य र कृपाचार्य अनि भीष्मपितामहको सहयोगले युधिष्ठिर राजा बने ।

विस्तारै कौरवहरूले पाण्डवहरूलाई पाशा खेलमा हराई सम्झौता अनुसार १२ वर्ष वनबास र १ वर्ष अज्ञात बास पठाए । त्यही वनमा सुविधाविहिन अवस्थामा दुःखका दिन बिताइरहेका भाइहरूमध्ये अर्जुन स्वर्गमा अस्त्र विद्या आर्जन गर्न गएको अवस्थामा अर्जुनको शब्द भेदी वाणको सम्झना गर्दै द्रौपतीलाई युधिष्ठिर सम्झाउँछन् ।

यसरी कथाकार 'प्रभात' ले महाभारतका पात्रहरूलाई धृतराष्ट्र कौरव र पाण्डु पुत्र पाण्डवहरूलाई यसका मुख्य नायक र खलनायक बनाई राज्य सञ्चालन सम्बन्धमा विवाद देखाएका छन् ।

### ४.१.५ 'विछोडको पीडा ' भित्रको राजनीतिक विशेषता

यस 'विछोडको पीडा' नामक कथामा कथाकार 'प्रभात'ले पौराणिक विषयवस्तु भित्रको राजनीतिलाई पनि प्रस्तुत गरका छन् । राज्य सञ्चालनमा मानिसको लोभ कति हुँदो रहेछ भन्ने स्पष्ट छ ।

भीष्मपितामहले धृतराष्ट्र अन्धा भएकाले राज्य सञ्चालन गर्न असमर्थ भएकोले माहिला भाइ पाण्डुलाई राजा घोषणा गर्दछन् । राजा पाण्डुको वन विहारको क्रममा मृत्यु भएपछि युधिष्ठिरलाई युवराज घोषणा गरिन्छ । कार्यभार राजा भएका धृतराष्ट्रमा राज्यको लोभ लालच बढ्दै गयो । म अन्धो भएर राजा हुन नसकेपनि मेरा छोराहरू त अन्धा छैनन् । उनीहरू त राज्य सञ्चालन गर्न सक्दछन् । म अन्धाको श्राप मेरा छाराले पाउनु हुन्न भन्ने पाप धृतराष्ट्रमा पलाउन थाल्यो । दुवै तर्फका राजकुमारहरू जवान हुँदै गए । युधिष्ठिर-लाई राज्यभिषेक गर्दा दुर्योधनले नमानेकाले राज्य विभाजन गर्न धृतराष्ट्र बाध्य भए । हस्तिनापुरको राजा दुर्योधन भए भने इन्द्रप्रस्थका राजा युधिष्ठिर भए । विस्तारै युधिष्ठिरको मानसम्मान बढ्दै गयो । यो देखेर कौर-वहरूलाई मन परेन । उनीहरूले शकुनीको सहयोगले पाण्डवहरूलाई जुवा खेलाई सर्त अनुसार १२ वर्ष वनबास र १ वर्ष अज्ञात बासको लागि वन पठाए । पाण्डवहरू वन प्रस्थान गरेपछि इन्द्रप्रस्थको राजा पनि आफै भए । त्यसपछि कौरवहरूले त्यहाँका जनताहरूलाई फर्काए, धनसम्पत्ति, लोभलालच, जागिर सबै दिए । समर्थन नगर्नेलाई अथवा पाण्डव पक्षकालाई देश निकाला, सर्वस्वहरण, मृत्युदण्ड दिई आफ्नो बहुमत देखाइ पाण्डवलाई राज्य सञ्चालन गर्न नदिने षड्यन्त्र गरे ।

यसरी राज्यको लागि मानिसमा माया, दया, पाप, धर्म, कर्तव्य सबै हराएर जान्छ । राजनीतिमा मानिस नातागोता, आफ्नो विरानो कुनैपनि कुरालाई वास्ता नगरी केवल आफूमात्र कसरी अगाडि बढ्ने भन्ने सम्बन्धमा सोच्छ ।

### ४.१.६ 'विछोडको पीडा ' भित्रको दृष्टिबिन्दु

कथाकार पद्मराज जोशीको 'विछोडको पीडा' नामक कथामा सम्पूर्ण पात्रहरू मिथकीय रहेका छन् । यो कथाको प्रमुख पात्र युधिष्ठिर भए पनि अन्य पात्रको नामपनि अन्तिम सम्म आएको छ । युधिष्ठिरको प्रमुख भूमिका भएर केही बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दु रहेका छ । कँही-कँही हामी, म जस्ता सर्वनामले आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु देखिन्छ । विभिन्न ऋषिले भन्ने र अन्य व्यक्तिले सुन्ने गरेकोले पनि सम्बोधित द्वितीय पुरुष

दृष्टिबिन्दु रहेको छ । जस्तैः महाराज, हजूरको आज्ञा ............... हामीबाट बिछोड भएर अन्यत्र कतै निकट ठाउँ जानु भएको छ हामी सबैको .............. धागोमा अल्झिरहेको छ ।

### ४.१.७ 'विछोडको पीडा' भित्रको भाषाशैली

प्रस्तुत विछोडको पीडा कथामा कथाकार पद्मराज जोशीले स्पष्ट नेपाली भाषाको प्रयोग गरेको पाइन्छ । कथावस्तु पूरै धार्मिक भएकोले पात्रहरू पनि मिथकीय रहेकोले विशेषगरी आवश्यकताअनुसार विषयवस्तु अनुसारकै आगन्तुक, तत्सम् र तद्भव् शब्दको प्रयोग भएको छ । भीष्म, मत्स्यगन्धा, नन्दिनी, अम्बा, अम्बिका, अम्बालिका, अर्जुन, युधिष्ठिर, पाण्डव, कौरव, भीम, भीष्मपितामह, धृतराष्ट्र जस्ता धार्मिक महाभारतका पात्रहरू छन् भने स्थान पनि त्यही हस्तिनापुर कुरुक्षेत्र, इन्द्रप्रस्थलाई स्वर्ग बनाएका छन् ।

यसरी कथामा शब्द र वाक्य गठनको सौहार्दता पाइन्छ भने अंग्रेजी शब्दको उपस्थिति देख्न पाइदैन । बरु केही राजनीति शब्दको र शासन शैलीको वर्णन पाइन्छ । जस्तै सत्ताको सामुन्नेमा अन्याय पनि न्याय हुने, अधर्म पनि धर्म हुने, .............. अनौठो चाला चल्यो हस्तिनापुर दरबारमा ।

### ४.१.८ 'स्वयम्बर 'भित्रको धार्मिक विशेषता

'स्वयम्बर' कथा पनि धार्मिक कथा अन्तर्गत मिथकीय पात्रको प्रयोग गरेका छन् । यस कथामा निषद् देशका राजकुमार नलको विहे विदर्भ नामक देशका राजा भीमकी सुपुत्री दमयन्तीसँग भएको विवाहको वर्णन बहुदृश्य ऋषिले राजा युधिष्ठिरलाई सुनाएको कुरा वर्णन छ ।

प्रस्तुत कथामा राजा नल र राजकुमारी दमयन्ती प्रमुख पात्रका रूपमा देखिन्छन् । केही आंशिक रूपमा खल पात्रको रूपमा इन्द्र, वरुण आदि देखिन्छन् भने राजहंसको पनि भूमिका देखिन्छ ।

कथामा निषद् देशका राजा वीरसेनका गुणवान, बलवान्, सुन्दर, उत्तम, कुशल, प्रजापालक र नीतिज्ञ छोरा नल थिए । उता विदर्भ देशका सुप्रसिद्ध महान पराक्रमी राजा भीम पनि महाप्रतापी सर्वगुण सम्पन्न भएर पनि सन्तान नहुँदा साह्रै दुःखी थिए । अचानक उनकै दरबारमा दमन नामक ब्रह्मऋषि उपस्थित भएपछि राजा भीमको इच्छालाई शान्त पार्न दम, दान्त तथा दामन नामक पुत्र र दमयन्ती नामकी पुत्रीको वरदान दिनुभयो ।

राजकुमारी दमयन्ती साह्रै सुन्दरी थिइन् । सयौं दासीहरू उनको विभिन्न आभूषण र वस्त्रले सिंगार पटार गरिदिन्थिन् । एकतर्फ राजा नल पनि अति आकर्षक र सुन्दर थिए । जस्तोसुकै व्यक्ति पनि उनको अगाडि झुक्थ्यो । अर्कोतर्फ राजकुमारी दमयन्ती पनि सबैको नजरमा अप्सरालाई फेल गर्ने स्वभावकी थिइन् । यी दुइटैको चर्चा चलिरहन्थ्यो। एउटाको चर्चा अर्कोलाई सुनाइन्थ्यो । चर्चै-चर्चाबीच यिनीहरूले एक अर्काप्रति भेटघाट नभएपनि प्रेमाशक्ति बढ्न थाल्यो । एकले अर्कालाई प्राप्त गर्ने अभिलाषा बढ्न थाल्यो । एकदिन राजा नल दमयन्तीप्रति कामवेदनाको ज्वाला भैरहेको बेला त्यसलाई दबाउन अन्तपुर नामक सीमावर्ती उपवनमा गएर बसेका बेला स्वर्णपँखले सजिएका हाँसहरू देखे । त्यसमध्ये एउटा सुन्दर हाँसलाई राजा नलले छोपे । हाँस डराएर राजा नललाई नमार्न अनुरोध गर्दै आफू राजाको अति मनपर्ने कार्य गर्ने अनुरोध गर्छ र राजाले पनि त्यसलाई छोडिदिन्छन् ।

स्वर्णपँखयुक्त हाँस उडेर विदर्भ देशकी राजकुमारी दमयन्ती कहाँ गएर राजकुमार नलका बारेमा सम्पूर्ण गुणगान सुनाउँदै अश्विनी कुमारहरूजस्तै सुन्दर भएको कुरा सुनाउँछ । राजकुमारी दमयन्ती पनि खुसी हुँदै नललाई पनि आफ्नोबारेमा सम्पूर्ण कुराहरू सुनाउन आग्रह गर्छिन । हाँसका सम्पूर्ण कुराहरू सुनेपछि दमयन्तीका मनमा नललाई पाउने उच्च आकांक्षा बढ्न थाल्यो । उनी चिन्तित हुँदै गइन् । उनका हाउभाउ र बानी व्यहोरामा पनि परिवर्तन हुँदै गयो । उनी दिन प्रतिदिन दुब्लाउँदै गइन् । राजा भीमले छोरीको चिन्ताका विषयका बारेमा उनकी सहेलीहरूबाट बुझेर छोरी युवा अवस्थामा प्रवेश गरिसकेकीले स्वयंम्बर गरिदिने निश्चित गरे । राजा भीमले सम्पूर्ण देशका राजकुमारहरूलाई आमन्त्रण गर्दछन् । यो खबरले चारैतिर सनसनी फैलियो । उक्त अवसरमा विभिन्न देशका राजकुमारहरू हात्ती, घोडा र रथमा सवार भए ।

राजा भीमको दरबारमा राजकुमारहरू भइरहेकै बेला देवर्षि नारद र पर्वत दुवै महात्माहरू देवराज इन्द्रको दरबार पुगे। इन्द्रलोकमा सम्पूर्ण कुराको जानकारी लिएपछि दमयन्तीको स्वयंम्बरको बारेमा चर्चा चल्यो। इन्द्रले दमयन्तीको गुणगान गरे। इन्द्र, अग्नि, वरुण र यम संगै पृथ्वीमार्ग हुँदै गइरहेका बेला नललाई पनि त्यही बाटो गइरहेका देखे। राजा नललाई देखेर उनीहरूले दमयन्तीलाई प्राप्त गनै आशा झिनो हुँदै गयो। तरपनि नलसँग आफ्नो परिचय दिँदै दमयन्तीलाई आफूहरूमध्ये कुनै एकलाई रोज्ने जानकारी दूतको रूपमा पठाउँछन् । राजा नलले यो कार्य स्वीकार्न नचाहँदा नचाहँदै पनि बाध्यतावश कडा सुरक्षाको बीचबाट तिनै देवताहरूको आशीर्वादले नल दमयन्तीलाई भेट्दछन् । मनोहर

मुस्कान, सुकोमल अंग र व्यासबाट बनेजस्तो शरीर देखेर राजा नलको शरीर करेन्टको झट्का लागेझै झनझनायो ।

राजा नलको त्यहाँ उपस्थित देखेर सबै सुन्दर स्त्रीहरू आश्चर्य चकित परिन् । यस्तो कडा सुरक्षाबीच उपस्थित भएको देखेर ध्रयन्तीले परिचय मागिन् । उनले आफू नल भएको र आफूलाई इन्द्र, वरुण र यमले दूत बनाएर पठाएका हुन् । उहाँकै शक्तिले म यहाँभित्र प्रवेश गर्न सकेको जानकारी दिन्छन् । तर सबै कुरा सुनेपछि ध्रयन्ती नलसँग स्वयम्वर गर्ने निश्चित गरेको जानकारी गर्दै अन्य कुराहरू असम्भव भएको बताइन् । आफूले हाँसका मुखबाट हजूरको वर्णन सुनेबाट हजुरकै हुन पाउने प्रतिज्ञा गरेर बसेको पनि नललाई सुनाउँदै चेलीबेटी देखेपछि आफ्नो बनाउने गलत प्रवृत्तिको उपहास गरिन् ।

देवताहरूले आफ्नो वास्तविक रूप नदेखाई नलकै रूपमा उपस्थित भए । तर उनले बुझिहालिन् । आफू मन, वचन र कर्मले नललाई चाहेको कुरा बताइन् । उनले देवताहरूको चिन्ह पनि ख्याल गरिन् तर पत्ता लगाउन सकिएन । देवताहरूतर्फ हेर्दा सबै देहरहित थिए । सबैका छाँया मात्र थिए । त्यसभन्दा सामान्य गुण भएका नललाई चिनेर उनले वरमाला लगाइन् ।

### ४.१.९ 'स्वम्वर' भित्रको दृष्टिबिन्दु

कथाकार पद्मराज जोशी 'प्रभात' ले स्वयम्वर कथामा बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरेका छन् । कथामा प्रमुख पात्र नल र ध्रयन्ती रहेकीले पनि उनकै सेरोफेरोमा कथावस्तु घुमिरहेको छ । राजहंस, वीरसेन, कुन्ती, भीम, ध्र, दान्त, ध्रन, इन्द्र, नारद, यमराज यसमा सहायक पात्रको रूपमा प्रयोग गरिएका छन् । कथाको बीचबीचमा 'म' भनेर सम्बोधन गरेकोले आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु पनि रहेको छ । जस्तै : "महाराज म त कुनै देवताहरू वा अन्य कुनैसँग विवाह गर्दिन । म तपाईसँग नै विवाह गर्छु ।"

### ४.१.१० 'स्वयम्बर' भित्रको भाषाशैली

स्वयम्बर कथा धार्मिक विषयवस्तु समेटिएर तयार भएको कथा भएकोले यसमा अधिक शब्द र वाक्यहरू र पात्रहरू पनि मिथकीय रहेका छन् । पात्र र कथाको परिवेश अनुसार नै भाषाको प्रयोग भएको छ र आदरार्थी शब्दको पनि प्रयोग गरी सम्बोधन गरिएको

छ । धार्मिक पात्रहरूमा युधिष्ठिर, दमयन्ती, भीम, कुन्ती, इन्द्र, अग्नि, वरुण, यम, नारद आदिका नाम उल्लेख छ भने मानवइतर पात्रमा स्वर्णपंखले मानवीय भाषाको पनि प्रयोग गरको छ । राजकुमारी दमयन्तीको र राजकुमार नलको रूपरंगको वर्णनका क्रममा वाक्य र शब्दमा सुन्दरता थपेको छ । जस्तै 'सयपत्री फूलजस्ती नदीको स्वच्छ प्रवाहमा पुच्छर हिलाउँदै पानीमा तैरिरहेको असला माछाको झैं सुन्दर शरीरलाई प्रस्तुत गरिएकी मृदुभाषिणी ………………………।'

यसरी प्रस्तुत कथामा तत्सम् र तत्भव् शब्दको अधिक मात्रामा प्रयोग गरिएको छ । अंग्रेजी शब्दलाई समावेश गरिएको छैन । केही जटिल संस्कृत शब्दको प्रवेशले कठिनाई पनि उत्पन्न हुनसक्ने देखिन्छ ।

### ४.१.११ 'नारी समानता ' भित्रको राजनीति विशेषता

प्रस्तुत नारी समानता कथा पद्मराज जोशी 'प्रभात' को समाजमा भइरहने परिवेशको चित्रण गरिएको कथा हो । समाजभित्र लुकेको यथार्थतालाई यस कथाले उदाङ्गो पारेको छ । मानिसले मुखबाट निस्कने शब्द र व्यवहारमा गरिने कार्यको यथार्थ देखाइएको छ । घरभित्र र घर बाहिर मानिसको बोली र व्यवहार फरक फरक हुन्छ । अरुलाई भन्न जति सजिलो छ, त्यो कार्य आफूलाई गर्न त्यति नै गाह्रो पनि छ । प्रस्तुत कथाकी मूल पात्र गायत्रीदेवीले यस कथामा दोहोरो भूमिका निभाएकी छिन् ।

हाम्रो समाज पुरुषप्रधान देश हो । यहाँ बुवाको थरको छोराछोरीको जोडिन्छ तर छोराछोरीलाई दश महिनासम्म गर्भमा राखेर मलमुत्र सोर्ने कार्य आमाको हुन्छ । त्यसैले आमाको नै बढी भूमिका हुने भएकोले मातृप्रधान समाजको घोषणा गर्नुपर्छ भन्ने केही नारी छन् । छोरा र छोरीको समान हक अधिकार हुनुपर्दछ । बिहे गरेर छोराको घर होइन, छोरीको घर आउनुपर्छ भने केही आधुनिक नारीहरूको रहेको छ । गायत्रीदेवी त्यहाँकी निकै हर्ताकर्ता र चिनिएकी नारी हुन् । समाजमा उनी केही गर्छिन् भन्ने विश्वास धेरैलाई लागेको छ ।

नारी समानता र हक अधिकारका विषयमा ठूलै बहस गर्छन् । राजनीति शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेकी गायत्रीदेवी धनाढ्य घरकी बुहारी थिइन् । पुरुष स्वार्थी भमरा हुन् । यिनीहरूले नारीमाथि शोषण गर्ने, एउटा श्रीमती हुँदाहुँदै अर्को हेर्नेभन्दा अनेक आरोप लाउन थाले । विचार मन नपरी नपरी सुनिरहेका थिए ।

एकदिन क्लिनिकमा गायत्रीदेवीको भेट नारी दिवसको दिन नारा जुलुसमा व्यानर समात्ने केटीसँग भयो । त्यो केटीले सम्बोधन गरिन् । गायत्रीदेवीले गोप्यरूपमा डाक्टरसँग परामर्श लिइन र त्यहाँबाट निस्किन् । ती युवतीले त्यही क्लिनिकमा काम गर्ने केटीसँग गायत्रीदेवीको समस्याबारे सोध्दा उनी त पेटमा छोरी भएकोले क्युरिड गर्न आएको र त्यसभन्दा पहिले पनि छोरी भएकोले दुईपटक क्युरिड गरेको तर यो तेस्रो पटक भएकोले खतरा भइ असम्भव भएको बताइन् । यो समाचारले ती युवती छक्क परिन् । ती युवतीले गायत्रीदेवीले भाषणमा भनेका कुराहरू सम्भिmन् । महिला नेतृहरू पुरुषलाई गाली गरेको सम्भिmन् । आफ्नै पेट भित्रको छोरीको हत्या गरेको सम्भिmन् ।

यसरी नारीको शत्रु नारी नै रहेछ । पुरुषलाई त केवल आरोप मात्र रहेछ । छोरा त स्त्रीलाई बढी चाहिँदो रहेछ । राजनीतिमा केवल एकपक्षीय विचार मात्र हुँदोरहेछ । आफूभित्रका कमिकमजोरीहरू ढाकछोप गरी अरुकै दोष देखाइदोरहेछ ।

## ४.१.१२ नारी समानता कथाभित्रको सामाजिक विशेषता

यस नारी समानता कथामा समाजमा बस्ने साधारण नारीहरूको र चेतनशील नाम भएका नारीहरूबीचको वैचारिक द्वन्द्व देखाएको छ । अहिले आधुनिक नारीहरू स्वतन्त्रताको लागि आफ्नै दाजुभाइ, छोरा, लोग्नेलाई गाली गर्न पनि पछि नपरेका तर सामान्य ग्रामिण अशिक्षित नारीहरू त्यसको विरुद्धमा छन् ।

वक्ता नारीहरूले विशेषगरी नारीलाई कसरी शिक्षा दीक्षाको व्यवस्था गर्नेभन्दा पनि पुरुषमाथि खनिएर उनीहरू त भँवरा रे, भँवराले फूलेको फूलको रस चुस्न पाउँछन् रे, भँवराको लागि धर्तीमा कोपिलाहरू फूल भएर फस्टाएका छन् रे भन्दै नानाभाति बोल्न थालिन् । एउटा पुरुषले घरमा एउटी श्रीमती हुँदाहुँदै अर्की बिहे गर्न पाउनुपर्ने यो अधिकार श्रीमतीसँग पनि भएर दुईटा श्रीमान् राख्न पाउनुपर्छ । ६० वर्षको बुढोले १६ वर्षको केटीसँग बिहे गर्दछ भने नारीले पनि त्यस्तै गर्न पाउनुपर्छ भन्दै भाषण दिन थालिन् तर त्यही सभामा नारीको भाषण सुन्न गएकी सर्वसाधारण महिलालाई त्यो कुरा मन परेन । उनीहरूले असहमतिका साथै आश्चर्य जनाए । एउटी अधवैंसे आइमाईले उनीहरूलाई उत्ताउलीको संज्ञा दिँदै यिनीहरूकै कारण सबै नारीका घरमा झगडा भएर घरवार बिग्रने सम्भावना देखिन् । यिनीहरू अर्को पोइ खोज्न आएकी हुन् । यिनीहरूको कुरा हामीले सुन्नु

हुन्न भनिन् । त्यस्तै अर्को बृद्धाले यी नक्कचरी सबैलाई वेश्या बनाउन आएकी हुन् । हाम्रो परम्परादेखि चल्दै आएको चलनलाई धर्म, संस्कृतिको विरुद्ध समाज जाने भो भन्न थालिन् ।

यसरी हाम्रो समाजमा केही अति बुझ्ने तर आफैलाई परिवर्तन गर्न नसक्ने अरुलाई परिवर्तन गर्न प्रयास गर्ने, कही यथास्थितिवादी नारीहरू पनि छन् । तिनीहरूबीच वैचारिक द्वन्द्व चलिरहेको छ ।

## ४.१.१३ 'नारी समानता ' भित्रको दृष्टिबिन्दु

नारी समानता कथामा कथाकार पद्मराज जोशी 'प्रभात' ले बाह्य सीमित दृष्टिबिन्दु प्रयोग गरेका छन् । प्रस्तुत कथाकी प्रमुख पात्र गायत्रीदेवी भएकोले सम्पूर्ण कथा नै गायत्रीदेवीकै सेरोफेरोमा घुमिरहेको छ । यस कथामा कथाकारको म भनेर सम्बोधन कतैपनि भएको देखिदैन । बरु उनी, उनको, एउटा वक्ताको जस्ता पात्रको प्रयोग देखिएको छ । 'नारीलाई वस्तुसमान मान्ने हाम्रो पुरुष प्रधान समाजमा हामीले पनि यी पुरुष भनाउँदाहरूलाई सवक सिकाउनै पर्दछ । उनीहरूले जे गर्दा पनि हुने, जहाँ जाँदा पनि स्वतन्त्रता छ । जति नारीसँग हाँसो ठट्टा गर्दा पनि केही हुँदैन जस्ता वाक्यहरू प्रमुख पात्र गायत्रीदेवीकै मुखबाट निस्केका छन् । उनैले नै आफ्नो गर्भमा रहेका दुइटै छोरीको भ्रुण हत्या गरेको क्लिनिककै कर्मचारीबाटै स्पष्ट खुलासा हुन्छ । समग्रमा प्रमुख पात्र गायत्रीदेवी र उनकै आँखाबाट सारा पात्रहरूलाई हेर्ने काम भएकोले यस कथामा बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.१.१४ 'नारी समानता ' भित्रको भाषाशैली

नारी समानता कथा कथाकार पद्मराज जोशी 'प्रभात' को सामाजिक यथार्थवादी कथा हो । साथै नामसारी कथा सामाजिक यथार्थवादी कथा भएकाले नै कथाका पात्र र परिवेश अनुसारकै यथार्थ रूपमै बोलिने भाषाको प्रयोग गरेका छन् । कथाकी प्रमुख पात्र गायत्रीदेवी शिक्षित र धनाढ्य परिवारकी नेतृ भएकोले त्यही अनुसारको सभामा सम्बोधन गरिएकोछ । जस्तै : "उनीहरू त भवँरा रे भवँरा, भवँराले फूलेको जुनसुकै फूलको रस चुस्न पाउने रे एउटा पुरुषले घरमा एउटी स्वास्नी छदाँछदै ..................... श्रीमान् अशक्त भएमा ................ श्रीमान् राख्न पाउनपर्छ ।" त्यस्तै ग्रामीण सामान्य नारीले बोलिने स्थानीय डोटेली भाषिकाको प्रयोग पनि भएको छ । जस्तै "तमरा मुखइन् किणा पणन्ना ।

आज त यिनु यति उत्ताउनी हुनिन् इनकाइ भ्यापछि यी राउथिन् ............ हट हट हट ए ब्वारी, ऐ काल्यारवी इजा, ए दुल्लीखी इजा ............।" यसरी कथाकारले अवस्था अनुसार भाषाको प्रयोग गरेका छन् ।

### ४.१.१५ 'क्षयरोग ' कथाभित्रको सामाजिक विशेषता

कथाकार पद्मराज जोशी 'प्रभात' को यो क्षयरोग कथा सामाजिक यथार्थतावादभित्र पर्दछ । उनले ग्रामीण क्षेत्रका सर्वसाधारण व्यक्तिलाई मूलपात्र बनाएका छन् । गरिबीको रेखामुनि रहेका नेपालीहरूले बिताउने कठिनपूर्ण जीवनलाई प्रस्तुत गरेका छन् ।

यस कथाको मूलपात्र ऊ भारतको मुम्बईमा लामो समयसम्म कहिले भोकै त कहिले आधा पेट खाएर रातपाली र दिनपाली नौकरी गरिरहेको छ । त्यस कार्यले केही पैसा जम्मा भएपनि घरमा आएपछि दिनप्रतिदिन ज्वरो आउने, खोकी लाग्ने रोगले चाप्दै जान्छ । गाउँकै भद्रभलाद्मीका आधारमा गाउँमै धामीझाँक्री, झारफुकसहित पञ्चवलि चढाइए पनि रोग सञ्चो हुनुको सट्टा बढ्दै जान्छ । अन्तको बिरामीकै आग्रहमा डाक्टर कहाँ लगिन्छ तर बिरामीलाई रोगले खाइसकेकोले बिरामीको मृत्यु हुन्छ ।

कथामा सर्वसाधारण मानिसको सोचाइले गर्दा बिरामीको मृत्यु हुन्छ । गरीबहरूलाई जीवन धान्न कति कठिन हुन्छ ? त्यसलाई कथाको ऊ पात्र मार्फत् स्पष्ट छ । परिवारको जीवनस्तर सुधार्न कहिले सुत्ने कहिले नसुत्ने, कहिले खाने कहिले नखाने, पैसालाई महत्व दिने प्रवृत्तिले अकालमा मृत्यु भएको छ भने अर्कोतिर गाउँघरका सर्वसाधारण मानिसहरूले परम्परागत अन्धविश्वासी धामीझाँक्रीप्रति विश्वास जाग्नाले समयमै अस्पतालमा पुऱ्याउन नसकी मृत्यु हुन्छ । समयमा नै बुद्धि नपुऱ्याउँदा एउटा व्यक्तिको जीवन अकालमा जानपुगेको छ । धामीझाँक्रीको विश्वासमा परी पैसा भने थुप्रै खर्च भएको छ । पञ्चवलि दिएर अस्पतालको बराबर पैसा खर्च भए पनि मानिसलाई मृत्युको मुखमा पुऱ्याएको छ । यस्ता समस्या यस कथाको ऊ पात्रलाई मात्र नभएर ग्रामीण परिवेशका सम्पूर्णलाई यो वातावरणले छोएको हुन्छ ।

### ४.१.१६ 'क्षयरोग ' कथाभित्रको दृष्टिबिन्दु

कथाकार जोशी 'प्रभात' ले क्षयरोग कथामा थोरै मात्र दृष्टिबिन्दुको प्रयोग गरेका छन् । यस कथामा प्रमुख पात्र नाम नतोकिएको ऊ पात्रको सेरोफेरामा सीमित भए पनि

केही आँशिक रूपमा श्रीमती, छोरा, छोरी, धामीझाँक्री, बाह्मणलाई देखाइएको छ । कथामा वर्णनात्मक शैलीको रूपमा देखाइएको हुँदा बाह्य तृतीय पुरुष दृष्टिबिन्दु रहेको छ । उसले जीवनको लामो समय बुम्बईमा बितायो । ऊ अलिअलि सुत्थ्यो, कहिले खाना खान्थ्यो, मुम्बईबाट लुगाफाटो पठायो । केही रोपनी जग्गा किन्यो जस्ता वाक्यले ऊ पात्रकै प्रमुख भूमिका रहेकोले तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ ।

### ४.१.१७ 'क्षयरोग' कथाभित्रको भाषाशैली

क्षयरोग कथा सामाजिक विषयवस्तुमा रहेर रचना गरिएको छ । ग्रामीण परिवेशको सामान्य ऊ पात्रको मात्र कथा अगाडि बढेकोले केही आञ्चालिक भाषिकाको प्रयोग छ भने नेपाली सामान्य भाषाको अधिक प्रयोग भएको छ । "हे प्रभु परमेश्वर, कालिका मालिका देवी तमी दाइनी भया । यइका मनको धोको पूरा अद्द दूदको दूद पानीको पानी धेकाइ दिया", भन्ने स्थानीय भाषाको प्रयोगले देउतालाई पुकारेको छ । त्यही ठाउँमा प्रयोग हुने सामग्री हलो, फालो, सुप्पो, चाल्नो शब्द पनि प्रयोगमा आएको छ । 'अ हेद्दै, हेद्दै, अ हेद्दै तेरा पिताखि औताली हुन लागि अब म अपुतै मद्दोभया क्या अरुँ, कसो अरुँ ............ अब अरु क्यालाग्यो हो भन्नै, अब तेइ लाग्यो' भनेर स्थानीय ग्रामीण परिवेशमा धामिले देउता निकाल्ने बेला प्रयोग भएका भाषा हुन् । यहाँ घामपर्ने बेलालाई पेलो फिजिन्या बेला, पैसालाई टिला, आवाज गर्‍योलाई कला हाल्यो भन्ने वाक्य शब्दको प्रयोगले आञ्चालिकता झुल्काएको छ ।

### ४.१.१८ 'वैंशंको ज्वाला' कथाभित्रको यौन मनोवैज्ञानिक विशेषता

कथाकार पद्मराज जोशी 'प्रभात' को 'बैशको ज्वाला' नामक कथा यौन मनोवैज्ञानिक कथाभित्र पर्दछ । यसमा कथाकी प्रमुख नायिकाको चाहना यौन चाहनाभित्र रहेकोले यस कथालाई मनोवैज्ञानिकभित्रको पनि यौन मनोवैज्ञानिकभित्र पर्दछ । कथाकी नारी पात्रको यौनइच्छा प्रकट भएको अवस्थालाई प्रकट गरको छ ।

आफूभन्दा ३१ वर्ष जेठो लोग्ने हाकिमसँग विवाह गरेकोले उसको यौन इच्छा पूरा हुन नसक्नु यसको मूल समस्या देखिन्छ ।

यस कथामा निम्न वर्गको पात्र र उच्च वर्गको पात्र तथा यौवन र बृद्ध अवस्थाको मानिसबीचको अमिल्दो तालमेल देखाइएको छ । कथाको मुख्य पात्र कृष्ण आर्थिक अभावले

हाकिमको घरमा काम गर्न पुग्छ भने अर्कोतर्फ सम्पन्न आर्थिक अवस्था देखेर उमेर गइसकेको पुरुषसँग जवान केटीको विवाह देखाइएको छ । आफ्नो बुवालाई सघाउन र कार्यालयको काम सिक्न कार्यालय जाने गरेको कृष्णलाई देखेर २० वर्षिया हाकिमनीसाब ५६ वर्षको बृद्ध पतिबाट यौनइच्छा पूर्ति नभएपछि हृष्टपुष्ट शरीर भएको कृष्णप्रति आकर्षित भएर कृष्णलाई लुगाधुन दिन्छे । लुगा धुने क्रममा कृष्ण लजाए जस्तो हुन्छ । हाकिमनीसाबका लुगाहरू समातेर धुन थाल्छ । जहाँजहाँ जुन लुगा समाउँछ त्यहाँ त्यहाँ कृष्णको पुष्ट हातहरूले आफ्नो अंगमा स्पर्श गरेको हाकिमनीसाबले अनुभव गर्दै यौनइच्छा पूरा गर्छिन् ।

कथामा एकतिर ठूला भनाउँदाहरूकी श्रीमतीको जुनसुकै कार्य पनि सामान्य नोकरले गर्नुपर्ने परिस्थिति देखाएको छ भने अर्कोतिर अमिल्दो उमेरको बीचमा भएको अनमेल विवाहले पिरोली रहने कुरा यसमा स्पष्ट छ ।

## ४.१.१९ 'वैंशंको ज्वाला' कथाभित्रको दृष्टिबिन्दु

पद्मराज जोशी 'प्रभात' को 'बैंशको ज्वाला' कथा बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथाको प्रमुख पात्र कृष्ण भएकोले यसको कथावस्तु पनि कृष्णको केन्द्रीयतामा घुमिरहेको छ । बुवा रामप्रसाद सरकारी कार्यालयको अर्दली थिए । बुवाको आदेशानुसार कृष्ण पनि कार्यालयको सरसफाई गरेर घर जान्थ्यो । रामप्रसाद ५५ वर्षका भइसकेका थिए । रामप्रसाद सधैं कृष्णलाई सम्झाउँथ्यो । हाकिमनीसाब आफ्नो ट्राउजर धोएको देखेर मुस्कुराइन् । कृष्ण ब्रा समात्ने वित्तिकै लाजले भुतुकै भयो । हाकिमसाबलाई कृष्णकै प्रतिमूर्ति सम्झेर चुम्मन गर्थिन् । चिसो पानीले ज्वरो आएको भन्दै पानी तताउन लगाइन् । यसरी कथामा कृष्ण केन्द्रीय पात्र र अन्य सबै सहायक पात्रका रूपमा छन् ।

## ४.१.२० 'वैंशंको ज्वाला' कथाभित्रको भाषाशैली

पद्मराज जोशी 'प्रभात' ले 'वैंशको ज्वाला' नामक कथामा सरल नेपाली भाषा प्रयोग गरिएको स्पष्ट पाइए पनि क्षणिक ठाँउमा मात्र स्थानीय डोटेली शब्द 'चन्नी' (निधार) को प्रयोग गरेका छन् । कतैकतै अर्ति उपदेशको रूपमा 'देशखानत जान्नु पर्छ वाबै' भन्ने वाक्यांश पनि प्रयोग भएको छ । उनको यस कथाको शब्द शक्तिलाई नियाल्दा प्रायः नेपाली

शब्दले स्थान पाएको देखिन्छ । केही अंग्रेजी आगन्तुक शब्दहरू मा टि.ए.डी.ए, पेन्सन, इन्जिनियरिङ्ग, एम.बी.बी.एस, ट्राउजर, लिटर, स्टाप र क्वार्टरजस्ता शब्द प्रयोग भएका छन् । कथाको बीचबीचमा चिटचिट, खुरुखुरु, हष्टपुष्ट, हल्काफुल्काजस्ता अनुकरणात्मक शब्दको प्रयोग गरी वाक्य गठनलाई सरस तथा मिठो बनाइएको छ ।

## ४.१.२१ 'विकृति' कथाभित्रको राजनीति विशेषता

प्रस्तुत कथा कथाकार पद्मराज जोशी 'प्रभात' को राजनीतिमा आधारित कथा हो । वि.स. २०४६ सालपछि नेपालमा देखिएको राजनीति, सामाजिक, आर्थिक र प्रशासनिक विकृत्तिलाई यस कथामा वास्तविक बनाएर कथा सिर्जना गरेका छन् । प्रजातन्त्रको वास्तविक अर्थ नबुझेर त्यसको दुरूपयोग गरी समाजमा भाँडभैलो फैलाइ आवसमा गुट-उपगुट गर्ने प्रवृत्ति यसमा देखिएको छ । यस्ता क्रियाकलापले समुदायमा असहयोग भएको छ । एउटा ग्रामीण समुदायको सर्वसाधारण केटो घनश्याम काठमाडौंमा अध्ययन गर्ने उद्देश्यले २०४६ सालमा जान्छ । राष्ट्रका सम्पूर्ण पार्टीहरूले एक मोर्चा बनाएर पञ्चायती व्यवस्थाको विरुद्ध आन्दोलन गर्छन् । त्यस आन्दोलनमा सबै वर्ग, समुदाय, कर्मचारी, व्यापारी, विद्यार्थी भाग लिन्छन् । रत्नपार्कमा आन्दोलनकारी र प्रहरीहरूबीच दोहोरो भिडन्त हुन्छ र ४ जना सहिद हुन्छन् । घनश्यामको तिघ्रामा गोली लाग्छ । सबैको सहयोगले ऊ ठीक हुन्छ । चैत्र २६ गते शाही घोषणापछि पञ्चायती व्यवस्थाको अन्त्य भई एकअर्कोप्रति असहयोग हुन्छ । आफन्तहरू पार्टी फरक भएपछि टाढा हुन्छन् । विवाह, रोपाइजस्ता कार्यहरू पनि रोकिन्छ । नाता छोडेर पार्टी हेर्नथाले । नाताभन्दा पार्टी नजिक ठान्न थाले । बेरोजगार युवाहरूले तास खेल्दै 'पच्कातन्त्र' भन्दै प्रजातन्त्रको उपहास गरेको देख्छ । यस्तै जिल्लाका अड्डा अदालतमा खुलेआम कमिशन मागेको ऊ देख्छ । ऐलानी जग्गाको हरिया रुखहरू आवादीभित्र पारेर घुस दिँदै गरेको देख्छ । ठेकेदारहरूको कर्मचारीमाथिको धम्की देख्छ । अनि त्यो आन्दोलन, गोली, रगत सम्झँदै उसको सन्चो भएको घाउ दुखेको अनुभव गर्छ ।

कथाकार जोशी प्रजातन्त्रको परिभाषा सर्वसाधारण मानिसले राम्ररी नबुझेको अनुभव गर्दछन् । प्रजातन्त्र भनेको मनपरी हो । जसले जे चाहन्छ, त्यही गर्छ भन्ने २०४६ सालपछि सम्पूर्ण नेपालीमा सोच गएको कुरा बताउँछन् । जय नेपाल, लालसलाम, जयराष्ट्रवादजस्ता शब्दले विचारमा फरक देखाइले गर्दा नै राजनौतिक भागवण्डाले राष्ट्र

बिगारेको छ । आफूले गलत गर्ने, तर त्यसको दोष प्रजातन्त्रलाई दिने परिपाटी यो देशमा बनेको छ । त्यसैले नेताहरूको आँखाका पट्टीहरू खोलिनुपर्दछ । दिनलाई दिन, रातलाई रात, कालोलाई कालो, सेतोलाई सेतो देखेर छुट्ट्याउन सक्नुपर्दछ । राष्ट्रले मागेको व्यक्तिभन्दा फरक विचार भएको व्यक्ति उच्च ओहोदामा जाँदा राष्ट्रको र जनताको दुर्दशा भएको देखिन्छ ।

## ४.१.२२ 'विकृति' कथाभित्रको दृष्टिबिन्दु

'विकृति' कथामा कथाकार जोशी 'प्रभात' ले घनश्यामलाई प्रमुख पात्र बनाएका छन् । कथाको सम्पूर्ण वस्तुस्थिति घनश्यामकै सेरोफेरोमा घुमिरहेको छ । यस कथामा उनले बाह्य तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । पुलिसले गोली चलायो । ४ जना शहिद भए । यसै क्रममा घनश्यामको तिघ्रामा गोली लाग्यो । उसले रामायणमा उल्लेखित रामराज्यसँग आफ्नो देशको कल्पना जोड्यो । उसले मनमनै भन्न थाल्यो । मैले मेरो राष्ट्रको यस्तो पुण्य कर्मको लागि गोली खाए । त्यही क्रममा गाउँमा एउटा विवाहको तयारी भयो । धनराजको छोरा श्रीकृष्णको विवाह पल्लो गाउँको रामप्रसादकी छोरी पार्वतीसँग हुने तय भयो । धनराजहरू र उनका छोरा श्री कृष्ण कम्युनिष्ट भएका रे, अनि कम्युनिष्ट र पञ्चको बीचमा विहाबारी हुन सक्दैन रे ! ऊ पनि जुरमुरायो हातमा लठ्ठी समातेर घरभन्दा अलि तल खेततिर लाग्यो । सधैं त्यो खेतमा उनका आफ्नै परिवार र छिमेकीका व्यक्तिहरू मिलेर रोपाइँ गर्दथे तर आज ऊ अर्को चालभाखा देख्छ ।

यसरी प्रस्तुत कथामा केन्द्रीय पात्र घनश्याम र अन्य सहायक पात्र कृष्णको वरिपरि घुमिरहेको छ । कथा घनश्यामलाई अगाडि ल्याएर उसकै गाउँदेखि सहरसम्मको जीवन कथामा आधारित छ । कथामा भएका गणेशमान, श्रीकृष्ण, रामप्रसाद, पार्वती, हाकिम, वकिल, ठेकेदार सबैलाई आफ्नै आँखाले हेरेको हुँदा बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दुमा कथा रचिएको छ ।

## ४.१.२३ 'विकृति' कथाभित्रको भाषाशैली

कथाकार पद्मराज जोशी 'प्रभात' ले सरल स्पष्ट भाषा शैलीको प्रयोग गरेका छन् । सबैले सजिलै बुझ्न सक्ने गरी २०४६ सालको जनआन्दोलनलाई र त्यसपछिको नेपालको राजनीतिक र सामाजिक, आर्थिक र प्रशासनिक क्षेत्रमाथि पारेका प्रभावलाई देखाएका छन् ।

जिन्दावाद, मुर्दावाद, लालसलाम, जयनेपाल, जयराष्ट्रवाद, प्रजातन्त्रजस्ता केही राजनैतिक र केही गैरराजनैतिक शब्दहरू यस कथामा प्रयोग गरेको छ । "यस्तै हो नि, छोरीका चानो कुमालेको भाँडो" (छोरीको कुन घर हुने हो कुन घर के थाहा त्यस्तै कुमालेले बनाएको माटोको गाग्रो कसको घरमा रहने हो कसलाई के थाहा ? र प्रजातन्त्र बाँदरको हातको नरिवल भएको छ । जस्ता उखान पनि प्रयोग गरेका छन् भने अर्कोतिर कार्यालयमा कमिशन माग्ने कर्मचारीहरूलाई 'श्रीमती साथमा होटेल खोल, तिम्री खाने फटाहा हो' भन्दै गाली पनि गरेका छन् ।

प्रस्तुत कथामा सर्वसाधारणको जनजिब्रोमा बोलिने भाषादेखि उच्च तहको राजाको भाषा समेत प्रयोग भएको छ । आगन्तुक शब्दहरू र तत्सम् शब्दहरूको कठोर संयोजन पनि यसैमा छ ।

### ४.१.२४ 'जोगेनीको जीवन-लीला ' कथाभित्रको सामाजिक विशेषता

सामाजिक यथार्थवादी कथाकार पद्मराज जोशी 'प्रभात' ले यस 'जोगेनीको जीवन-लीला' नामक कथामा ग्रामीण समाजका यथार्थ घटनाहरूलाई कथाको विषयवस्तु बनाएका छन् । ग्रामीण भेगका अशिक्षित नेपालीहरूको आर्थिक अवस्था, बेरोजगारी अवस्था र त्यस अवस्थामा उत्पन्न परिस्थितिसँग संघर्ष गर्न बाध्य भएर भारतको दिल्ली, कोलकाता, मुम्बई आदि शहरहरूमा रोजगारका लागि जानुपरेको अवस्थालाई समेटेका छन् ।

जोगेनी यस कथाकी मुख्य नारी पात्र हो । आफ्ना चार बच्चा र आफू गाउँमा कष्टकर जीवन बिताइ रहेको परिस्थिति छ । अरुको अरिमा परिमा गरी छोराछोरी पाल्छे । श्रीमान् हउसे भारतमा नोकरीको लागि जाने सोझो मानिस हो । भारतमा जाँदा माहिला मुखियाबाट रु. ५००।- ऋण काढेर लिन्छ । तर, धेरै वर्षसम्म फर्कदैन । नतः पैसा नै पठाउँछ त्यहाँ साथीभाइको लहैलहैमा दारु खान्छ । नोकरी गर्दैन भारतमा गलत बानी बस्छ । उसको दाइपर्नेले दुई हजार दिएर घर पठाउँछ । समयले कोल्टे फेर्छ । समाजको सामन्ती र शोषण प्रवृत्ति यथावत नै हुन्छ । माहिला मुखियाको ऋणको ब्याज बढ्दै जान्छ । गरीबको ऋण थपिदै जान्छ । मुम्बईबाट आएको हउसे केही दिनसम्म गाउँघरमा ठूलै सानसँग हिड्छ तर केही दिनमै सिफलिज रोजले संक्रमण गर्दछ । औषधिको प्रयोगले केही रोकथाम हुन्छ । हउसे घर छोडेर पुनः भारत जान्छ । यता उसकी श्रीमतीलाई HIV (एड्बाट) संक्रमण भई केही दिनमै मृत्यु हुन्छ । बालबालिकाहरू अलपत्र पर्छन् तर हउसेको

अत्तोपत्तो हुँदैन । यसरी ग्रामीण क्षेत्रमा हउसेजस्ता गरिबीको रेखामुनि रहेका अशिक्षित मानिसहरूको अस्तव्यस्त पारिवारिक अवस्था देखाइएको छ । उच्चवर्गले साना र निम्नवर्गका मानिसहरूको रस चुस्ने जुकाको रूपमा महिला मुखिया पनि समाजका लागि भाइरस हुन् । यिनीहरू समाजमा रहेसम्म गरीबको जीवनस्तर माथि उठ्न नसक्ने कुरा रहेको छ । अर्कोतिर भारतमा काम गर्न जानेक्रममा नेपालीहरू आफ्नो श्रीमतीसँगको विछोड हुनुका कारणले वेश्यावृत्तिमा लाग्ने हुँदा आफू लगायत परिवारमा पनि संकट उत्पन्न भएको छ ।

### ४.१.२५ 'जोगेनीको जीवन-लीला ' कथाभित्रको दृष्टिबिन्दु

पद्मराज जोशी 'प्रभात' ले 'जोगेनीको जीवन-लीला' नामक कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरेका छन् । यस सामाजिक कथामा प्रमुख पात्रको रूपमा जोगेनी रहेकी छे । अन्य पात्रहरूमा हउसे, महिला मुखिया, छोराछोरी, लाहुर, पुलिस गौण पात्रका रूपमा देखापर्दछन् । जोगेनीकै सेरोफेरोमा यी पात्रहरू घुमिरहेका छन् । जोगेनीले छोराछोरीलाई वेथेका सागमा मोइ हालेर खान दिनु, श्रीमान् घरमा नभएकोले जोगेनीले परिम लगाएर ढुङ्गैढुङ्गा भएको पाखो बारीमा खेती लगाउनु, हउसे मुम्बई गएको तीनवर्ष भइसकेको र पहिलो वर्ष अलिअलि खर्च पठाए पनि दुईवर्ष यता केही पनि नपठाउनु, मुम्बईबाट घर आएकाहरूसँग जोगेनीले हउसेको खबर सोध्नु, हउसेको खबर सुनेर जोगेनी निराश हुँदै अँध्यारो मुख लगाएर घर फर्कनु, माइला मुखियाको ऋण सुन्दा जोगेनीलाई ज्वरो आउनु, तीनवर्षपछि हउसे घर फर्कनु, श्रीमान् घर आएपछि जोगेनीको शरीरमा कामवासनाको तरङ्ग फैलनु, मुम्बई बसाइको क्रममा कुलतमा फसेर एचआइभीबाट संक्रमित हउसेले जोगेनीलाई एड्सको सिकार बनाउनु र त्यसैबाट जोगनीको मृत्यु हुनु जस्ता वर्णनात्मक घटना जोगेनीकै आँखाबाट हउसे महिला मुखिया आदिलाई हेर्ने काम भएकोले बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ ।

### ४.१.२६ 'जोगेनीको जीवन-लीला ' कथाभित्रको भाषाशैली

पद्मराज जोशी 'प्रभात' ले यस 'जोगेनीको जीवन-लीला' नामक सामाजिक कथामा केही आञ्चालिकताबाट प्रभावित रहेको पाइन्छ । यस डोटी जिल्लाको डोटेली भाषालाई यहाँका स्थानीय पात्रको मुखबाट बोलेको पाइन्छ । केही केही झिलिक्क-मिलिक्क अरिमा-

परिमा, मुडाई-चुटाई, परसो केही अनुकरणात्मक, केही स्थानीय भाषाका शब्द देखिन्छन् । कही कतै आगन्तुक शब्द, कही अंग्रेजी शब्दहरू र तत्सम् शब्दको प्रयोग पनि देखिन्छ । ‘बैकान मुम्बई है घर आयापछि देसबान्या विराम ल्याइपट आउनाछन् । सिलगढी गैपट डाङघरकी देसवान्या विरामका सुयालाइदेउ भन्या पढि डाङधर सुया लायी दिन्छन् । सुयालाया निको हुन्छ। सुया लाइमाँग ।”

यसरी यस कथामा कही कतै स्थानीय भाषा प्रयोग भएकोले मध्यमखालको भाषा प्रयोग मान्न सकिन्छ । साथै सरल र स्पष्ट शैलीमा यसको रचना भएकोले सबैलाई बुझ्न सजिलो छ ।

## ४.१.२७ ‘जिमी र गाउँको बस्ती’ कथाभित्रको सामाजिक तथा सामाजिक विशेषता

पद्मराज जोशी ‘प्रभात’ को ‘जिमी र गाउँको बस्ती’ नामक कथा एउटा सामाजिक र सांस्कृतिक कथा हो । उनको यस कथामा एउटा इटालिएन नारी जिमीलाई प्रमुख पात्र बनाएका छन् । अर्कोतिर अन्य सहायक पात्रको रूपमा त्यही ग्रामीण क्षेत्रका शिक्षक, शिक्षिका, विद्यार्थी, महिला र गाउँका सर्वसाधारण मानिसहरूलाई देखाएका छन् । आफ्नो इटालिएन संस्कृतिलाई नेपालमा अपनाउन खोज्दा यस क्षेत्रका ग्रामीण मानिसलाई अपच भएको छ । मानिसहरू उनको व्यवहारलाई अनौठो मानी मूल्याङ्कन गरिरहेका छन् ।

इटालिएन जिमी यस कथाकी प्रमुख पात्र हुन् । स्वयंसेवाको रूपमा चारवर्षको लागि नेपाल आएकी उनीले काठमाडौंमा सामान्य नेपाली भाषाको अध्ययन गर्छिन् । पहाडी ठाउँमा उनको आगमनले त्यस क्षेत्रका मानिसहरू आश्चर्य भए । नेपालीभन्दा फरक रूपरंग देखेर मानिसहरू उनको वरिपरि झुम्मिन थाले । त्यहाँको विद्यालयमा पुगेपछि सबैलाई नमस्ते गर्न थालिन् । विद्यालयको प्रअलाई आफूसँग भएको पत्र दिइन् ।

उनी गाउँमा निःशुल्क सेवा गर्न आएकोमा सबै गाउँलेहरू खुसी भए र उनको अभिनन्दन गर्न थाले । विद्यार्थीहरू र शिक्षक पनि उनको घाँटीमा फूलमाला हालिदिँदा उनी साह्रै खुसी भइन् । उनी खुशी भएर शिक्षकहरूको गालामा म्वाइँ खान थालिन् । त्यो क्रियाकलाप देखेर शिक्षकहरु लाजले भागाभाग भए भने शिक्षिकाहरू लाजले कोठाभित्र मुख छोप्दै पसिन् । गाउँमा उनीले मानिसहरूलाई सचेतना फैलाएर घरघरमा बाथरुम, ट्वाईलेट निर्माण गर्न लगाइन् । त्यस क्षेत्रको सांस्कृतिक र सामाजिक वेषभूषा र बोलीचालीको राम्ररी अध्ययन गरिन् । यसरी क्रमशः गाउँका मानिसहरू पनि उनलाई आफ्नो बारीको

फलफूल तरकारी पुऱ्याइ दिन्थे । आपसमा सम्बन्ध बढ्दै गयो । सबैको घरघरमा गएर नमस्ते गर्दै नाता लगाउन थालिन् । नाता लगाउने क्रममा शिक्षक शिक्षिकाको घरमा सँगै जान्थे । नाता सोध्दै सबैको गालामा म्वाइँ खाँदै तपाइँको छोरा मेरो छोरा, तपाईको आमा मेरो आमा, तपाईकी श्रीमती मेरी श्रीमती, तपाईको बुवाआमा मेरा बुवाआमा भन्ने नाता लगाउथिन् भने शिक्षिकासँग घरजाने क्रममा तपाईको श्रीमान् मेरो श्रीमान् भन्थिन् । शिक्षिकाका लोग्नेहरू हात चुटेर हाँस्थे । जिमीको तोतेबोली जस्तो भाषाले गाँउलेलाई रमाइलो महसुस हुन्थ्यो । गाउँघरमा केही बिरामी भएमा प्राथमिक उपचार गर्थिन् । उनी वेशभूषा, बोलीचाली र रहनसहनले गाँउलेमय भइन् ।

गाँउकै स्थानीय मेला कतै महिला पुरुष, कतै पुरुष पुरुष, कतै महिला महिलाहरू मिलेर देउडा खेल खेलिरहेका थिए । त्यो दृश्य उनलाई साह्रै रमाइलो लाग्यो । उनीले भाषा नबुझे पनि रमाइलो मानेर महिलाहरूको खेलमा लागिन् । केही समयपछि पुरुषको खेलमा गएर लागिन् । त्यो दृश्य नौलो र अनौठो भयो । मानिसहरू साह्रै हाँस्न थाले । उनले अन्य नारीहरूलाई समातेर खेलमा लगाउन थालिन् । नारीहरूको भागाभाग भयो । पुरुषको खेलमा नारी लाग्नुलाई त्यस समाजमा अश्लिल मानिन्छ । त्यस ठाँउको संस्कृतिले त्यसलाई स्वीकार्दैन तर त्यसलाई उनले बुझिनन् र मेला समाप्त भयो ।

सबै नुहाउन लागे (उनीपनि नुहाउन गइन्) खोलामा सबै मानिसहरू नुहाउन लुगा पैरन थाले । तर जिमीले नुहाउने अर्को लुगा लगाउन अल्छी मानिन् । फटाफट लुगा खोलेर सबै नारी पुरुषको साथमा निःवस्त्र रूपमा नुहाउन थालिन् । त्यस ठाँउबाट पुरुष र महिलाहरू भाग्न थाले । लाजले मुख छोप्न थाले । साना केटाकेटीहरू होइहोइ गर्दै ताली पिट्न थाले । तर जिमीलाई केही वास्ता थिएन उनी ओ राम्रो छ, नुहाउने भन्दै खुसी भइन् । उनको क्रियाकलापबाट बुढापाकाहरू चिन्तित हुन थाले । आफ्नो संस्कृति र रीतिरिवाज बिग्रने हो कि सोच्न थाले ।

जिमीले नागपञ्चमीमा सर्प, माछा, सूर्य, चन्द्रमा, बिच्छी र खाद्रो फोटोको पूजा गरेको देखेर त्यस विषयमा सोच्न थालिन् । एकजना शिक्षकले यो पर्यावरण रक्षाको लागि भएको हो भन्ने उत्तर दिए । यस संसारमा सबै प्राणीको उत्तिकै आवश्यकता भएकोले यिनीहरूको रक्षा गर्नुपर्छ भन्ने विचार बुझिन् । यो कुराबाट हिन्दू दर्शन उच्च भएको अनुभव गरिन् ।

हिन्दू दर्शनबाट प्रभावित भई उनी मठ, मन्दिरमा पूजाआजा गर्न थालिन् । अंग्रेजीमा उल्था भएका हिन्दूशास्त्रहरुको अध्ययन गरी श्रद्धा गर्न थालिन् । “सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामया ...............” अर्थ पनि बुझिन् । गाउँमा भएको सप्ताह यज्ञमा जौं, तिल, घिउ, जडीबुटी धुपहरू आगोमा आहुति गरेर पोलेको वातावरणको वायुप्रदूषणलाई कम गर्ने कुरा बुझिन् । हिन्दू शास्त्र र संस्कारको राम्ररी अध्ययन गरेपछि आफ्नो जीवनलाई परिवर्तन गरिन् । गालामा म्वाइँ खान छोडिन् । देउडा महिलाहरूसँग मात्र खेल्न थालिन् । गाउँमा बस्दा कुवा, धारा, चौतारा निर्माण गर्न लगाइन् । तिनीहरूको नामनै जिमी राखियो । उनको कार्यकाल पूरा भयो । उनी आफ्नो देश फर्कने बेलामा नेपालको धर्म, संस्कृति र नेपालको माया नासोको रूपमा लैजाने वाचा गर्दै आँसु झार्दै बिदा भइन् ।

नेपालको लागि जिमीलाई नौलो विषय थियो र गाउँलेहरूको लागि जिमीको व्यवहार नौलो थियो । आखिर बुझ्दै जाँदा समय र व्यवहारसँगै जिमीमा पनि परिवर्तन आउँनु सकारात्मक कुरा हो ।

### ४.१.२८ **‘जिमी र गाउँको बस्ती’ कथाभित्रको दृष्टिबिन्दु**

‘जिमी र गाउँलेको बस्ती’ नामक कथामा पनि कथाकार जोशी ‘प्रभात’ सीमित दृष्टिबिन्दु प्रयोग गरेको छन् । यस कथाको प्रमुख इटालिएन पात्र जिमी रहेकी छिन् । अन्य पात्रहरूको सहायक भूमिका खेल्नेमा शिक्षक, शिक्षिका, महिला, पुरुष, बालबालिकाहरू रहेका छन् तर यिनीहरूको नाम तोकिएको छैन । जिमी ग्रामीण क्षत्रकी नयाँ र अनौठी वेशभूषा, जिउडाल, रहनसहन र संस्कृति भएकीले उनकै वरिपरि यो कथाको विषयवस्तु रहेको छ ।

जिमी तीन महिना काठमाडौंमा बसी नेपाली भाषाको सामान्य अध्ययन गर्नु, उनको देशको राजदुतावासले नेपाल सरकारको परामर्शमा सुदूर नेपालको पहाडी जिल्लाको विद्यालयमा स्वयंसेवा गर्न पठाउनु, हवाइजहाज, बस, पैदल हुँदै तोकिएको विद्यालय भएको ठाउँमा आइपुग्न, गाउँलेहरुले हार पहिराएर स्वागत गर्नु आदि कार्यक्रमले खुसी भइन् । उनलाई स्वर्गझैं लाग्यो, शिक्षक, विद्यार्थी र गाउँलेको गालामा म्वाइँ खाइन् । विद्यालयको अतिरिक्त क्रियाकलापमा अभिरुचिपूर्वक अवलोकन गरिन् । गाउँघरमा बाथरुम, ट्वाईलेट निर्माण गराइन् । उनी चोली, गुन्यु, पटुकी लगाएर गाँउलेमय भइन् । मेलामा लोग्ने मानिससँगै देउडा खेल्न थालिन् । गाउँलेहरू छक्क परे । मेला समाप्त भएपछि नुहाउने

परम्पराअनुसार उनी नाङ्गै नुहाउन थालिन् । गाउँका लोग्ने मानिस र आइमाई भागाभाग गर्न थाले ।

तपाईहरूले चार वर्षसम्म मलाई आफ्नो सन्तानभन्दा पनि बढी माया दिनुभयो, तपाईहरूबाट धेरै कुरा पाएँ । म तपाईहरूलाई र तपाईको देशलाई कहिल्यै भुल्न सक्ने छैन । म पछि पनि यो गाउँमा आउने छु । म तपाईहरू सबैका मायालाई नेपालको कोशेलीको रूपमा आफ्नो देशमा पुऱ्याउने छु । कही आन्तरिक दृष्टिकोण र कही बाहिरी दृष्टिकोणको रूपमा प्रयोग गरेकोले प्रथम, द्वितीय र तृतीय पुरुषको प्रयोग पनि पाइन्छ ।

### ४.१.२९ 'जिमी र गाउँको बस्ती' कथाभित्रको भाषाशैली

प्रस्तुत कथा कथाकार पद्मराज जोशी 'प्रभात' ले सरल नेपाली भाषामा रचना गरेका भए पनि थुप्रै ठाउँमा अपभ्रंश गरेर नेपाली भाषाको प्रयोग जिमीको मार्फत् गराएका छन् । इटालिएन नागरिकबाट स्पष्ट नेपाली भाषाको उच्चारण हुन नसकेपछि भाषामा त्रुटि देखाइएको छ । विदेशी नागरिक जिमी नेपाली गाउँलेमय बन्नको लागि थुप्रै प्रयास गरेकी हुन् । तर पनि भाषाशैलीको उच्चारण नेपाली गाउँलेमय बन्न सकेको छन् ।

गाउँले, शिक्षक र शिक्षिकालाई सम्बोधन गर्ने क्रममा नमस्तेलाई नमस्टे उच्चारण गर्नु, ओ म इटालिबाट थपाईको विद्यालयमा पढाउन आएकी, ओ ह्वाई, ह्वाई किन यस्तो गरेको भन्नु, गाउँलेको स्वागतले खुसी हुँदै "Oh! Nepalese are co-operative, helpful and attractive. Nepalese are best. Thank you". भनेर बीचबीचमा अंग्रेजी शब्दहरूको प्रयोग गरेका छन् ।

ओ थपाईको श्रीमान् मेरो पनि श्रीमान् भनेर हाँस्यास्पद वाक्यांश पनि प्रयोग भएका छन् । त्यति मात्र नभएर संस्कृतका तत्सम्, तत्भव् र आगन्तुक शब्दको पनि त्यतिकै प्रभाव देखिन्छ ।

### ४.१.३० 'माले गोरु ' कथाभित्रको राजनीति विशेषता

'माले गोरु' नामक कथा पद्मराज जोशी 'प्रभात' को व्यङ्ग्यात्मक राजनीतिक कथा हो । उनले यस कथामा समाजभित्रको यथार्थ राजनीतिक अवस्थालाई चित्रण गरेका छन् । कथाकारले यस कथामा मानव र मानव इतरपात्रलाई पात्रको रूपमा उभ्याएका छन् । एउटा मालेगोरु नाम जनावरलाई अगाडि ल्याएर उसका एकछत्र राजनीति शासन र अरूप्रतिको

सद्व्यवहार देखाएको छ भने, अर्को पात्र मालेगोरुकै जोरी 'कटौजे' चाँही स्वार्थी प्रवृत्तिको छ ।

वीरबहादुरको मालेगोरुको अगाडि कसैको गोरु नटिक्नाले वीरबहादुर साह्रै खुशी हुन्छ । शारीरिक बनावट देखिलिएर उसको व्यवहार असल थियो । उ निरंकुश प्रवृत्तिको थिएन । युद्ध गर्न आउनेलाई युद्धमै हराउँथ्यो भने शरणमा आउनेलाई शरण दिन्थ्यो । आफूले जितेको गोरुलाई उसले कहिल्यै लखेटेन । उसले कसैमाथि पनि अन्याय गर्न दिएन र आफूले पनि गरेन । उसको सहकर्मी कटौंजे, धुते, चलाख र स्वार्थी भएकोमा र सधैं निराश हुन्थ्यो । कटौंजे हारेर भागेको गोरुलाई लखेट्थ्यो, माले लडिरहेको बेलामा वास्ता गर्दैनथ्यो । वीरबहादुर आफू आफ्नो गोरुको खुब प्रशंसा गर्थ्यो । अरुले आलोचना गरेमा नराम्ररी रिसाएर खनिन्थ्यो । त्यतिमात्र नभएर त्यही कारणले घरमा श्रीमतीसँग पनि झोकिन्थ्यो । मालेगोरुले अरुको गोरुलाई जितेको दिन मसारमुसार पार्थ्यो । मीठो खानेकुरा दिन्थ्यो । विस्तारै मालेगोरु बुढो भयो । नयाँ तन्नेरीहरू आफ्नो शासन चलाउने रणनीति रच्न थाले । बुढालाई सम्मानजनक तरिकाबाट भन्ने कुरा भए । युद्धगरी नयाँ पिढीहरू अगाडि आए । गाउँमा नयाँ रौनक आयो । विचारा मालेगोरु घाँस, पराल केही खान नसक्ने भयो । वीरबहादुरले पनि उसको वास्ता गर्न छाड्यो । नयाँ पिढीहरू मालेगोरुमाथि गाई सम्झेर चढ्न थाले । युवाहरूमा सत्ताको लागि सधैं लडाइँ चलिरह्यो । वातावरण अशान्त भइरह्यो । कुनै बेला आफ्नो एकछत्र शासन सञ्चालन गर्ने मालेगोरु आज वुढो भएर उसको अपमान भएको छ । गाईको स्तरमा झरेको छ । सबैको प्रशंसक र शासक भएर सबैलाई समान व्यवहार गर्ने आज उपहास बनेको छ । यहाँ 'छन् गेडा सबै मेरा छैनन् गेडा सबै टेढा' भएका छन् । कुनै समयमा कौवाको अण्डा, दाना, घाँस खुवाउने बीरबहादुर आज वृद्धावस्थामा सम्मान गर्नुपर्नेमा वास्ता गर्न छाड्छन् । अर्कोतर्फ त्यस गाउँमा एकता र कुशल शासक हुन नसक्दा बाहिरबाट आएर साम्राज्य फैलाउन थाले । अन्तमा मालेगोरुले त्यस गाउँका बहरहरूलाई मिलेर बस्न सल्लाह दिन्छ । नत्र अस्तित्व नै समाप्त भएर जाने कुरा सुझाउँदै प्राण छोड्छ ।

मानिस स्वार्थी प्रवृत्ति भएकोले उसले जहाँसम्म जुझाहा गोरु आफ्नो इज्जत र गरिमा राख्छ त्यहाँसम्म मीठो खानाको साथमा स्याहार सम्भार गर्छ । जब वृद्ध हुन्छ, कार्यक्षमता ह्रास हुन्छ, अशक्त हुन्छ । त्यसपछि त्यसको अवहेलना गर्दै अर्को गोरुको खोजी गर्छ । त्यस्तै राजनीति गोरुको रूपमा भएको छ । कुशल शासकको अभावमा देशको स्थिति

कस्तो हुन्छ, जनताले कति दुःख पाउँछन् । स्थिर शासन नभए वाह्य शक्तिले मौका मिलाएर साम्राज्य फैलाउने गर्छ । त्यसपछि राष्ट्र र राष्ट्रियता समाप्त हुन्छ । जहाँसम्म घरभित्रको शक्ति मिल्नु पर्छ । घरभित्रका शक्ति आपसमा मिलेमा बाहिरी शक्तिले केही गर्न नसक्ने कुरा स्पष्ट देखिन्छ ।

### ४.१.३१ 'मालोगोरु' कथाभित्रको दृष्टिबिन्दु

कथाकार पद्मराज जोशी 'प्रभात' ले 'मालेगोरु' कथामा प्रमुख पात्र मालेगोरुलाई बनाई त्यसैको नामबाट कथाको नामाकरण गरेका छन् । मानव इतरपात्र मालेगोरुको सेरोफेरोमा कथावस्तु घुमेर पनि बीरबहादुरको पनि त्यत्तिकै भूमिका रहेको छ भने अर्कोतिर कटौंजे पनि सहायक पात्रको रूपमा देखिन्छ ।

गोरुसँग लडाइँ लड्दा आफूले जितिसकेपछि हार्ने गोरुलाई लखेट्न एक पाइला पनि अघि बढ्नथ्यो । तर मालेगोरुको सहकर्मी भने बडो धूर्तपाराको नाम पनि कटौंजे थियो । मालेगोरु अरु गोरुसँग लडिरहेको बेलामा ऊ आफ्नै सहकर्मीलाई सहयोग नगरी उसैको वरिपरि चरेर पेट भर्नको धुनमा मस्त हुन्थ्यो । यसरी माथि प्रस्तुत गरिएका वाक्यका आधारमा मालेगोरु केन्द्रीय पात्र भएकोले बाहिरी सीमित तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ । तर पनि, म त सधैंभरि दैलेखी बल्ल पाल्नेको सन्तान हुँ । यस्ता पुड्के, गान्टे, गुन्टी गोरु न त मेरो बुबाले जोत न त मेरो बाजेले भन्ने वाक्यले पनि देखिएकोले आन्तरिक केन्द्रीय प्रथम पुरुष दृष्टिबिन्दु पनि छ ।

### ४.१.३२ 'मालोगोरु' कथाभित्रको भाषाशैली

कथाकार जोशीले यस 'मालेगोरु' कथामा सामन्य, सरल भाषा प्रयोग गरेका छन् । शुद्ध र स्पष्ट नेपाली भाषाको बाहुल्यता रहेको छ । कुनै समयमा बीरबहादुर गाउँका चारजना मानिसको अगाडि ठूलो गौरवको साथ आफ्नो मालेगोरुको प्रशंसा गरिरहन्थ्यो । देख्नमा पनि मालेगोरु त्यस्तै चुस्त जीउँडाल भएको, चिल्लो छाला, कालो र सेतो रङको, बाटुलो आँखा, सलक्क परेको भुइँ छुने पुच्छर र गम्भीर स्वभाव भएको थियो । बीरबहादुर अचम्मको मान्छे । उसको मालेगोरुको सबैले प्रशंसा गर्नैपर्ने । यसरी यस कथाभरि लगभग नेपाली ठेट शब्दको बाहुल्यता रहेको छ । कही कतै मात्र सर्वसाधारणले बोल्ने कृषि क्षेत्रमा प्रयोग हुने शब्दहरू सिंगौरी, कागको अण्डा, गुँड, जौ त्यस्तैः कपरा, कटौंजे, लिणे, दाणिमे,

कैले ध्वाँसे, व्वाँसे आदि शब्द प्रयोगमा आएका छन् । कही कतै जिताहा, साम्राज्य, रणनीतिजस्ता राजनीतिक शब्द पनि प्रयोग भएको देखिन्छ ।

### ४.१.३३ 'पुनर्मिलाप' कथाभित्रको सामाजिक र राजनीतिक विशेषता

'पुनर्मिलाप' कथाकार पद्मराज जोशी 'प्रभात' को सामाजिक कथा हो । यस कथामा ग्रामीण समाजमा राजनीति गर्ने मानिसको विचार र केन्द्रमा राजनीतिज्ञहरूको अवधारणालाई देखाएका छन् । यसमा उनले दुईजना सामान्य ग्रामीण क्षेत्रका राजनीतिज्ञहरू र केन्द्रमा राजनीति गर्ने दुईवर्गका पात्र उतारेका छन् । दुईटै पक्षको राजनीतिको परिभाषा पनि फरक छ । र, चेतनास्तर पनि फरक देखिन्छ । ग्रामीण क्षेत्रका सर्वसाधारणहरू राजनीतिलाई सर्वोपरि ठान्दै आफ्ना नातागोता, इष्टमित्र र शुभचिन्तकहरूलाई बिर्सेर अन्धो राजनीतिको पछाडि लाग्छन् । तर केन्द्रमा राजनीति गर्नेहरू जनतालाई चारो हालेर स्वार्थको खेती गरिरहेका हुन्छन् ।

अलगअलग जिल्लाबाट बसाइँसरी आएका नरैसिंह बमबहादुरका परिवारहरू एकै ठाउँमा बसोबास गरी मिलेर बसेका हुन्छन् । दुबै परिवारले साझा गोरु किनेर खेतीपाती गर्थे । आफ्नो र अर्काको भन्ने कुनै किसिमका भावना थिएन । गाउँलेहरू उनीहरूका परिवारकी आईमाईलाई देउरानी जेठानी सम्झन्थे । राम्रै वातावरणमा काम सम्पन्न हुन्थ्यो । २०४६ सालमा देशमा जनआन्दोलन चर्किंदै गयो । पञ्चायती व्यवस्थाको अन्त्य भइ प्रजातन्त्रको पुनःस्थापना भयो । सबै प्रजातन्त्रप्रेमीहरू खुसी भए । नेताहरका मोटरगाडीहरू गाउँघरमा गुड्दै सर्वसाधारण जनताका घरआँगनमा जान थाले । विभिन्न आपराधिक काण्डमा जेल परेका मुर्गा चोर, तस्करजस्ता व्यक्तिहरू विभिन्न पार्टीको आड लिई प्रजातन्त्रको लागि जेल परेको हुँ भन्दै कराउन थाले । त्यस वातावरणको प्रभाव बमबहादुर र नरैसिंहमाथि पनि पऱ्यो । सबै जनताहरू चैत्रका उबेल (खाली जग्गा) को गाईगोरु जस्तै भए । जिल्लाका नेताहरू गाउँगाउँमा पुगेर आ-आफ्ना पक्षका मानिसलाई स्थानीय नेता बनाए । ठाउँठाउँमा आमसभा, कोणसभा र जुलुस देखिन थाले । एकले अर्काको खुलेर विरोध गर्न थाले । सुरुमा पञ्चका छोरी अरुले विहे नगर्ने, तिनीहरूलाई बहिष्कार गर्ने गरे पनि पछिपछि यो परम्परा बिस्तारै हराउँदै गयो । गाउँमा नरैसिंह एक पक्षको कार्यकर्ता भयो भने बमबहादुर अर्कै पार्टीको कार्यकर्ता भयो । आपसमा सैद्धान्तिक कुराहरू मिल्न छोडे । मनमुटाब भएर चिसो उत्पन्न भयो । तिनीहरूको गोरुको गोही पनि फुट्यो । एउटाले

एउटासँग र अर्कोले अर्केसँग गोही मिलाउन थाले । एउटै आँगनको बीचमा पर्खाल चिनियो । सामान्य कुरामा पनि विवाद भइ गाली गलौचको साथै पार्टीको नामसहित पुकार्न थाले । केही समयपछि बमबहादुरकी श्रीमतीलाई विषालु सर्पले टोक्दा नरैसिंहले सहयोग गर्छ भने नरैसिंहकी आमालाई हैजा लाग्दा बमबहादुरले सहयोग गर्छ ।

चुनाव भएको तीन वर्षपछि नरैसिंह र बमबहादुर आ-आफ्ना नेता भेट्न काठमाडौं जान्छन् । दुबैजना अलगअलग समय-समयमा गए पनि दुबैका नेता डेरामा त्यही पुग्दा दुबैका नेताहरू विदेशी रेड लेवल राखेर थरीथरीका अचार र मासुमा मस्त थिए । हामीमध्ये जसले जितेपनि एउटै हो । कार्यकर्तालाई लडाइँ राख्नु पर्‍यो नि तर मलाई मर्का पर्ने विरोध चाँही नगर्नु है । मेरो विरुद्धमा के नारा बनाएको छस् ? त्यसपछि अर्को नेताले भन्यो ‘ एउटा उट्पट्याङ्ग कुरा उठाएर कार्यकर्ताको ध्यान आकर्षण गर्नुपर्ला’ भनेर आपसमा दुईजना नेताहरूको कुरा सुने नरैसिंह र बमबहादुरले । विचारा नरैसिंह र बमबहादुरले उनीहरूको चर्तिकला देखे । यो दृश्यले पश्चाताप भएर आपसमा माफमागी पुनर्मिलाप गरे ।

नरैसिंह र बमबहादुरजस्ता गाउँका सर्वसाधारण मानिसहरूलाई आपसमा लडाई राजनीति गर्ने नेताहरूकोस्तर देखाइएको छ । उच्चस्तरको राजनीति गर्ने नेताहरू आपसमा राम्रो सम्बन्ध गर्छन् । आपसमा मिल्छन् । सँगै बसेर मीठो खान्छन् । रमाइलो गर्छन् र विदेशी रेड लेवलको महंगो रक्सी महँगा होटलहरूमा सँगै खाने गर्छन् । सामान्य जनताहरूलाई राजनीतिको नाममा प्राथमिकता ल्याई लडाउने काम गर्छन् र आफू माथिल्लो तहका फरक-फरक पार्टीका नेताहरू आपसमा सल्लाह गरी राजनीति गर्छन् र एक अर्काको विरुद्ध नारा बनाउँछन् । भोट दिने जनताहरू ।

### ४.१.३४ ‘पुनर्मिलाप’ कथाभित्रको दृष्टिबिन्दु

‘ पुनर्मिलाप’ कथामा कथाकार पद्मराज जोशी ‘प्रभात’ ले सामान्य ग्रामीण जीवनका पात्रलाई लिएका छन् । यस कथामा कथाकार जोशीले बाह्य सीमित दृष्टिबिन्दु कतै ठाउँठाउँमा मात्र आन्तरिक दृष्टिबिन्दु प्रयोग गरेका छन् । कथामा नरैसिंह र बमबहादुरजस्ता सर्वसाधारण जीवनयापन गर्ने मानिसलाई प्रमुख पात्र बनाएका छन् । नरैसिंह र बमबहादुरको जीवनको वरिपरि यो कथा घुमिरहेको छ । नेताको रूपमा देखिने पात्रहरूको नाम भने उल्लेख छैन । नेताहरू सहायक पात्रको रूपमा उपस्थित भएका छन् भने नरैसिंह र वमबहादुर प्रमुख देखिन्छन् । चुनाव भइसकेको तीन वर्ष पुगिसकेको थियो ।

अब ती दुबै आ-आफ्ना नेतालाई भेटौं र काम गरौं भनि काठमाडौं गए । अलग-अलग समयमा गएका भए पनि संयोगले ती दुबैजना एउटै दिन आ-आफ्ना नेताको डेरामा गए । होटलको डायनिङ्ग टेबुलमाथि थरिथरिका अचार र मासुका प्लेटहरू बीचमा विदेशी रेड लेवल ५/७ हजार पर्ने बोतल राखेर हात मिलाउँदै दुबै पार्टीका नेता मस्तसँग मजा लुटिरहेका ।

यसरी प्रस्तुत कथामा बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ भने अरे यार यस वर्ष तेरो पालो अब आउँदा मेरो पालो हामी दुई भए जो आए पनि एउटै त हो । आफ्नो मोजमस्ती जसले जिते पनि एउटै हो भन मेरो विरुद्धमा के नारा बनाएको छस्? कार्यकर्तालाई लडाई राख्नु पर्‍यो नि तर मर्का पर्न विरोध चाँही नगर्नु है भन्ने नरैसिंह र बमबहादुरको वाक्यबाट आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु पनि प्रयोग भएको देखिन्छ ।

### ४.१.३५ 'पुनर्मिलाप ' कथाभित्रको भाषाशैली

पुनर्मिलाप कथामा कथाकार पद्ममराज जोशी 'प्रभात' ले सरल, सरर र सामान्य भाषाको प्रयोग गरेका छन् र कथा अध्ययन गर्दा सबै वर्ग, समूह, क्षेत्र र जातजातिका मानिसले अध्ययन गर्दा कुनै कठिनाई नपर्ने स्पष्ट नेपाली भाषाको अत्यधिक प्रयोग भएको पनि स्थानीय आञ्चालिक भाषाको प्रयोग पनि कथाको अन्त्यमा थोरैमात्र देखिएको छ । केही आंशिक ठाउँमा राजनीतिक भाषाको प्रयोग पनि देखिन्छ । 'अनिकालमा बीउ जगाउनु, हुलमुलमा जीउ जोगाउनु' भन्ने स्थानीय उखानको प्रयोग पनि छ । हल गोरु उवेल, जेठानी, देउरानी, खेतीपातीजस्ता सामान्य नेपाली भाषा रहेका छन् । प्रजातन्त्र अइले पो आये त मुल्याउ । यसरी मिलिजुली बस्नु पो प्रजातन्त्र भयो । गयाका तीन वस्स त तमीले प्रजातन्त्रलाई पच्कातन्त्र बनाया । तिनु ठूला नेता भाँणमी पणन्न । आफ्ना दाजुभाइ इष्टमित्रसँग झगडा अरी तिनका पाछ्र कैले जनलाग्या बाबु भन्ने स्थानीय आञ्चालिक भाषा देखिन्छ ।

प्रस्तुत कथामा कहिकतै रेड लेवल, रेष्टुराँ, डायनिङ्ग टेबुलजस्ता व्यवहारिक अंग्रेजी शब्द पनि छन् भने तत्सम र तद्भव शब्दको प्रयोग त्यति प्रयोग छैन ।

### ४.१.३६ 'जन्त' कथाभित्रको सामाजिक विशेषता

जन्त पद्मराज जोशी 'प्रभात' को सामाजिक कथा हो यसले सुदूरपश्चिमाञ्चलको सामाजिक र केही संस्कृति विषयको चर्चा गरेको पाइन्छ । कथामा उदे र उसको छोरा कल्लाने प्रमुख पात्र देखिन्छन् भने कल्लानेकी आमा ढुल्ली, खुइरे मुखिया आदि सहायक पात्रको रूपमा देखिन्छन् ।

कल्लानेका बुवा एउटा अपरिचित व्यक्तिको विहे भएको देखेपछि आफ्नो छोरा कल्लानेकी विहे गर्न रहर गर्छ । ढुल्लीको सम्भना आयो । उसले दहीको ठेकी लिइ खुइरे मुखियाको घर गयो । पहिलेदेखि चलि आएको चलनअनुसार मगौनी भई परम्परागत बाजागाजासहित विवाह सम्पन्न हुन्छ । विवाहमा एक्लो छोरो भएकोले थुप्रै ऋण लगाई जग्गा जमिन बिक्री गरी विवाह समापन हुन्छ । केही वर्षसम्म त कल्लाने आफ्नो घरमा बस्छ तर थुप्रै ऋण र जग्गा जमिन विक्री भएकाले व्याज तिर्ने गाह्रो भएको हुन्छ । त्यही ऋणको समस्याले पिरोलिएर कल्लाने भारत जान्छ । भारतमा ३ वर्षसम्म बस्छ । त्यहाँ कमाएको पैंसाले व्याज तिर्न र खान ठीकै हुन्छ । विचरा, कल्लाने श्रीमतीसँग बस्ने रहर हुँदाहुँदै बाध्य भएर विदेसिन्छ । गाउँबाट आउने मानिसहरूलाई आफ्नी श्रीमतीको खबर सोध्छ । उता उसकी श्रीमती ढुल्ली पनि जवान भएर बस्छे ।

विभिन्न विवाह, व्रतबन्ध, छैंटीमा गई, न्याउले खेल खेल्छे । पूर्ण जवानीमा उम्लेकी ढुल्ली समकक्षी पुरुष सखीको खोजीमा भौतारिँदै रहँदा गाउँकै केटासँग विवाह गर्छे ।

यसरी ठूलो सानमानका साथ विवाह गर्ने, बाहिरी देखावटी रूपमा हाउभाउले भित्र ऋणले पिरोलेको हुन्छ । केही रहर र वाध्यताले विवाह गर्ने कल्लाने त्यही ऋणका कारण आफ्नो अर्धाङ्गिनीसँग बस्न नपाई विदेशिन्छ । त्यो ऋण तिर्न नपाउँदै उसकी श्रीमती अर्को तन्नेरीसँग पोइल जान्छे । ग्रामीण क्षेत्र सर्वसाधारणमा विवाह पनि समस्या देखिन्छ । एकातर्फ विवाह नगरी नहुने, अर्कोतर्फ विवाह गर्दा विदेशिनु पर्ने बाध्यता देखिन्छ । पूर्ण जवानीमा रहेकी तरुनी श्रीमतीले आफ्नो यौवनको रस चुस्न नपाउँदा विकल्प रोज्नुपर्ने स्थिति पनि स्पष्ट पारिएको छ । समाजमा आफ्नो मान-मर्यादा इज्जत, प्रतिष्ठा बचाउन जुन ऋण लगाइन्छ , त्यसले एकतर्फ जिन्दगीभरी ऋणी बनाउँछ भने अर्कोतिर घरबार पनि विगार्दछ । घरबार जोड्न ऋण जगाएर गरिने जन्त नभएर घरबार अन्त हो ।

### ४.१.३७ 'जन्त' कथाभित्रको दृष्टिबिन्दु

प्रस्तुत 'जन्त' कथामा कथाकार पद्मराज जोशी बाह्य सीमित तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरेका छन् । 'प्रभात' ले स्थानीय ग्रामीण पात्रलाई समातेर कथा सिर्जना गरेका छन् । कथा ग्रामीण पात्र कल्लाने प्रमुख पात्रको रूपमा देखिन्छ । कल्लानेकै सेरोफेरोमा उक्त कथाको विषयवस्तु घुमिरहेको छ । सहायक पात्रको रूपमा कल्लानेका बुवा, खुइरे मुखिया, ढुल्ली र कल्लानेकी आमा देखिन्छन् । आजभोलि कल्लाने पनि ठूलो भइसक्यो । कल्लानेका लागि दुलहीको मगनी गर्ने ऊ पल्लागाउँ गयो । खुइरे मुखिया लेकमा खर्क गएको रहेछ । घरमा उहाँ श्रीमतीमात्र रहेछन् । खुइरेकी श्रीमती भित्रबाट बाहिर आएर सोधपुछ गर्न थालिन् । कल्लानेको बुवाले भन्यो- जोडीपिडीका मेलमिलाप भएका इष्टमित्रबाट तपाईकी छोरी छन् भन्ने सुने । ढुल्लीका बुवा घरमा हुनुहुन्न र खर्क जानु भएको छ । आज आउँला भनेर भन्नुभएको थियो । भित्र गएर अगेनामा आगो ताप्नुहोस् । उहाँ आइहाल्नु होला भन्ने वाक्यबाट सम्बोधित वा द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ ।

### ४.१.३८ 'जन्त' कथाभित्रको भाषाशैली

'जन्त' कथामा कथाकार पद्मराज जोशी ' प्रभात' ले आधा स्थानीय आञ्चालिक डोटेली भाषाको प्रयोग गरी त्यस क्षेत्रका सर्वसाधाराणलाई बुझ्न सजिलो बनाएका छन् र अर्कोतिर त्यसै भाषालाई नेपालीमा उल्था गरी सबै नेपाली भाषा बुझ्ने मानिसले सरल र सरस तरिकाबाट बुझ्ने भन्ने उद्देश्यले नेपाली भाषालाई बराबरी गरेका छन् । जस्तैः हेद्दी धैं कल्लान्याकी इजा, फलानेका चेलाको त कति निको जन्त । हेर त कल्लानेकी आमा अमुक व्यक्तिको छोराको विवाह कति राम्रोसँग भइरहेको छ । कल्लान्या नान्कै छ्यो । ( कल्लाने सानै थियो) उइका ब्वाको एक्लै चेलो । (उसको बावुको एउटै छोरो) ज्याद्लै प्यारो छ्यो कल्लान्य उइका ब्वा जैलजैल गाउँ घरमी जन्त भ्या बेला उ जन्ति भैपट जन्त जान्छ्यो तैलतैल यसो भ्या मेरा चेलाको लै हुन पाया हुन्छ्यो भनिपट उइका मनैनी खुल्दुली मुल्तुल हुनीरैछ । (उसको बावु जबतब गाउघरमा विवाह भएको समयमा उ जन्ती भएर जान्थ्यो तबतब यस्तो विवाह मेरो छोराको समेत हुन पाए हुने थियो भनेर उसको मनमा अनेक तर्कवितर्क हुँदोरहेछ) । यसरी कथाकार जोशीले पहिले डोटेली भाषामा एउटा वाक्य पूरा गरेपछि नेपाली भाषामा कोष्ठकमा लेखेर सबैलाई सजिलै बुझ्न सकिने बनाएका छन् । कथामा पात्रको नाम पनि ग्रामीण क्षेत्रमा प्रयोग हुने कल्लाने, उदे, ढुल्ली, खुइरे मुखिया

राखेका छन् । त्यस्तै ग्रामीण क्षेत्रमा बोलिने र दैनिक जीवनयापनमा प्रयोग हुने दही, मही, खरक, गोठ, झाहा, टाम्का, जोणीताल, नरसिंगा, हुणक्या, सनाई आदि बाजागाजाको पनि प्रयोग गरेका छन् । उच्चस्तरीय भाषाको त्यति प्रयोग देखिदैन ।

## ४.२ "पहाडकी सौराइँ" उपन्यास भित्रका विशेषता

पद्मराज जोशी 'प्रभात' को आख्यानहरू भित्रको एउटा भाग उपन्यास कृति 'पहाडकी सौराइँ' प्रकाशित छ । यस कृतिलाई सौराइँ प्रकाशन धनगढीले वि.सं. २०६४ सालमा प्रकाशित गरको छ । यस कृतिभित्र सुदूरपश्चिमाञ्चलको धार्मिक, सांस्कृतिक, भौगोलिक, सामाजिक र केही ऐतिहासिक विषयवस्तुलाई समेटेको छ । नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका जनताहरूले जीवनमा भोग्नुपरेका समस्याहरूलाई कथावस्तु बनाएर या पात्र र घटनाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

यसै आधारमा यस उपन्यासभित्र निम्न विशेषताहरू रहेका छन् । यस उपन्यासमा धेरै ठाउँमा प्रथम पुरुषीय केही केन्द्रीय आन्तरिक दृष्टिबिन्दु देखाइएको छ भने, थोरै ठाउँमा तृतीय पुरुषीय बाह्य दृष्टिबिन्दु देखाइएको छ ।

### (क) चरित्र (पात्र)

प्रस्तुत उपन्यासमा उपन्यासकारले सीमित पात्र मार्फत् उपन्यास रचना गरेका छन् । यस उपन्यासको प्रमुख पात्र विजय रहेका छन् भने सहायक पात्रका रूपमा उनीसँगै यात्रा गर्ने सकुन्तला, मनोज, उमेश र केही क्षणिक पात्रको रूपमा जयानन्द भट्ट, गम्बिरे, ठूलाबुवा, ठूलीआमा र बाह्मण देखिएका छन् ।

### (अ) विजय

विजय काठमाडौंबाट अनुसन्धानका क्रममा सुदूरपश्चिमको डोटीमा पुगेको प्रमुख व्यक्ति हो । ऊ एक साधारण ब्राह्मण परिवारमा जन्मेर पनि आर्थिक रूपमा कमजोर रहेको छ । आमाको असहमतिबाट पनि १५ वर्षको उमेरमै हाटमा १५ दिनको कठिन यात्रा गर्ने साहसी पात्र हो । यात्राका क्रममा ऊसँग भेट भएका पण्डित जयानन्दसँग भेटको क्रममा भुवपर्व (कार्तिक महिनामा सुदूरपश्चिममा मनाइने पर्व), गौरापर्व, चाडपर्व, लोकसंस्कृति आदिकोबारे जानकारी राखेको हुँदा जिज्ञासु स्वभावको मान्न सकिन्छ । ब्राह्मण जातिले

अरुको भान्साको खाना नखाने, खाना आफैले पकाउनु पर्ने, खाना पकाउँदा अर्को शुद्ध र सफा लुगा लगाउनुपर्ने, ब्राम्हण जातिलाई उमेरले सानो भएपनि खुट्टा ढोग्ने प्रवृत्तिको जानकारी पाउँछ । यसरी यस उपन्यास उसैको सेरोफेरोमा घुमिरहेकोले ऊ केन्द्रीय पात्र हो र आफ्नो लक्ष्यमा पुग्न सफल भएको छ ।

**(आ) उमेश**

उमेश विजयको यात्राका क्रममा साथ दिने एउटा सहायक पात्र हो । ऊ पनि एउटा जिज्ञासु पात्र हो । उसले तेलेको लेकको रमणीय प्राकृतिक सौन्दर्य देखेपछि उसका मनमा थुप्रै जिज्ञासा उत्पन्न हुन्छन् । त्यो रमणीय तेलेको लेकको बारेमा जान्ने इच्छा जाग्दछ । त्यसको बारेमा विजयसँग अनेक प्रश्न गर्दछ र विजयले पनि त्यसको जिज्ञासा मेटाउन उत्तर दिँदै जान्छ ।

**(इ) शकुन्तला, मनोज र ममता**

यस उपन्यासमा अनुसन्धानका क्रममा देखिएका छजना विश्वविद्यालयका विद्यार्थी नै हुन् । तिनीहरू आफूले देखेको प्रत्येक नौलो स्थान र विषयवस्तु बारेमा जान्ने चाहना राख्दछन् । विजयको गाउँमा पुगेका उनीहरू प्रश्नकर्ता र श्रोताको रूपमा जानकारी पाउने गर्दछन् । उपन्यासको सुरुदेखि अन्त्यसम्म देखिएका यिनीहरू सहायक पात्रको भूमिका देखिन्छ ।

**वातावरण**

उपन्यासकार पद्मराज जोशी 'प्रभात' ले यस 'पहाडी सौराइँ' उपन्यासको मूल स्थल सुदूरपश्चिमाञ्चलको डोटी जिल्लाको सेरोफेरोलाई लिएका छन् । डोटी जिल्लाको छेउछाउमा रहेका गाउँघर, वन, जंगल, नदी, हिमाल, पहाड, तेलेको उकालो, ओरालोदेखि दिपालय हुँदै कैलालीको मालाखेती, ओलानी, मछेली नदी, धनगढी आदि क्षेत्रलाई समेटेको छ । नेपालको भौगोलिक दृष्टिले सुन्दर र भरिपूर्ण छ तर बाटोघाटो र विकास र सुविधाको निकै अभावको अवस्था देखाइएको छ । विशेषगरी पहाडी ग्रामीण जनजीवनको वास्तविक दिनचर्या र तिनीहरूले भोग्नुपरेका समस्याहरूलाई स्पष्ट पारेको छ । दैनिक उपभोग्य वस्तु

लिनको लागि १५ दिनको कठिन पैदलयात्रा गर्नु परेको बाध्यात्मक परिस्थिति छ । साथै यहाँको लोकसंस्कृति र धार्मिक, ऐतिहासिक आदि पक्षले यो क्षेत्र धनी रहेको छ ।

**(ख) दृष्टिबिन्दु**

प्रस्तुत उपन्यासको प्रमुख पात्र विजय यस उपन्यासको कथयिता हो । उसले देखेका र भोगेका सबै घटना र पक्षहरू उनकै मुखबाट स्पष्ट पारिएका छन् । उसले १५ वर्षको कलिलो उमेरमा गरेको कठिन हाट यात्राका क्रममा तेलेको उकाली, ओराली गरेका कुरालाई विशेष महत्वका साथ प्रस्तुत गरिएको छ । विजय 'म' पात्र भएकोले उसैको सेरोफेरोमा कथा घुमेकोले केन्द्रीय आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग रहेको छ । यस उपन्यासमा कथयिताले 'म' पन्ध्र वर्षको थिएँ । तल्लो मल्लो गाउँका सबैजना हाट जान थाले । ..................................... मैले पनि हाट जाने विषयको थाहा पाएँ । मैले पनि आमासँग हाट जान्छु भन्ने कथयिताको भनाइबाट बुझिन्छ । साथै, कतैकतै सामान्य रूपमा तृतीय पुरुष (बाह्य) दृष्टिबिन्दु प्रयोग गरिएको छ । हाट जानेबेला लट्याङ्गोले श्रीमतीसँग सोधेछ, भन् हाटबाट तिमीलाई के ल्याईदिनु ? .................................. उनकी श्रीमती चलाख रहिछिन् ............... भो भो यत्ति नै भन्या मान ।" भन्ने वाक्यबाट तृतीय पुरुष दृष्टिबिन्दु रहेको बुझिन्छ ।

**(ग) भाषाशैली**

यस 'पहाडकी सौराइँ' उपन्यासमा सामान्य नेपाली भाषाको सरल र सहज रूपमा भए पनि धेरै ठाउँमा डोटी जिल्लाको स्थानीय आञ्चालिक भाषिकाको प्रभाव देखिन्छ । यहाँको ग्रामीण परिवेशका पात्रहरूसँग अनुकूल भाषा पाइन्छ । ग्रामीण परिवेशमा विशेषगरी घाँस, दाउरा, गाई, भैसी, खेतीपाती, मेलापात गर्ने भएकाले उक्त अवसर गाइने ठाडी भाखाको गीत देखाइएको छ । "पानीमा बस्नु माछासँग के दुस्मनी गर्नु ?" जस्ता उखान पनि प्रयोग भएका छन् । धेरै ठाउँमा स्थानीय भाषा प्रयोग भएका छन् । जस्तैः "हेर गोसाँइ त्यै दुःखले मेरो मन खायाको खायई छ । अब त हामीले दुई छाक खाइवर मद्दु कैल होला? कै बेला त मान्न । इनु देउ देउता पनि त्यसाइरैछन् हुन्या खान्याकाई लागि रैछन् ।"

त्यसैगरी केही हाटबजार गर्दा बनियाँहरूको स्पष्ट हिन्दी भाषा प्रयोग भएको छ । नेपालीहरूले स्पष्ट रूपमा हिन्दी भाषा पनि नजान्ने तर बाध्यताले बोल्नुपर्ने हुँदा अशुद्ध भएको छ । जस्तैः "लाला नुनका भाउताउ कैसा लगाया है ? क्या है कैसा है ? तुम सस्ता

देता है त तुमारी साथ लेता है तुम सस्ता नही देता है त दोस्राकी साथ जाता है ।" यसरी नेपालीहरूले जानी नजानी हिन्दी भाषा प्रयोग गरी व्यापारी सामग्रीको मूल्य सोध्छन् । स्थानीय होस् वा हिन्दी भाषा या गीतमा व्याकरणात्मक दृष्टिले प्रशस्त त्रुटिहरू देखिन्छन् । व्यंग्यात्मक प्रतीकात्मक शब्दहरूको सामान्य प्रयोग यसमा भएको छ । कतै कतै तत्सम् र तत्भव् शब्द र केही अंग्रेजी र हिन्दी भाषाको शब्दहरूको डोटेली भाषामा छाप देखिन्छ ।

## ४.३ 'पहाडकी सौराइँ' उपन्यासभित्रको सामाजिक विशेषता

पाँच परिच्छेद्मा विभाजित यस उपन्यासको पहिलो खण्डमा पात्र विजयले आफ्ना साथीहरूको प्रश्नका आधारमा उत्तर दिएका छन् । साथीहरूको प्रश्नहरू विजयको बाल्यकाल वितेको ठाँउको वर्णन रहेको छ ।

विगतका साथी मनोजको जिज्ञासाको आधारमा स्थानीय तेलेको लेकको वर्णन रोमाञ्चक ढंगबाट गरेका छन् । वर्णनका क्रममा विजय आफ्नो बाइस वसन्त यही बिताएको बताँउछ । यो लेक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको होचो महाभारत श्रृङखला भएको बताउँछन् ।

गाँउमा सबै मिलेर एक अर्काको मिलेर पालैपालो पर्सो (गाइगोरुको गोबर मल) बोक्ने पर्सो बोके बाफत् पारिश्रमिक नलिने र कसैले लिएमा गाउँमा उसलाई कसैले राम्रो नमान्ने कुराको रोमाञ्चक ढंगबाट वर्णन छ ।

पर्सो बोक्ने कार्य समाप्त भएपछि हाट जाने चलन छ तेलेको लेकको वर्णनपछि विजय हाट यात्राको वर्णन गर्छ । आफू १५ वर्षको उमेर भएको बेला आफ्ना वरिपरिका छिमेकीहरू हाट गएको र आफूलाई पनि इच्छा पलाएको छ । आमाको असहमतिबाट पनि केही सीप नलागेपछि विजय पनि हाट जान्छ । हात जाँदा बाटामा भोग्नु परेका समस्याहरू पनि थुप्रै छन् । दिनभरी डोकोमा नुन बोक्नु पर्ने, साभँ बासबस्ने ठाँउ उचित नभएकोले खुला आकाशमुनि सुत्नु पर्ने वाध्यता छ । धेरै दिनको पैदल यात्रापछि भारतको विभिन्न ठाउँबाट नेपालमा व्यापार गर्ने उद्देश्यले आएका भारतीयहरूले पसल थापेको ठाँउ फल्डेउ रहेछ । नेपालीहरू उनीहरूसँग जानी नजानी व्यापार कार्यलाई सजिलो बनाँउन हिन्दी बोल्दा रहेछन् । त्यहाँको व्यापारीहरू नेपालीहरूमाथि नाप जोख गर्दा काँटा मार्ने (ठग्ने) प्रवृत्ति वर्णन छ । हाटबाट भएपछि  नासोको रूपमा गुड र मिठाइ गाँउभरि बाँड्ने चलन रहेछ ।

### (क) सामाजिक अवस्था

उपन्यासकार जोशीले पहाडकी सौराइँमा पडाडको अवस्था र वस्तुस्थितिको वर्णनमा त्यहाँको जीवनशैली पनि प्रस्त पारेका छन् । पहाडमा डोको, डालो, घाँस, दाउरा, सामल-तुमल को व्यवस्थाको पनि देखाएका छन् । त्यस ठाँउमा आधुनिक मिलको व्यवस्था नभएकोले तेल पेल्न कोल र खाद्यवस्तु पिस्न पानीघट्टको चलन रहेको छ । प्रायः प्रत्येक घरमा कुकुरको व्यवस्था पनि भएको र यसले चौकीदारको काम पनि गर्ने रहेछ ।

### (ख) सामाजिक समस्याः

गाउँका अधिकाँश जनताहरू गरीबीको रेखामुनि रहेकाले त्यहाँका मानिसहरू जीवनलाई सजिलैसँग चलाउन भारत माने र त्यहाँ केही पैसा कमाएर फर्कने चलन छ । भारतबाट फर्केपछि उनीहरूसंगै HIV को संक्रमण पनि आउँदो रहेछ । त्यसको आक्रमणबाट श्रीमान् र श्रीमतीको मृत्यु हुने र बालबालिका टुहुरा हुँदा रहेछन् । यस्ता टुहुरा बालबालिकालाई सहयोगका लागि विभिन्न NGO/INGO को जन्म भएको रहेछ जसले सहयोगको नाममा सुनपानी छर्के जस्तै छर्की आफू मोटाउने प्रवृत्ति रहेछ ।

अर्कोतिर ठूलाबडा जमिनदारहरू कमजोर र निमुखा व्यक्तिमाथि ज्ञन र शोषण गर्नपछि नपर्ने कुराको पनि प्रष्ट पारेका छन् ।

गाँउका विम्मुबाल भनाउँदाको रजाइँले गर्दा छोराहरूको विकृत्ति र मनपरी चल्दोरहेछ । साना र कमजोर वर्गमाथि ज्ञन गर्न, पिट्न र मार्न पनि पछि नपर्ने राक्षसहरू अरुकी राम्री चेलीबेटी देखेपछि आँखा गाड्ने र दुईतीनवटा पनि विहे गर्ने चलन रहेको छ । यस्ता कार्यको घरका मुखियाहरुले भ्n प्रोत्साहान दिएको पनि देखिन्छ ।

## ४.४ पहाडकी सौराइँभित्रको ऐतिहासिकः विशेषता

पद्मराज जोशी ‘प्रभात’ को यस पहाडकी सौराइँ उपन्यासमा अर्को विशेषता इतिहास हो । यसमा कर्णाली नदीको उत्पत्ति, तिब्वतको मानसरोवरबाट भएको उल्लेख छ । कर्णाली नदीकै नामबाट कर्णाली अञ्चलको नामाकरण भएको हो । यस कर्णाली अञ्चलमा नेपाली भाषाको पहिलो शिलालेख पनि भेटिएको छ । मानसरोवर नजिकै राक्षस ताल पनि रहेको र त्यसतालमा सर्वप्रथम रावणले स्नान गरेकोले यसलाई राक्षस ताल भनिएको हो । त्यस तालमा स्नान गर्दा कर्मनाश हुने हुँदा यसलाई कर्मनाशा भनिएको हो । विस्तारैपछि

कर्मनाशा शब्द अपभ्रंस भएर कर्णाली भएको कुरा पनि उल्लेख छ । कर्मनाशा अपवित्र मानिन्छ तर मानसरोवरको पानी मिसिएपछि यसलाई पवित्र मानिन्छ । कर्णाली हिन्दूहरूको इतिहासलाई बोकेको छ। भगवान रामले सीता र लक्ष्मणको वियोगमा यसै कर्णालीमा हामफाली आत्महत्या गरेर पछि लक्ष्मण, भरत र शत्रुघनले पनि यसैमा हामफाले भन्ने किंवदन्ती छ ।

## ४.५ पहाडकी सौराइँ भित्रको धार्मिक विशेषता

उपन्यासकारको यस यपन्यासमा अर्को पक्ष धार्मिक रहेको छ । यस पहाडकी सौराइँ उपन्यासमा गण्डीगढ सामान्य नदी नभई स्कन्द पुराणमा उल्लेख भएको मानसखण्ड अन्तर्गतको गण्डकी नदी भएको उल्लेख छ । उक्त स्कन्द पुराणमा भूस्वर्ग खप्तडको पूर्वी मुहडाबाट प्रवाहित हुने पवित्र गण्डकी नदीमा तीन ओटा सहायक नदी मिलेको छ । पुराणमा फुलौटी गाडलाई क्रान्ति, चिनी गाडलाई बेलमती र छोलेगाडलाई मछुमती भनेर वर्णन गरिएको छ । यी तीनवटा नदी मिलेपछि गोँसेली गाड भनिन्छ जसलाई पुराणमा गोमती नदी भनेर व्याख्या गरिएको छ ।

त्यसैगरी धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्व बोकेको सेतो नदी हिन्दू मूल्य र मान्यताका आधारमा पवित्र नदीको नामले सम्बोधित गरिएको छ । कैलाश पर्वतबाट प्रवाहित हुने यो नदी चीनको ताक्लाकोट हुदै सैपाल हिमालको गर्भ ग्रहबाट दक्षिणतिर सीता नदी प्रवाहित भएको वर्णन छ । स्कन्द पुराणको मानसखण्डमा सेती नदी महापुराण सीता नदी भनेर उल्लेख छ । राजा जनककी  छोरी सीताले यस नदीमा स्नान गरेका कारण यसलाई सेती नदी नामाकरण गरिएको हो । पछि सीता नदीबाट अपभ्रंस भइ सेती नदी नाम रहन गएको हो भन्ने उल्लेख पाइन्छ, भने अर्कोतिर महाभारतको द्वापर युगका घटनाक्रमलाई विषयवस्तु बनाएर कथा रचिएको छ । हस्तिनापुरका राजा शान्तनु देवब्रतलाई उनकी पत्नी गङ्गाले राम्रो लाडप्यार दिन नसकेको त्यसै क्रममा राजा वनविहार गर्न जाँदा नदीमा अत्यन्त सुन्दरी माझीकी छोरी डुङ्गा खियाउँदा राजा त्यसप्रति आर्कषित भएको वर्णन छ भने अर्कोतिर पाण्डवहरु वनवास र १ वर्ष अज्ञात वासको क्रममा कुमाउ, गढवाल हुँदै महाकाली नदी तरी डोटीको विभिन्न ठाउँमा बसेको उल्लेख  छ ।

कैलालीको घोडाघोडी माललाई पनि धार्मिक दृष्ट्रिले वर्णन गरेका छन् । उस पहाडकी सौराइँमा उल्लेख भएअनुसार कैलाश सबै देव-दिग्पालहरूको सर्म्पकस्थल भएकाले

भगवान विष्णु पनि लोक हितका लागि एउटा धाम हिमालयलाई बनाए । जसलाई बैकुण्ठ अर्थात् बद्रीनारायणका नामले चिनिन्छ । विष्णुको मूल स्थान समुद्र भएकाले गंगासागरको बाटो हुँदै सरयू नदी भएर कैलाली जिल्लामा केही समय विश्राम गरे । विश्रामकोक्रममा रमाइलो मानेर विष्णु र लक्ष्मी घोडा तथा घोडीमा सवार भएर तालको परिक्रमा गरे । त्यस प्रकृतिले भरिपूर्ण र पवित्र सरोवरको विहार गर्दा एकदिन घोडीलाई ऋतुकाल आएछ । त्यसबेला घोडा र घोडीका बीचमा प्रणय प्रेमका रतिक्रिया भएछ । त्यस घोडाको रतिकियाकलाको दृश्यले विष्णु र लक्ष्मीबीच पनि रति क्रिडा उत्पन्न भइ लक्ष्मी गर्भवती भइन् । एकातिर घोडीले बछेरो जन्माई भने लक्ष्मीले वीर नामक पुत्र प्राप्त गरिन् । यसैकारण यस तालको नाम घोडाघोडी रहन गएको कुरा उल्लेख छ ।

## ४.६ 'पहाडकी सौराइँ' भित्रको राजनीतिक विशेषता

पद्मराज जोशी 'प्रभात' ले यस उपन्यासमा राजनीति गर्ने नेताहरूलाई पनि त्यतिकै औंल्याएका छन् । जनतामाथि शासन गर्छु भन्ने जनताका प्रतिनिधिहरू इमान्दार नभएमा जुनसुकै मुलुक पनि नेपालकै हालत हुने कुरा व्यक्त गरको छन् ।

नेताका नाम बोकेका राष्ट्रका कु-पुत्रहरू चुनाव जितेको पाँचवर्षपछि मात्र अर्को चुनावमा भोट माग्न फर्कने गर्दछन । यो एक्काइसौं शताब्दीका नेपाली नेताहरू अठारौं शताब्दीको जिम्मिदारी, सामन्ती र शोषण र झन प्रथाका अनुयायी भएका छन् । चुनाव लड्न आउँदा झोलामा पैंसा बोकेर आउँछन । खसी, कुखुरा, रक्सीमा पैंसा खर्च गरी भोटरहरू किनेर पुनः राजधानी पस्छन । राजधानीमा पनि गुण्डाजस्ता कार्यकर्तालाई मोटाउने कार्यमात्र रहेको, जनताको जीवनस्तर सुधार्न र विकासपट्टी चासो नदिने र त्यसमा खर्च नगर्ने नेपाली राजनीति र सोझा जनताको दुःखद परिस्थितिको उल्लेख गरिएको छ ।

## ४.७ 'पहाडकी सौराइँ' भित्रको सांस्कृति विशेषता

प्रत्येक ठाउँको समाज र जातको आ-आफ्नै चालचलन र संस्कृति हुन्छ । पहाडकी सौराइँ उपन्यासमा साहित्यकार जोशीले सुदूरपश्चिमको संस्कृतिलाई उल्लेख गरेको छन् । उनले सुदूरपश्चिमका गाउँ समाजमा मनाइने चाडपर्व र संस्कृतिको रमाइलो पाराले वर्णन गरेका छन् ।

त्यस क्षेत्रमा मानिसहरू घरबाट कुनै शभुकार्य वा यात्रामा अगाडि बढ्दा अक्षताले ( दहीचामल) झोला, गुण्टो, डोको पुज्ने र टीका लगाई बिदा गर्ने परम्परा छ । यात्रा गर्दा माछा, हरियो घाँस, दूबो, दहीलाई सगुनको प्रतीक मानिन्छ भने पानीले भरिएको वर्तन, सफा गरी राखेको लुगा देखेमा शुभ साइत मानिन्छ तर पकाएको जुठो भाँडा रित्तो गाग्री वा भाँडो, दाउरा, पर्सो(मल) देखेमा अ-शुभ साइत मानिने यस ठाउँको परम्पराको वर्णन गरका छन् ।

त्यस्तैगरी ब्रतबन्ध भइसकेको पुरुष वा महिलाले अरुले पकाएको वा छोएको भात, दाल नखाने र आफूले मात्रै लुगा फुकालेर सफा लुगा लगाई शुद्ध ठाउँमा पकाएको खानामात्र खाने यहाँको परम्परा छ । एउटा अनौठों संस्कार के छ भने विवाहित बुहारीले पकाएको खाना घरका सासु-ससुरालाई चल्छ । त्यो पनि रजश्वला भइसकेपछि गौदान गरेर कुश र सुनले बुहारीको जिब्रो तानेर पञ्चगव्य खुवाएर भान्सा हालिन्छ । अर्कोतर्फ विवाहित छोरीले पकाएको दालभात बुवाले खान निषेधः मानिन्छ । आमाबुवा विवाहित छोरीले पकाएको भातदाल खाँदैनन्, किनभने उनीहरू वंशबाट छुटेर गइसकेकी हुन्छिन् । एउटै दिदीबहिनी भए पनि एउटै वंशमा विवाह भएको छ भने मात्र दुईटा दिदीबहिनीमा भात चल्छ । तर अलग-अलग वंशमा छोरीको विवाह भएको छ भने भातदाल नचल्ने यस क्षेत्रको अनौठो संस्कार रहेको स्पष्ट छ । ब्राम्हण जातिलाई पवित्र जात मानेर गुरु भन्दै खुट्टा ढोग्ने परम्परा रहेको छ । तमाखु खाँदा सुल्पाको पुच्छरमा लगाइने कपडाको स्वापी अरुले प्रयोग नगर्ने र त्यसलाई जुठो मान्ने संस्कार पनि रहेको भेटिन्छ ।

त्यसैगरी विवाहको शुभ साइत ब्राम्हणलाई हेराएर जन्ते दाउरा काट्ने, पात टिप्ने ( टपरीको लागि), कोल पेल्ने चलन छ भने बैशाख संक्रान्तिका दिन बिसुपर्व मानेर भिना साली, देवर भाउजुबीच सिस्नु चिलाइ रमाइलो गर्ने पनि यहाँ गरिन्छ ।

यसरी सुदूरपश्चिम आफ्नै संस्कार र चलनमा रमाउने स्थलको रूपमा चिनिन्छ । संस्कृति कुनैपनि जाति, ठाउँ र स्थानमा मनाइने चाडपर्वहरू हुन् । त्यो चाडपर्वले निश्चित स्थान र जातिको पहिचान गराउँछ । त्यसैगरी सुदूरपश्चिम पनि विभिन्न कला र संस्कृतिको धनी ठाउँ भन्ने कुरा यहाँका कला र संस्कृतिले झल्काउँछ ।

सुदूरपश्चिमको संस्कृति मध्येको भुवा पनि हो । यसको उत्पत्ति कहिले देखि भयो भन्ने स्पष्ट नभए पनि द्वापर युगमा कौरव र पाण्डवबीच भएको शस्त्रको युद्धमा भएको भन्ने भनाइ पाइन्छ । यस भुवा विसुपर्वमा दाँया- हातमा र बाँयाहातमा ढाल भएकोले पनि

युद्धको पूर्व तयारी हो र लडाकु उत्पादन गर्ने र रणकौशल सिकाउने सशस्त्र माध्यम बन्न पुग्यो । यो विशेषगरी असोज कार्तिकतिर मनाइन्छ । गाउँका रजवार, मुखिया, ठूलावडाको विषयलाई लिएर जेपनि भन्न र गाली गर्न पाइने पर्वको रूपमा लिइन्छ । यस वर्षमा मलाई अपमान वा गाली गऱ्यो भनेर गुनासो गर्ने ठाउँ रहँदैन । विशेषगरी फोहोर र अश्लील शब्दको प्रयोग गरिने हुँदा यहाँ महिला जातिको उपस्थिति हुँदैन ।

यसैगरी सुदूरपश्चिमको अर्को संस्कृति रहेको छ 'गौरापर्व' जुन पर्व हिन्दू नारीहरू आफ्नो सु-सौभाग्यका साथै पतिको दीर्घ सु-स्वास्थ्यको कामनाका साथ गरिने अनुष्ठान हो । यो पर्व सधुवा नारी आफ्नो पतिको कुशलताका लागि र विधवा स्त्रीले आफ्नो दिवंगत पतिको आत्माको शान्तिको लागि यो ब्रत बस्ने गर्दछन् । यस पर्वमा भाद्र शुक्ल पञ्चमीका दिन शुद्ध भएर पञ्च अनाजलाई ताम्रपत्रमा धोई सफा गरी क्वाटी बनाइन्छ । यही पञ्च अनाजलाई सामूहिक रूपमा धुनेकाम गरिन्छ । त्यस बखतमा फागु गाइन्छ । त्यो गाइने फागु गौरी देवीको जीवन गाथा हो । शिवपार्वती जीवन गाथामा आधारित ती फागुहरूले वेद र पुराणको भावना बोकेको हुन्छ ।

सप्तमीका दिनमा सबै नारीहरू जम्मा भई बाजागाजाका साथमा बलु (जमिनमा उम्रने बोट) पूजाको ठाउँमा जान्छन् । यसरी सुदूरपश्चिम समुदायमा गौरा एक पर्वको रूपमा लिने गरिन्छ । क्रमिक रूपमा यसले राष्ट्रिय चाडको रूपमा लिइएको बुझिन्छ । यस क्षेत्रमा देखिएका चाडहरूमा यो सबैभन्दा ठूलो मानिन्छ ।

# पाँचौ परिच्छेद

## उपसंहार

पद्मराज जोशी ' प्रभात' को जन्म नेपालको सुदूरपश्चिमाञ्चल अन्तर्गत पर्ने सेती अञ्चलको डोटी जिल्लाको पोखरी गाविस वडा नं. १ देउरामहल गा.वि.सं. मा २०१६ साल माघ ४ गते भएको हो । प्रकृतिको सुन्दर काखमा जन्मेका जोशीले चौध वर्षको उमेरमा पुग्दा पितृशोक बेर्होनु पऱ्यो । दुर्गम पहाडी गाउँमा आफ्नो बाल्यकाल बिताएका जोशीले त्यहीको सेरोफेरोमा रही साहित्य सिर्जना गर्न थाले । सहरको अस्वस्थ वातावरण र कोलाहलबाट टाढा रहेका जोशीको मूल साहित्य स्रोत लोकसाहित्य, लोककथा, लोकगीत आदि नै रह्यो । त्यसैलाई थप साहित्यिक ऊर्जा दिनको लागि ग्रामीण जनका मुखबाट निस्केका भाका, लय, उखान टुक्का र आख्यान आदि नै  साहित्यका घत्लाग्दा विषयवस्तु बनेका छन् । बाल्यकालमा जंगलमा गाई, भैंसी, घाँस-दाउरा गर्न जाँदा गोठाला गोठालीले गाएका ठाडी भाकाबाट गीत र बाँसुरीको धुनबाट प्रभावित भएर उनले गुनगुनाउन थालेका हुन् र त्यही अवधिमा प्राथमिक कक्षामा अध्ययन गर्दै गर्दा साहित्य लेखनकार्य पनि सुरु गरेका हुन् ।

पढाइमा निकै मिहिनेत गर्ने जोशी अध्ययनमा सफल हुँदै जाने क्रममा सात कक्षामा पढ्दै गर्दा उनका बुवाको असामयिक निधन भयो । जसले गर्दा उनलाई ठूलो मान्छे बन्ने सपनाहरूमा धक्का लाग्यो । किन कि, उनी जेठा सन्तान भएको घरको सम्पूर्ण आर्थिक, पारिवारिक र सामाजिक जिम्मेवारी उनीमाथि नै थपियो । आफूमाथि परेको पारिवारिक आर्थिक भारलाई कम गर्न उनी आफ्ना भिनाजुसँग बैतडी जान्छन् । त्यहाँ उनले सरकारी कार्यालयमा सानो अस्थायी जागिर गर्दछन् । विभिन्न समस्या र कामको व्यस्तता हुँदाहुँदै उनको पढाइप्रति तीव्र इच्छा भएको हुनाले उनले प्राइभेट अध्ययन गरी भारतबाट स्नातकोत्तर तहको अध्ययन पनि पूरा गरेका छन् ।

विविध कारणले बाल्यकालमा उनीभित्र सुशुप्त अवस्थामा रहेको साहित्यिक प्रतिभा वि.सं. २०५० सालपछि मात्र प्रस्फुतिट हुन पायो । उनले औपचारिक रूपमा वि.सं. २०३६ सालबाट लेखन सुरु गरे पनि त्यसबेला कुनै पनि कृतिहरू प्रकाशित भएका देखिदैनन् । वि.सं. २०५० पछि मात्र उनका विभिन्न पत्रपत्रिकामा फुटकर लेख रचनाहरू प्रकाशित भएका छन्  । त्यही सेरोफेरोमा उनले 'नामसारी कथा संग्रह' (२०५७), सुदुरपश्चिमको

सांस्कृतिक अनुसन्धानात्मक लेख, लोकसंस्कृति र लोकगीतहरूको संगालो 'गौरापर्व एक परिचय' (२०५९) कृतिका रूपमा प्रकाशित भएका छन् । त्यसपछिका वर्षहरूमा उनले 'सुदूरपश्चिमाञ्चलको समाज र लोकसंस्कृति एक झलक' (२०६४) र 'पहाडकी सौराइँ' (उपान्यास) (२०६४) नामक कृतिहरू प्रकाशित गरेका छन् । त्यसका साथ-साथै विभिन्न पत्रपत्रिकामा उनले कथा, कविता, निबन्ध, सामलोचना पनि प्रकाशित गरेका छन् ।

पद्मराज जोशी 'प्रभात' को आफ्ना छुट्टै किसिमको व्यक्तित्व निर्माण गरेका छन् । त्यही व्यक्तित्वका कारण समाजमा सकारात्मक छाप परेको देखिन्छ । घरपरिवार, आफन्त, इष्टमित्र, साथीभाइ, गुरु, साधुसन्त र मान्यजनहरूबाट उनको व्यक्तित्व निर्माणमा सहयोग पुगेको देखिन्छ । जीवनको पाँच दशक लामो यात्रामा उनले साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व समान किसिमको देखिन्छ । पाँच दशकलामो यात्राबाट उनले समाज विविध किसिमका मानिसहरूको समूहबाट बन्ने कुरालाई बुझी साधारण, गरिब, अशिक्षित मानिसहरूलाई चेतनाको दियो जलाउन पनि सहयोग गरेका छन् । उनका लेख रचनाहरूमा समाजमा विभिन्न वर्ग र समुदायका मानिसहरूलाई चेतना फैलाउने किसिमका रहेका छन् ।

साहित्यका विविध विधामा कलम चलाउने पद्मराज जोशी 'प्रभात' एउटै विषयवस्तुलाई सबै विधामा खेलाउन जोशी निपूर्ण देखिन्छन् । ती विषयवस्तुका स्रोतहरूका रूपमा उनले आफ्नै सामाजिक धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पौराणिक र मनोवैज्ञानिक क्षेत्रलाई पनि लिएका छन् । सामाजिक विकृति, विसंङ्गति र अन्यायका विरुद्धमा लड्ने जोशीले त्यस्ता विभेदलाई कथा, उपन्यास, निबन्ध र उपन्यास र कवितामार्फत् चिरफार गरेका छन् ।

उनले आफ्ना कृतिहरूमा स्थानीय भाषाको प्रयोगका साथै विभिन्न धार्मिक शुभकार्य गर्दा, मागल, फागुन, चैत, गौरा, भुवा नाच, देउडा गीत, देउडा नाच, हुड्के नृत्य, विषु पर्व आदिको रोचक ढंगबाट विषय -वस्तुलाई वर्णन गरेका छन् । ती वर्षहरू किन र कसरी चलन चल्तिमा आए । त्यसको स्वरूप कसरी निर्धारण गरियो र त्यहाँका स्थानीय नदी, तालतलैया र हिमाल पहाडका नामाकरण कसरी रहन गयो भन्ने विषयमा पनि धार्मिक वा पौराणिक कारण स्पष्ट पारेका छन् ।

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र भनेर चिनिने यस ठाउँमा जीवनयापन गर्न निकै कठीन देखिन्छ । दैनिक उपभोग्य वस्तु खरिद गर्न जाँदा पनि कैयौं दिन लगाएर पैदल यात्रा गर्नुपर्ने बाध्यात्मक परिस्थिति देखिन्छ । उच्च ओहोदामा रहेका व्यक्तिहरू राजधानीका

ठूला महल र चिल्ला गाडीमा र ठूल्ठूला होटलहरूमा मोजमस्ती गरी रहेका हुन्छन् । तिनीहरूलाई जनतासँग कुनै किसिमको सरोकार नै हुँदैन । आफ्ना छोरीछोरीहरूलाई विदेशमा पढाउँछन् तर गाउँमा निमुखाका छोराछोरीहरूका लागि कक्षाकोठाको व्यवस्था छैन । विद्यालय पढ्ने बेलामा जंगल घाँस दाउरा र भारतमा जान्छन् । त्यहाँबाट फर्किदा एचआईभीजस्ता प्राणघातक रोग नासोको रूपमा ल्याएर आउँछन् । गास, बास र कपासको व्यवस्था स्वास्थ्य, शिक्षा भन्ने कुरा कुनै देशको कथाजस्तै हुन्छ । यस विषयमा पद्मराज जोशी 'प्रभात' ले सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका जनताहरूको लागि बरु विचार पुऱ्याएका छन् । आफ्ना आख्यानहरूमार्फत् त्यहाँका जनाताको वृत्तचित्र उतार्ने जमर्को गरेका छन् । सुदूरपश्चिमको जनजीवन र त्यहाँको अविकसित विकट पहाडी ग्रामीण क्षेत्रको सामाजिक यथार्थता देख्न पाइन्छ ।

# सन्दर्भग्रन्थसूची


- उपाध्याय, केशर प्रसाद, **साहित्य प्रकाश**, साझा प्रकाशन
- ओझा, देवीप्रसाद, गौरा, **लोकपर्वको धार्मिक पृष्ठभूमि, सुरभि**, गौरा विशेष, २०६१ ।
- गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान**, प्रथम संस्करण, (क्षितिज प्रकाशन २०६३)
- जोशी, पद्मराज, **नामसारी**, ? स्वयम् लेखक, २०५७ ।
- जोशी, पद्मराज, **पहाडकी सौराई**, धनगढीः सौराई प्रकाशन, २०६४।
- जोशी, पद्मराज, **संस्कार, संस्कृति र सभ्यताका दृष्टिकोणमा गौरापर्व**, देवाटवी, (वर्ष १५, अङ्क ५, २०६२) पृष्ठ ४५ ।
- जोशी, पद्मराज, **सुदूरपश्चिमको लोकसंस्कृतिमा भुवापर्वको महत्व,** महामाया, (वर्ष ५, अङ्क ५, २०६०) पृष्ठ ४७ ।
- जोशी, पद्मराज, **सुदूरपश्चिमाञ्चलको समाज र लोकसंस्कृति**, धनगढीः सौराई प्रकाशन २०६४ ।
- जोशी, पद्मराज, **गौरापर्व एक परिचय**, धनगढीः सुदूरपश्चिम संस्कृति प्रवर्द्धन समिति, काठमाडौंः प्रशंसा संरक्षण समूह, २०५९ ।
- प्रधान, कृष्णचन्द्र सिंह, **नेपाली उपन्यासकार र नेपाली उपन्यास**, (साझा प्रकाशन २०६१) चौथो संस्करण ।
- पोखरेल, बालकृष्ण (सम्पा.), **नेपाली बृहत शब्दकोश**, पुनर्मुद्रण, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२ ।
- बराल, कृष्णहरि र अरु, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौंः साझा प्रकाशन, दो.सं. २०५८ ।
- वराल, कृष्णहरि, नेत्र 'एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** तेस्रो संस्करण (साझा प्रकाशन २०६३)
- भुसाल, गुणाकर, **आधुनिक नेपाली आख्यान** (सं.) दोस्रो संस्करण (क्षितिज प्रकाशन २०६१)
- श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४**, दो.सं. काठमाडौंः साझा प्रकाशन, २०६०।
- शर्मा, डा. हरिप्रसाद, **कथाको सिद्धान्त र विवेचना** (ने.रा.प्र.प्र. २०५९)
- सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास र परम्परा प्रवृत्ति**, (साझा प्रकाशन दोस्रो संस्करण २०६४)